कल्पतरु

ISSN 3021-9531

१२०



कल्पतरु द्वैमासिकका आजीवन सदस्य

विशिष्ट आजीवन सदस्यहरू:

अच्यूत पुडासैनी, कुमारीगाल
अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरचन्द्र देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
उज्जवल घिमिरे, अष्ट्रेलिया
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, अर्घाखाची
ताराप्रसाद चपागाईं, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीगौडा
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्यान्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौँ
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

विशेष आजीवन सदस्यहरू:

अच्युतराम चालिसे, गोकर्णेश्वर
अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चपागाईं, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल दुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौँ
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
जेबी खत्री, इटहरी
दामोदर संजेल, गोकर्णेश्वर नपा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौँ
पारु तिमल्सिना, काठमाडौँ
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौँ
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौँ
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चपागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल, गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेसनल कलेज, गोकर्णेश्वर
लोकनाथ पुडासैनी, पोखरा
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाईं, गोठाटार
विष्णुप्रसाद जम्कटेल, बौद्ध
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
सुभाषचन्द्र पौडेल, भिमफेदी
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५
प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष २५ अङ्क २ पूर्णाङ्क १२० २०८३ असोज - कात्तिक

प्रकाशक/प्रधान सम्पादक
नवराज पुडासैनी 'ज्योत्स्ना'

कार्यकारी सम्पादक
सिद्धनारायण आचार्य

विशेष सम्पादक
गोकुल अधिकारी, मुकुन्द अर्याल
रेहित सैजु

सम्पादक
सुमन पुडासैनी 'मित्र',
उमेश तिमिल्सिना, राजन पुडासैनी
शशीश्री आचार्य

सम्पादन सहयोगी
वल्लवीदेवी अधिकारी

प्रविधि व्यवस्थापक
ई. सन्दीप ढुङ्गाना

कार्यालय व्यवस्थापक
रमेशमान श्रेष्ठ

संयोजक (चिल्लो पात)
सुशील आचार्य

सञ्जाल सहायक
राजेन्द्र श्रेष्ठ

संरक्षक सभा
कन्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'
बाजुराम पौडेल
वसन्त रिजाल

सल्लाहकार
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
विनोद नेपाल, महेशराज खरेल

प्रधान कार्यालय
गोकर्णेश्वर न.पा., वडा नं. ६
कुमारीभैरव चोक, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

रचना पठाउने इमेल ठेगाना
navarajpudasaini@gmail.com

फेसबुक/मेसेन्जर ग्रुप
कल्पतरु द्वैमासिक
कल्पतरु आजीवन सदस्य

Web: www .kalpatarupub .com .np

लेआउट
यदु उपाध्याय

मुद्रण /आवरण
नेपाल प्रिन्ट सपोर्ट, अनामनगर,

मूल्य : रू. २०० ।-

पुनश्चः

"कुकुरको पुच्छर जति वर्ष ढुङ्ग्रोमा राखे पनि बाङ्गाको बाङ्गै ।"

साहित्यिक पत्रकारितामाथि परेको सरकारको वक्र नजर सोझ्याउन सकिन्छ कि भनेर नेपाल साहित्यिक पत्रकार सङ्घका तर्फबाट ६ दशकभन्दा लामो साहित्यिक पत्रकारिता गरिसकेका व्यक्तित्वहरूले भगिरथ प्रयत्न गरेर आफ्ना समस्याहरू राख्ने प्रयत्न खेर गइरहेको छ । सरकारका सञ्चारमन्त्री साथै प्रेस काउन्सिल नेपालका अध्यक्षलगायतका सम्बद्ध पक्षहरूसम्म पुगेर साहित्यिक पत्रकारितामाथि मौजुदा सरकारमा पर्न गएका भ्रमहरू चिर्ने अनगिन्ती प्रयास तुहेका छन् ।

सम्पादकीय

निदाएकालाई पो बिउँझाउन सकिन्छ, निदाएको अभिनय गरेकालाई कसर सकिन्छ र ! लोकतन्त्रको पुनर्वहाली भएको पनि झन्डै चार दशक पुग्न आँटेको छ । तथापि, राष्ट्रको साँचो इतिहास बोक्ने साहित्यिक विधाको जननी साहित्यिक पत्रकारिता अर्थात् साहित्यिक पत्रिकाहरूप्रति आफ्नो दायित्वबोध गरेर ८/१० वर्ष अगाडिदेखि सरकारले दिँदै आएको लोक कल्याणकारी विज्ञापन प्रकाशित गरेबापतको रकम कटौती गरेर देश विकास गर्न हिँडेको हालको सरकारलाई हार्दिक बधाई, साथै शुभकामना पनि !

चेतना भया

भोटेकोसीको आँत अझै अघाएको छैन, कतिका वंश नाश भए । कतिका कोख रित्तिएका छन् । कति जोडीहरू एकल भए । कैयौं बस्ती उजाड भए । एकाध जो बाँचेका छन्, जिउँदै लास भएका छन् । धनजन मात्र होइन, मान्छेका कैयौं मन मरेका छन् ।

विकासको अन्धो प्रतिस्पर्धामा मान्छेले बिगाऱ्यो प्रकृतिलाई, हावापानी बिगाऱ्यो अनि बिगाऱ्यो आफ्नो बानी पनि ।

विकासको प्रतिस्पर्धामा ठुला भनिएका राष्ट्रहरूको कुकर्मको फल हामी भोगिरहेछौं बिचरा । उनीहरूले स्विकार्नुपर्छ कि हामी निर्दोष छौं । यसको क्षतिपूर्ति उनीहरूले गर्नुपर्छ र यस्ता प्रकृति विरोधी गतिविधि गर्न रोक्नुपर्छ । अस्तु ।

यस अङ्कमा

कविता/गीत/गजल

- एन. बी. दाहाल 'नवीन' / ६७
- जनार्दन खनाल / ४०
- नरबहादुर बि.सी. (बानियाँ) / ४८
- नवराज न्यौपाने 'मौन' / ४२
- नवशिला / २७
- बाबुराम न्यौपाने 'उत्स' / ६७
- वीना छेत्री / ४६
- शारदा पहाडी / ४८

कथा/लघुकथा

- रासा / १०
- निर्मलादेवी तिम्सिना 'कान्छी' / ३४
- दशराज शाक्य / ४७
- युवराज मैनाली / ७०

सम्पादकीय / २

पाठक-चक्षु

- बीपी इलामे / ४

लेख/निबन्ध/प्रबन्ध

- कन्चन पुडासैनी / ६९
- गोसा झापाली / २४
- डिल्लीराज अर्याल / ४३
- नवीन पौड्याल / ४९

समालोचना/समीक्षा

- ठाकुर शर्मा भण्डारी / २८
- शिव पलाँस / ३७
- सुनिता अधिकारी / ४१
- सुभाषचन्द्र पौडेल 'भीमफेदीया' /५६

संस्मरण

- गोविन्द पौडेल / ११

नियात्रा

- महेन्द्र चालिसे / १५
- विनोद नेपाल / ६३

बाल साहित्य

- अविरा भट्टराई / ६२
- नन्दाकुमारी चन्द / ६२

'कल्पतरु द्वैमासिक' को ११९ पूर्णाङ्कमा प्रकाशित स्रष्टा माधव काफ्लेको निबन्धमा प्राविधिक कारणले तस्बिर फरक पर्न गएकोमा क्षमाप्रार्थी छौं - सम्पादक

पाठक-चक्षु

एक पाठकको आँखामा कल्पतरुको ११९औँ अङ्क



✍ **बीपी इलामे**

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित 'कल्पतरु द्वैमासिक'को ११९औँ पूर्णाङ्क २०८३ साउन-भदौमा प्रकाशित अङ्क पढ्ने अवसर मिल्यो । आदिकवि भानुभक्त आचार्यलाई केन्द्र बनाई सुनौलो पृष्ठभूमिमा बालकृष्ण सम, मोतीराम भट्ट, विश्वेश्वरप्रसाद कोइराला, सिद्धिचरण श्रेष्ठ र विजय चालिसेलाई वरिपरि राखेर तयार गरिएको मुखपृष्ठ अत्यन्त आकर्षक छ । यी तस्बिरहरूले दिन खोजेको खास सन्देश कल्पतरुभित्र समेटिने साहित्यिक विविधता हो भन्ने सहज अनुमान गर्न सकिन्छ । गीत, गजल, मुक्तक, कविता, नियात्रा, कथा, लेख, निबन्ध, पुस्तक वार्ता, कृति समीक्षाका साथै बालसाहित्यलाई पनि उत्तिकै प्राथमिकताका साथ स्थान दिइएकाले कल्पतरु नामजस्तै साँच्चिकै सबै प्रकारका पाठकहरूका लागि कल्पवृक्षझैँ प्रस्तुत भएको छ ।

'विकासको कुहिरोमा हराएको समाजको आत्मा' शीर्षकको सम्पादकीयले साहित्य, शिक्षा, संस्कृति र मानवीय चेतनाको विकास आवश्यक रहेको सशक्त धारणा प्रस्तुत गरेको छ । सडक, पुल र भवनभन्दा मानिसको सोच र संस्कार महत्त्वपूर्ण हुने तर्क प्रभावकारी छ । राज्यले साहित्य र संस्कृतिमा लगानी बढाउनुपर्ने सुझाव पनि व्यावहारिक छ । साहित्यलाई समाजको आत्मा र मानवीय चेतनाको संवाहकका रूपमा स्थापित गर्ने प्रयत्नमा सम्पादकीय केन्द्रित छ । "सडकले यात्रा सहज बनाउँछ, साहित्यले यात्राको अर्थ बुझाउँछ", यस अङ्कको वैचारिक आधारसमेत बनेको देखिन्छ ।

युवराज भण्डारीको 'कटलफिस' कविताले आधुनिक मान्छेमा झाँगिएको भौतिक र उपभोक्तावादी स्वार्थप्रेरित प्रेम सम्बन्धलाई बिम्बात्मक रूपमा प्रस्तुत गर्दछ । कविता सटीक, सरल र ओझिलो छ तर कटलफिसको सट्टा स्थानीय बिम्ब प्रयोग भइदिएको भए मजस्तो सामान्य पाठकले शब्दकोश पल्टाउनु पर्दैन थियो कि भन्ने मनमा आयो ।

ज्ञानुवाकर पौडेलको गजलमा स्मृति, प्रेम र विगतप्रतिको आत्मीय आकर्षण प्रबल छ । रदीफ-काफियाको अनुशासनसँगै भावको निरन्तरता कायम गर्ने प्रयास गरिएको छ । व्यक्तिगत प्रेमानुभूतिबाट सुरु भएर स्मृति र सम्बन्धको मनोवैज्ञानिक आयामसम्म पुग्नु यसको विशेषता हो ।

हरिभक्त सिग्देल 'महेश'को 'अमर छु कि भैँ गरी' अनुष्टुप छन्दमा रचित कविता जीवन, हिंसा र मानवीय अहङ्कारमाथिको तीव्र प्रश्न हो । कविले मानिसभित्र बढ्दै गएको लोभ, अहङ्कार र युद्धप्रवृत्तिलाई विषवृक्षको बिम्बबाट चित्रित गरेका छन् । "युद्धको जड हो भूमि, ज्ञान बिर्सेर लाहुर" जस्ता भावले युद्धको आधारभूत मनोविज्ञानप्रति प्रश्न उठाउँछन् । छन्दात्मक अनुशासनमा लेखिएको यस रचनाको सामाजिक चेतना उल्लेखनीय छ ।

निर्मलादेवी तिम्सिना 'कान्छी' को स्वतन्त्र गजलमा सामाजिक यथार्थ, मानवीय संवेदना र जीवनमूल्यको पक्ष बलियो देखिन्छ । सरल भाषामा गम्भीर भाव व्यक्त गर्ने प्रवृत्तिले गजल पाठकसँग सहज सम्बन्ध स्थापित गर्छ । विशेषतः समकालीन समाजमा मानवीयता र संस्कारको क्षयीकरणप्रतिको चिन्ता गजलको अन्तर्धारा बनेको छ ।

प्रमोद नेपालको 'कालो बादलको साम्राज्य' कविताको शीर्षकले नै यसको अँध्यारो भावभूमि सङ्केत गर्छ । कालो बादलको साम्राज्य यहाँ प्राकृतिक दृश्यभन्दा बढी सामाजिक र मानसिक अँध्यारोको प्रतीक बनेको छ । कवितामा भय, असन्तोष, हिंसा र निराशाको वातावरण सघन रूपमा उपस्थित छ । रक्त, बादल र अन्धकारका बिम्बले समकालीन यथार्थलाई जीवन्त बनाइएको छ ।

दिनेशकुमार शर्माले पाँच मुक्तकहरूमा जीवनको दुःख, सङ्घर्ष, सम्बन्ध र अस्तित्वका विविध अनुभूति समेटेका छन् । यहाँ जीवनलाई पीडाबाट भागेर होइन, त्यसलाई सहेर अघि बढ्ने अनुभवका रूपमा प्रस्तुत गरिएको छ ।

पागल यात्रीले 'तिम्रो अर्को अनुहार'मार्फत भिडमा आफ्नी प्रमिका जस्तै कसैलाई देखेर झुक्किएको प्रसङ्ग उल्लेख गरेका छन् । उनी भन्छन्:

- तिम्रो झझल्को,
- तिम्रो अनुस्पथितिको उपस्थिति,
- तिमीजस्तै तिनी,
- केवल तिम्रो अर्को अनुहार रहेछ ।

अन्जु चालिसे 'रूपाञ्जली'को 'भाषाका दीप' आदिकवि भानुभक्त आचार्यप्रति समर्पित गीति कविता हो । 'भाषाका दीप फेरि आउनू, हाम्रो भाषा उज्यालो पार्नू' भन्ने भावले मातृभाषाप्रतिको अनुराग र संरक्षणको आवश्यकता अभिव्यक्त गर्छ जसका लागि उनले नयाँ भानुभक्तको आवश्यकता महसुस गरेकी छिन् । सरल, लयात्मक र बालमन अनुकूल भाषा यसको प्रमुख विशेषता हो । भानुभक्त आचार्यप्रतिको समर्पणले नेपाली भाषाको ऐतिहासिक विकाससँग वर्तमान पुस्तालाई जोड्ने प्रयत्न गरेको छ ।

पोखराकी स्रष्टा लक्ष्मी थापाका तीन मुक्तकहरूमा दोस्रो नम्बरको मुक्तक कमजोर जस्तो देखिए तापनि पहिलो र तेस्रो नम्बरका मुक्तकहरू सशक्त देखिन्छन् । त्यसमा पनि

तेस्रो मुक्तकले मुक्तककारको स्वाभिमानलाई प्रस्ट पार्दछः

नाफाको धारसँग बहन त नामन्जुर छ
सोकेसमा सजिएर रहन त नामन्जुर छ
आवश्यक परे कटाउँला बरु शिर
तर अत्याचार सहन त नामन्जुर छ

बुद्धिसागर पौड्यालको गीतमा सामाजिक सम्बन्ध, स्मृति, मानवीयता र समयको परिवर्तन भेटिन्छ । जीवनको आत्मीयता, अभिव्यक्तिको सहजता र बोलचालको भाषिक स्वादले रचनालाई पाठकमैत्री बनाएको छ ।

अरुणकुमार भुजेलका मुक्तकहरूले प्रकृति, जीवन र मानवीय संवेदनाको अन्तरसम्बन्धलाई केन्द्रमा राखेको देखिन्छ । दृश्यबिम्ब र भावात्मक अभिव्यक्तिको प्रयोगबाट स्रष्टाले बाह्य प्रकृतिलाई आन्तरिक अनुभूतिसँग जोडेका छन् । प्रकृतिको दृश्यलाई केवल सौन्दर्यको वस्तु नबनाई त्यसमा मानवीय मनोदशा आरोपित गर्नु यसको उल्लेखनीय पक्ष हो ।

महेशराज खरेलको 'स्वागतम्' कवितामा आगमनको प्रसङ्गलाई आत्मीयता र स्मृतिसँग जोडिएको छ । आगन्तुकप्रतिको स्वागत केवल औपचारिकता नभई सम्बन्धको पुनर्स्थापनाको प्रतीक बनेको छ । सरल प्रेमिल भाषा र प्रकृतिका बिम्ब यसको आकर्षण हुन् ।

सन्दीप ढुङ्गानाको कवितामा समकालीन जीवनका द्वन्द्व, सामाजिक असन्तुलन र व्यक्तिको आन्तरिक प्रश्न देखिन्छ । बाह्य संसार र अन्तर्मनबीचको तनावलाई कवितात्मक बिम्बमा रूपान्तरण गरिएको छ । भावको गम्भीरता र सामाजिक चेतना यसका मुख्य विशेषता हो ।

सुमन पुडासैनी 'मित्र'को गजलमा सम्बन्ध, प्रेम, आत्मीयता र मानवीय मूल्यको खोज देखिन्छ । शीर्षक र भावबिचको सामञ्जस्यले पाठकलाई व्यक्तिगत अनुभूतिबाट सामाजिक अनुभूतितर्फ लैजान्छ । गजलमा आत्मीय सम्बोधन र संवेदनशील स्वर प्रमुख छन् ।

त्यस्तै पार्वती पुडासैनीको 'प्लेटफर्म' आधुनिक जीवनको प्रतीकात्मक कविता हो । यहाँ यात्राको भौतिक स्थान मात्र होइन, प्रतीक्षा, बिछोड, सम्भावना र जीवनको अस्थिरताको प्रतीक बनेको छ ।

जीवन चलिरहेछ
प्लेटफर्मका यात्रुहरू
सल्वलाइरहेछन् हतारले बाटो समात्न

भन्ने भावले जीवनलाई निरन्तर यात्राका रूपमा परिभाषित गर्छ ।

तेजनाथ दंगालको 'नसामा जमेको इतिहास र भोलिको बिहान' कविता इतिहास, राष्ट्रिय आत्मचेतना र भविष्यप्रतिको जिम्मेवारीको त्रिवेणी हो । कविले इतिहासलाई सङ्ग्रहालयमा राखिने निष्क्रिय वस्तु नभई वर्तमानलाई जगाउने शक्ति मानेका छन् । पुर्खाको विरासत, नेपाली पहिचान र वर्तमान पुस्ताको कर्तव्यबिच सम्बन्ध स्थापित गरिएको छ । 'हामीले आफ्नै भग्नावशेषबाट नेपालीत्वको प्रतिमा कोर्नुपर्छ' भन्ने भावले आत्मपहिचानको आग्रह गर्छ ।

डा. चन्द्रमणि अधिकारीको प्रबन्ध 'गाउँबँसी र टारमा रमेको जनजीवन' नेपालका ग्रामीण भौगोलिक, कृषि र सामाजिक जीवनको सूक्ष्म चित्र हो । लेखकले धानका स्थानीय जात, भूगोल, खेती प्रणाली, बाढी, बसाइँसराइ तथा ग्रामीण अर्थतन्त्रमा आएको परिवर्तनलाई जोडेर गाउँको रूपान्तरण प्रस्तुत गरेका छन् । प्राकृतिक स्रोतको क्षय र पूर्वाधार विकासबीचको द्वन्द्व पनि लेखको महत्त्वपूर्ण पक्ष हो ।

माधव काफ्ले 'त्यसपछि' निबन्धमा आधुनिक जीवनमा माया, प्रविधि र मानवीय सम्बन्धको बदलिँदो स्वरूपमाथि व्यङ्ग्यात्मक दृष्टि राख्छन् । सामाजिक सञ्जाल र भौतिक आकर्षणले मानिसको सम्बन्धमा ल्याएको कृत्रिमतालाई लेखकले सङ्केत गरेका छन् । शीर्षक स्वयम्ले विगत र वर्तमानबिचको दूरीलाई जनाउँछ ।

शारदा पराजुलीको 'घडी नहुँदा' लेख स्मृतिको धरातलमा उभिएको सरल, आत्मीय र प्रभावशाली संस्मरण हो । लेखकले आफ्नो विद्यार्थी जीवन, साइकल चढेर कलेज जाने दिनचर्या, ग्रामीण परिवेश र तत्कालीन शैक्षिक अवस्थालाई अत्यन्त स्वाभाविक ढङ्गले प्रस्तुत गरेकी छन् । विशेषतः कुहिरोले ढाकेको रातमा साथी फुपूसँग साइकलमा यात्रा गर्दाको भय, बाटामा देखिएको दुर्घटना र त्यसबाट उत्पन्न मानवीय संवेदनाले लेखलाई रोचक तथा मार्मिक बनाएको छ । भाषा सरल, संवादात्मक र चित्रात्मक छ । व्यक्तिगत अनुभूतिमार्फत तत्कालीन समाजको मानवीयता र सामूहिक आत्मीयता उजागर गर्नु लेखको प्रमुख विशेषता हो । अन्ततः यो संस्मरण विगतको जीवनशैली सम्झाउने मात्र नभई मानवीय संवेदनाको मूल्यबोध गराउने प्रभावकारी र पठनीय रचना बनेको छ । शिक्षण अनुभवलाई आधार बनाइएको लेखमा पुरानो र नयाँ शिक्षण संस्कृतिको तुलना गरिएको छ । शिक्षिका वक्ताको दृष्टिबाट लेखिएको यस रचनाले वर्तमान शिक्षण पद्धति र पुरानो पुस्ताको विद्यार्थी जीवनबिच तुलना गर्छ । स्मृतिमूलक शैलीका कारण लेख आत्मीय बनेको छ । शिक्षा केवल परीक्षा र प्रतिस्पर्धा नभई जीवनको अनुभव पनि हो भन्ने अन्तर्ध्वनि यसमा पाइन्छ ।

सनत रेग्मीको समीको बुढो रूखको आत्मकथात्मक निबन्ध अङ्ककै उल्लेखनीय रचनामध्ये पर्छ । रूखलाई कथावाचक बनाएर लेखकले एउटा गाउँ, समाज र समयको परिवर्तनको इतिहास सुनाएका छन्ः

'मेरो जीवनको यात्रा केवल एउटा रूखको कथा मात्र होइन, यो समयको कथा हो, मानिसहरूको, मौसमहरूको, संस्कार र परिवर्तनहरूको कथा हो ।' भन्ने दृष्टिले रचनाको प्रतीकात्मक गहिराइ स्पष्ट हुन्छ । आधुनिक विकाससँगै हराउँदै गएको सामुदायिक आत्मीयताप्रति यसले मार्मिक प्रश्न उठाएको छ ।

'भोकको औषधि' कथामा जे.एन. दाहाल गरिबी, श्रम, अभाव र मानवीय विवशताको व्यथा उल्लेख गर्छन् । यस कथामा समाजका जीवन्त पात्रमार्फत श्रमिक जीवनको कठोर यथार्थ उद्घाटित हुन्छ । चुलाको आगो, मट्टितेल र भोकका बिम्बले कथालाई जीवन्त बनाएका छन् । आर्थिक अभावले मानिसको आत्मसम्मानसम्म कसरी प्रभावित गर्छ भन्ने कुरा कथा कथाकारले प्रभावकारी ढङ्गले देखाउँछन् ।

ईश्वर पोखरेलको 'मोबाइल' लघुकथाले आधुनिक प्रविधिले पारिवारिक तथा सामाजिक सम्बन्धमा ल्याएको परिवर्तनलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्छ । मोबाइल यहाँ साधनभन्दा बढी बदलिँदो जीवनशैलीको प्रतीक हो । छोटो आकारमा सामाजिक यथार्थलाई समेट्नु यसको सफलता हो ।

डा. टीकाराम पोखरेलले 'शाश्वत सत्य' लघुकथामा गगन र भास्करबीचको संवादबाट अस्तित्व, भौतिकवाद र अध्यात्मवादको बहस अघि बढाएका छन् । दुई पात्रका विपरीत विचारलाई टक्कर गराएर लेखकले 'सत्य'को प्रकृतिमाथि प्रश्न उठाएका छन् । कथाको अन्त्यले सहअस्तित्व र दृष्टिकोणको सापेक्षतालाई महत्त्व दिन्छ । छोटो संरचनामा दार्शनिक विमर्श प्रस्तुत गर्नु यसको विशेषता हो ।

उमेश तिम्सिनाको 'जेठा बुढाथोकी' ग्रामीण समाज, पुस्तान्तरण र सामुदायिक सम्बन्धको प्रतिनिधि कथा हो । यस कथाका पात्र सामाजिक स्मृति र परम्पराका प्रतीक बनेका छन् । गाउँको बदलिँदो सामाजिक संरचनाबिच पुरानो पुस्ताको भूमिका र उनीहरूको एक्लोपन कथाको मार्मिक पक्ष हो ।

श्रीरामसिंह बस्नेत 'विजय जुलुस'मार्फत उत्सव र व्यक्तिगत त्रासदीबीचको विरोधाभास प्रस्तुत प्रस्तुत गर्छन् । बाहिर विजयको उल्लास चलिरहँदा पात्रको निजी संसारमा पीडा र विडम्बना छ । यस विरोधाभासले सामाजिक उत्सवको सतहमुनि लुकेको व्यक्तिगत दुःखलाई उजागर गर्छ ।

धनमाया राईको 'चकमन्न च्याउँकोट' यात्रा संस्मरणले सिन्धुलीको भूगोल, स्थानीय जीवन, स्मृति र परिवर्तनलाई जोडेको छ । पुरानो बस्ती, बाटो, आफन्त र यात्राका अनुभवमार्फत लेखकले स्थानलाई स्मृतिको भूगोलमा रूपान्तरण गरेका छन् । स्थानीय इतिहास र व्यक्तिगत अनुभूतिको संयोजन यसको सौन्दर्य हो ।

पशुपति घिमिरेसँगको पुस्तकवार्ता यात्रा-साहित्यको स्वरूप र लेखकीय अनुभवमाथि केन्द्रित छ । घिमिरेको 'तीन महादेशका केही तरङ्ग'लाई आधार बनाएर यात्रा केवल

स्थान परिवर्तन नभई अन्तर्मनको यात्रा पनि हो भन्ने विचार अघि सारिएको छ । "यात्रा लेखन भनेको बाहिरी संसारको यात्रा विवरण मात्र होइन, अन्तर्मनको यात्रा विवरण पनि हो" भन्ने धारणा यस वार्ताको केन्द्रीय निष्कर्ष हो ।

डा. बन्धु कोइराला 'नेपाली साहित्यमा हिमालयको चर्चा'मा हिमालयलाई प्रकृति मात्र नभई नेपाली साहित्यको सांस्कृतिक र राष्ट्रिय प्रतीकका रूपमा विश्लेषण गर्छन् । लेखकले नेपाली साहित्यमा हिमालसम्बन्धी सिर्जनाको परम्परा खोज्दै विभिन्न कृतिहरूको उल्लेख गरेका छन् । हिमाल नेपाली पहिचानको गौरवपूर्ण प्रतीक हो भन्ने निष्कर्षमा लेख पुग्छ । यसले पर्वतीय साहित्यको व्यवस्थित अध्ययनको आवश्यकता पनि औंल्याउँछ ।

समग्र मूल्याङ्कन

'कल्पतरु द्वैमासिक'को ११९औं अङ्कको सबैभन्दा ठुलो उपलब्धि विधागत विविधता र सामाजिक सरोकारको संयोजन हो । यहाँ प्रेम र प्रकृतिदेखि भाषा, संस्कृति, ग्रामीण जीवन, शिक्षा, प्रविधि, गरिबी, प्रवास, इतिहास, अस्तित्व, मानवता र सामाजिक न्यायसम्मका विषय समेटिएका छन् । कविता र गजलले भावात्मक संसार निर्माण गर्छन्; निबन्ध र प्रबन्धले विचारको क्षेत्र विस्तार गर्छन्; कथा तथा लघुकथाले सामाजिक यथार्थलाई जीवन्त पात्रमा रूपान्तरण गर्छन्; पुस्तकवार्ता र कृतिसमीक्षाले पाठकीय दृष्टिलाई आलोचनात्मक बनाउँछन् र बालसाहित्यले नयाँ पुस्तासँग संवाद गर्छ ।

यस अङ्कको अर्को महत्त्वपूर्ण पक्ष यसको स्मृति र समकालीनताको अन्तर्सम्बन्ध हो । 'समीको बूढो रूख' देखि 'मोबाइल', 'प्लेटफर्म', 'पाताल' र 'देशदेशावर'सम्म आइपुग्दा नेपाली समाजले भोगिरहेको रूपान्तरण, विस्थापन, प्रविधि, सम्बन्ध-विच्छेद र पहिचानको प्रश्न विभिन्न कोणबाट अभिव्यक्त भएको छ ।

यद्यपि यति धेरै विधा र रचनालाई एउटै अङ्कमा समेट्दा केही रचनामा भाषिक कसावट, सम्पादन र शिल्पगत परिष्कार अझ सघन हुन सक्ने ठाउँ देखिन्छ । केही लेखमा विषयवस्तुको विस्तार बढी र संरचनात्मक अनुशासन अपेक्षाकृत कम देखिन्छ । समग्रमा कल्पतारूको ११९औं अङ्क पठनीय र सङ्ग्रहनीय नै छ । ■■

सर्जक महानुभावहरूमा अनुरोध

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौं ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail .com

लघुकथा

चोट



✍ **रासा**

उसलाई ठुलो चोट परेको छ ।
उसलाई असह्य घाउ लागेको छ ।

०००

ऊ नितान्त एक्लो थियो । उसको कहीं कतै घरजग्गा थिएन । ऊ नदी किनारको सुकुम्बासी बस्तीमा एउटा टहरा बनाएर बसेको थियो ।

०००

सरकारले बस्ती खाली गर्नका लागि डोजर चलाएको छ । त्यहाँका बासिन्दाहरू सबै लाखापाखा लागेका छन् । सम्पूर्णतः धराशायी भएको स्थानमा ऊसँग एउटा साथी जीवित छ ।

०००

ऊ मदारी हो । सार्वजनिक स्थलमा चटक देखाएर आफ्नो पेट पाल्ने गरेको उसले एउटा भालु पालेको छ । अर्थात् भालुले उसलाई पालेको छ ।

०००

वासका लागि कतै डेरा खोजेर बस्न सकिएला तर साथीलाई कहाँ र कसरी राख्ने ? ऊ यही समस्याले पिरोलिएको छ । यही पिरलोमा भौंतारिरहेको छ ।

०००

उसलाई ठूलो चोट परेको छ ।
उसलाई असह्य घाउ लागेको छ । ■■

'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

सल्लाहकार/निर्देशक	कार्यक्रम समीक्षक	सञ्चालक/सम्पादक
नवराज पुडासैनी 'ज्योत्स्ना'	**जीवनाथ अधिकारी**	**निर्मलादेवी तिम्सिना 'कान्छी'**

हरेक हप्ता शुक्रबार साँझ ६:३० बजेदेखि

संस्मरण

मेरो जीवनमा घटेको यथार्थ र सत्य घटना



✍ **गोविन्दराज पौडेल**

वि.सं. २०८० चैत २३ गते शुक्रवार एकादशीको दिन बिहान घाम लागिसकेपछि मात्र म उठें । बाहिर चम्किला लागे पनि किन किन त्यो दिन मेरो दिलमा घाम लागेन । मन साह्रै उदास, उराठ र खिन्नताले छाएको थियो । प्रिया पनि घरमा थिइनन् ।

घरमा छोरा अभिलेख र मेरो जेठानदाजु कृष्णको छोरा कुशल भण्डारी थियो । खाना खाने बेला हुँदै थियो । यसो मोबाइल खोलेको धापासी, च्यासिङ्टोलबाट मावली दाजु पर्ने रामचन्द्र पन्थीले केही मेसेज गर्नुभयो र घरमा आउन भन्नुभयो । मैले खाना खाइसकेपछि छोरा अभिलेखलाई च्यासिङ टोलसम्म पुऱ्याउन भनें । आज्ञाकारी छोराले मलाई पुऱ्याइ हाल्यो । बहिनी इन्दिरा र दाजु रामचन्द्रसँग केही गफगाफ गरी हामी अर्का दाजु ऋषभ पन्थीको घरमा गयौं । त्यो दिन एकादशी परेकाले फलफूलकै नास्ता गरी साँझ घर फर्किएँ । फर्किंदा ऋषव दाजुको घर धापासीदेखि रामचन्द्र दाजुको घर नजिकसम्म दुई भाइ गफिँदै आयौं । च्यासिङटोलबाट एक्लै हेपाली हाइट हुँदै गोल्फुटार आएर बुढानीलकण्ठको बस चढें । बसबाट चपली घुम्टी ओर्लेपछि ओरालो हुँदै निवास पासिकोट डाइमन्ड कोलोनीतर्फ मोडिएँ ।

त्यो दिन बिहान उठ्दा मन उदास, खिन्नता र बाहिर घाम लागेजस्तो नभए तापनि अन्य शारीरिक कमजोरी त्यस्तो केही महसुस भएको थिएन तर एक्कासि तल्लो पासिकोटमार्गको प्रगति कोलोनी चोकमा आउँदा मेरो शरीर एकदमै भारी भएको, हदभन्दा धेरै थाकेको गलेको महसुस भयो । त्यहीं पिच सडकमै एकैछिन पछारिऊँ जस्तो लाग्दालाग्दै पनि घरसम्म आइपुगें । म घरमा आइपुग्दा साढे चार बजेको थियो । घर आइपुगेपछि कुशललाई बोलाएर अलिकति बिरेनुनमा कागती निचोरेर एक गिलास पानी ल्याइदिन र एक कप चिया बनाएर ल्याउन भनें । अनि मैले लगाएको कपडा पनि नखोली बेडरुममा आएर पल्टिएँ । कुशलले पहिले कागती पानी अनि चिया ल्याएर दियो । पानी र चिया खाएपछि एकछिन आराम गरें । तर त्यतिबेला मेरो शरीर एकदमै बोझिलो भारी चक्कर आएजस्तो वर्णनै गर्न नसकिने कस्तो कस्तो महसुस भइरहेको थियो । मेरो मनमा अनेक खालका तरङ्गहरू आइरहेका थिए । कहाँ जाऊँ कहाँ जाऊँ, के गरौं के गरौं, कसो गरौं जस्तो भइरहेको थियो । मनमस्तिष्क र पूरै शरीरमा एक किसिमको नयाँ ऊर्जा प्राप्त भएको अनुभव भएको भयो । बिस्तरामा आराम गर्दै थिएँ । कतिबेला अचेत भएछु पत्तै भएन । कुशलले आएर भिनाजु भिनाजु भन्दै बोलाएछ । म नबोलेपछि निदाएको सोची ऊ सदाझैं दुध लिन गएछ । दुध लिएर आइसकेपछि ऊ

पुनः मेरो कोठामा आई मलाई बोलायो । त्यतिबेलासम्म म पहिलो अचेतन अवस्थाबाट चेतनामा आइसकेको रहेछु ।

छोरा अभिलेख अमेरिकन एम्बेसीको कार्यक्रममा बाहिर गएको थियो र साँझ घर नआउने कुरा कुशललाई भनेको रहेछ । कुशलले साँझ के खाने, के पकाउने भनेर मसँग सोध्यो । त्यतिबेला मेरो शरीरमा एउटा अनौठो परिवर्तन आइसकेको थियो । मलाई कुनै खाने मन थिएन । भित्रका आन्द्राभुँडी त के शरीरका पूरै अङ्गप्रत्यङ्ग, हातखुट्टासमेत मुखबाटै उल्टी भएर बाहिर आउलान् जस्तो महसुस भइरहेको थियो । मैले मलाई सन्चो नभएको, खान मन नभएको र केही नखाने कुरा कुशलसँग भनें । अलि ठिक भए एक गिलास दूध खान्छु भन्दै उसलाई आफ्नो लागि खाना बनाउन भनें तर उसले एक्लै खाना नपकाउने, त्यहाँ जे छ त्यही खाएर बस्ने कुरा गऱ्यो । त्यतिबेला मलाई झनै गाह्रो भएको थियो । मेरो मनमा अनेक तरङ्गहरू आएका थिए । मैले कुशललाई मलाई धेरै नै सन्चो नभएको कुरा भनें । अनि कुशललाई म आज सायद मर्छु क्या हो, धेरै गाह्रो भयो मलाई ख्याल गर्दै गर्नूसम्म भन्न भ्याएँ । अनि कुशलले त्यस्तो केही हुँदैन नआत्तिनू भन्दै दुध तताउँछु भनेर माथि गयो । अनि मैले छोरालाई फोन गरे । उसले घर नआउने कुरा गऱ्यो । मैले आफूलाई सन्चो नभएको कुरा पनि भनें । छोराले पनि केही हुँदैन, त्यस्तो नआत्तिनु बाबा भोलि आइहाल्छु नि भनेर आश्वासन दियो ।

यसै बिचमा मेरो शरीरमा मैले सोच्दै नसोचेको, कल्पनासम्म पनि गर्न नसकेको परिवर्तन आइरहेको थियो । विभिन्न तरङ्गहरू पैदा भएका थिए । कस्तो कस्तो व्यक्त गर्न नसकिने एउटा तितोतितो, मिठोमिठो अनुभवजस्तै भएको थियो । मलाई पूरै रिँगाएको, घरै घुमाएको, शरीर पूरै भारी भएको अवस्था थियो । क्षणभरमै मेरो सम्पूर्ण सांसारिक मोह भङ्ग भएको थियो र म अब अर्को कुनै दुनियामा जानुपर्छ भन्ने मलाई लागिरहेको थियो । मेरा पाइलाहरूले अर्को दुनियाँको बाटो रोजिरहेका थिए । मनमा यस्तो एउटा उत्साह र उमङ्ग आएको थियो । तँ अब यो दुनियाँमा होइन, अर्को दुनियामा जानुपर्छ भन्ने भावनाले उत्प्रेरित गरिरहेको थियो ।

साँच्चै भन्दा मलाई सहर्ष मर्न रहर लागेको थियो, उत्प्रेणा जागेको थियो । अब मैले बल गरेर भए पनि, जोड गरेर भए पनि अर्को दुनियामा जानुपर्छ भन्ने लागिरहेको थियो । हर्ष न विस्मातका नयन धाराहरू बगिरहेका थिए । खुट्टाहरू अर्कै दुनियाको बाटो तय गर्न आतुर भइसकेका थिए । मेरो मन मस्तिष्क र मुटु सबैले मृत्युलाई सहर्ष स्वीकार गरिसकेको थियो । शरीरले जोडबल पनि गर्दै थियो । किन मेरो आत्माले यसरी सजिलै मृत्यु स्विकार्दै थियो ? मलाई नै थाहा थिएन तर म अर्कै दुनियामा जान खुसीसाथ तयार थिए । म रत्तिभर डराएको थिइनँ तर शरीरले जोड बल गरिरहेको थियो । यसै बिचमा आफूलाई साह्रै गाह्रो भएकोले मेरा अनन्य मित्र तथा छिमेकी टामलाल पाण्डेका छोरा भतिज शिव पाण्डेलाई फोन गरेर भनें, "शिव तिमी कहाँ छौ ?" शिवले घरै छु भनेपछि तुरून्तै मकहाँ आउन भनें । उनी पनि तुरून्तै आइहाले । सायद त्यतिबेला रातिको

आठ बज्दै थियो । तल गेट लगाइसकेको रहेछ । शिवले फोन गरेर गेट लगाएको कुरा गरे । म बिस्तरामा मृत्युलाई अँगाल्दै थिएँ । कोठामा कोही पनि नभएकोले ढोका खोल्न भन्नका लागि कुशल भन्दै बेडरुमबाट जनतन उठेर बाहिर जाँदै थिएँ । लिभिङमा पुग्ने बित्तिकै ड्याम्मै ढलेँछु पूर्ण अचेत अवस्थामा ।

त्यसपछि बाहिरी दुनियाको कुरा मलाई केही थाहा छैन । म पूर्ण रूपमा अचेत भई लडिसकेको अवस्था थियो । तर मेरो भित्री मनको आन्तरिक चेतनाभित्र एउटा कुरा खुलिरहेको थियो । भौतिक शरीर अचेत अवस्थामा लडिरहेको भए पनि भित्री चेतनाभित्र मैले केही देखिरहेको थिएँ । मेरा आँखा अगाडि केही पर्दाहरू देखिएका थिए । त्यहाँ देखिएका पर्दाहरू रातो, कालो र हरियो रङका थिए । कालो रङको पर्दामा देखिने चित्रहरू नबुझिने गज्याङमज्याङ खालका र अमुकजस्ता देखिन्थे । रातो रङको पर्दामा भने मेरा स्वर्गीय हजुरबुबा हजुरआमा, ठुलोबा ठुलीआमा, माइलोबा माइलीआमा, साइँलोबा साइँलीआमा, कान्छोबा, ठुली फुपू, सानी फुपू, मावली हजुरबुबा हजुरआमा, आमातर्फका ठुलोबा ठुलीआमाहरू, भान्जदाइहरू, ससुराबालगायत मेरा सम्पूर्ण आफन्तीहरू र अन्त्यमा मेरै स्वर्गीय बुबाको उपस्थिति देखिन्थ्यो । सायद त्यो अर्कै दुनियाँमा पुगेर मैले मेरा सम्पूर्ण आफन्तीहरूलाई भेटिसकेपछि अन्त्यमा गएर म मेरै बुबासँग बस्नुपर्ने थियो । मैले अनुहार त के फोटोसम्म पनि नदेखेका मेरा हजुरबुबा हजुरआमा, ठुलोबा, ठुली फुपूहरूलाई पहिलोपटक त्यही त्यो रातो पर्दामा देखेँ । अहिले पनि उहाँहरूको अनुहार मेरो मस्तिष्कभित्र ताजै छ । मैले आफूलाई अर्कै दुनियामा आउन पाएको र आफ्ना समस्त स्वर्गीय आत्माहरूलाई भेट्न पाएकोमा खुसी व्यक्त गरिरहेको थिएँ । मैले नदेखेको र चिन्न नसकेका मेरा स्वर्गीय हजुरबुबा हजुरआमा, ठुलोबा, ठुली फुपूलगायतलाई मेरो बाबाले "माइला ल अब चिन्, तैंले चिन्नु पर्छ" भन्दै चिनाइरहनुभएको थियो । मैले आफन्तीहरू चिन्ने सुवर्ण अवसर पाएको थिएँ । म खुसीले गदगद भएको थिएँ किनकि म बाबाको अगाडि आठ वर्ष पछाडि भेटिन पुगेको थिएँ ।

त्यसपछि त्यहाँ टाँगिएको एउटा अर्को पर्दा हरियो रङको थियो । हरियो पर्दामा मेरा जीवित सम्पूर्ण आफन्तहरू थिए । त्यहाँ देखिने सबै आफन्तहरू आआफ्ना काममा व्यस्त भएको देखिन्थ्यो । लाग्थ्यो त्यो कुनै रङ्गशाला, कार्यशाला या मधुशालाजस्तै थियो । सबैको व्यस्तता अनौठो थियो । घरभरि मामामाइजूहरू, माइली ठुलीआमा, दाजुभाउजूहरू, भान्जदाइ भाउजू, बहिनीज्वाइँ, भान्जाभान्जीलगायत अन्य सम्पूर्ण आफन्तहरूको घुइँचो थियो । दाजुले केही लेख्दै हुनुहुन्थ्यो भने भाउजू खाना बनाउँदै हुनुहुन्थ्यो । भाइले भैंसी दुहुँदै थियो । बुहारी दुर्गा सालका पातका हरिया दुनाटपरीहरू गाँस्दै थिइन् भने बुहारी प्रतिभा, छोरा अनुज र नाति प्रयागले ती हरिया दुनाहरूमा आएका आफन्तहरूलाई सर्वत बाँडिरहेका थिए ।

अर्कोतिर छोराहरू अंकित, अशेष, आयुस, छोरीहरू अस्मिता, एलिनाहरूले विभिन्न तरकारीहरू काट्दै थिए । लाग्थ्यो त्यहाँ ठुलै भोजभतेर हुँदै छ । आमाले सबैलाई

आआफ्नै तरिकाबाट खटनपटन गरिरहनुभएको थियो । छोरा अभिलेखले मेरो हातमा समातेर सहारा दिइरहेको थियो । छोरी इशाले हातमा लौरो लिएर पर क्षितिजतिर भाग्दै गरेको कालो छायाको पछिपछि दौडदै 'बाबा बाबा' भनिरहेकी थिइन् । प्रियाले भने मलाई कहींकतै जान रोक्दै थिइन्, मेरो बाटामा अवरोध हाल्दै थिइन् । सायद उनी मेरो चिरायुको कामना गरिरहेकी थिइन् । यत्तिकैमा मोनालिसाको जस्तो मिल्दो कुनै अमुक कुसुमकलिका (फूलको कोपिला)आएर प्रियासँग हाते साङ्लो गर्दै मेरो बाटोमा कडा अवरोध गरेकी थिइन् । म कहीं कतै जान पाएको थिइनँ । यी सबै घटनाहरू र परिदृश्यहरू आकाशमा बिजुली चम्केजस्तो, जुनकिरीको प्रकाशजस्तो, सिनेमाहलको पर्दामा रिल परिवर्तन भएजस्तो मिलिक्क मिलिक्क गरिरहेका थिए । मेरो पूर्ण अचेत भौतिक शरीरभित्र रहेको सूक्ष्म मस्तिष्कमा Hallucination (भ्रम) भइरहेको थियो सायद । मैले यी परिदृश्यहरू बाहिरी चक्षुले होइन, आत्मिक चक्षुले देखिरहेको थिएँ भने आवाजहरू पनि हृदयले सुनेको थियो, बाहिरी कानले होइन ।

भतिज शिव आएपछि शिव र कुशल दुवै मिलेर तल पौडेल दाइभाउजू, पल्तिर कार्की सर, पदमजी, भतिज राजन पौडेललगायत वरपर छरछिमेकीलाई खबर भएछ । अनि कसैले शरीर माड्ने, निधारमा पानीपट्टी लगाउने, हल्लाउने जस्ता कार्यहरूपश्चात् मेरो हल्का चेत आएछ । अनि श्रीधर मरासिनी, झविन्द्र घिमिरे, शिव, कुशल मिलेर अस्पताल लाने कार्य भयो । छोरा अभिलेख उतैबाट आयो तर बाटामा जाँदाजाँदै हात्तीगौंडा पुग्दा नपुग्दै पुनः तेस्रोपटक पूर्ण अचेत भएँछु ।

एक डेढ घण्टाभित्र तीन तीन पटक अचेत हुँदासमेत म कत्ति नडराएको, मैले सहर्ष मृत्यु स्वीकार गरेको र खुसीसाथ अर्कै दुनियामा जान पाइला सारेको देखेर उसले पनि हार खाएछ । सोच्यो होला, "कस्तो ज्याद्रो रहेछ भने शाश्वत मृत्युलाई समेत सहजै र जोडबल लगाएर ग्रहण गर्न सक्ने गोविन्दसँगै लगेनछ, छोडेर गएछ निष्ठुरी दैवले । अझै कति दुखै दुःख र पीडै पीडा दिन चाहेको छ कुन्नि ?"

अचेतबाट चेतमा आउँदा बर्से भेलले पर बगरको सुख्खा बालुवामा उछिट्यायर फटफटाइरहेको माछाजस्तै उपेन्द्र देवकोटा मेमोरियल न्युरो अस्पताल, बाँसबारीको आईसीसीयू बेडमा छटपटाइरहेको थिएँ करिब एकहप्ते यात्राका लागि । ■■

हार्दिक श्रद्धाञ्जली

हालै आएको विनाशकारी **रसुवा भोटेकोशी-त्रिशूली नदी बाढी**बाट हजारौं व्यक्तिहरूको निधन, हजारौं बेपत्ता तथा घरबारविहीन हुनुका साथै अरबौंको आर्थिक नोक्सानी भएको छ । यस अकल्पनीय घडीमा मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

कल्पतरु द्वैमासिक परिवार

नियात्रा

चुँदीरम्घाको बाटोमा भानुलाई खोज्दै



✍ महेन्द्र चालिसे

भदौ ३० गते बिहानै मोबाइल फोन बज्यो । निद्राबाट भर्खर उठेको मनले मोबाइलको स्क्रिनमा आँखा पुऱ्यायो । गोविन्द घिमिरे 'वेदमणि' दाजुको नाम देखियो । फोन उठाएँ । "महेन्द्र भाइ, ४ गते नगरपालिकाको तर्फबाट भानु दिवसको उपलक्ष्यमा तनहुँ नगरपालिकामा जानुपर्छ रे । रमेश विकल प्रतिष्ठानबाट तिमी जाने ।"

दाजुको कुरा सुनेर म एकछिन अलमलिएँ । "दाजु, त्यो दिन त मेरो आफ्नै पुस्तक लोकार्पण कार्यक्रम छ । कहाँ त्यहाँ जाने ? मिल्दैन ।"

उताबाट फेरि आवाज आयो, "त्यसो भए आलोक जालान् नि ।" मैले हाँस्दै भनें, "यहाँ मेरो कार्यक्रम छाडेर कहाँ जान्छ आलोक ? जाँदैन ।"

"हैन, १२ बजेसम्म त भाइको कार्यक्रम सकिहाल्छ नि । हामी १२ बजे जाने हो, गाडी तयार छ ।"

"सकिएन भने नि ? भैगो, तपाईँहरू को-को जाने हो जानुस् ।"

दाजुले फोन राख्नुभयो । तर कुरा त्यत्तिकै टुङ्गिएन । नगरपालिकाको प्रतिनिधित्व गर्ने कुरा थियो । भानुभक्त आचार्यजस्ता नेपाली साहित्यका आदिकविको स्मृतिसभामा गोकर्णेश्वर नगरपालिकाबाट साहित्यिक प्रतिनिधि जानुपर्ने थियो । एउटा साहित्यिक संस्थाको प्रतिनिधिका रूपमा मलाई जिम्मेवारी आउनु आफैंमा सम्मानको कुरा थियो, तर संयोग यस्तो परेको थियो कि त्यही दिन मेरो आफ्नै पुस्तक लोकार्पण कार्यक्रम थियो ।

दाजुले चित्त दुखाउलान् कि भन्ने लागेर मैले एउटा इमेल पठाएँ, "दाजुहरू पहिला मेरो कार्यक्रममा आउनुहोस् । सकेसम्म त्यतिवेलासम्म कार्यक्रम सक्ने प्रयास गर्छौं । सकिएन भने तपाईँहरू बिचमै उठेर व्यवस्था गरिएको गाडीमै जानुहोस् । मचाहिँ कार्यक्रम सकेर दुई तीन बजेतिर आफ्नै गाडीमा मिलाएर आउँला ।" त्यसपछि नगर प्रमुख दीपक रिसालसँग पनि फोनमा कुरा भयो । वेदमणि दाजुसँग भएको कुराकानी सुनाएँ र आफ्नो असमर्थता बताएँ ।

दीपकजीले सहज ढङ्गले भन्नुभयो, "मलाई थाहा छ दाइको ४ गते कार्यक्रम छ । त्यसैले ४ गते जाने मैले त कुरै गरेको थिइनँ । ६ गतेको कार्यक्रम ५ गते गए भइहाल्छ । दाइहरूको त्यहाँ सबै व्यवस्था त्यहाँका मेयर आनन्दराज त्रिपाठीले गर्नुहुन्छ । उहाँ मेरो एकदम मिल्ने साथी पनि हुनुहुन्छ । मैले दाइको बारेमा उहाँलाई सबै कुरा भनिसकेको छु । गाडी म नगरपालिकाबाट मिलाइदिन्छु ।"

मलाई केही सहज भयो । मैले यी कुरा फेरि वेदमणि दाजुलाई बेलिबिस्तार

लगाएँ । तर भोलिपल्ट, भदौ ३१ गते, फेरि दाजुकै फोन आयो । "मेयरले १ गते दिउँसो एक बजे भेट्न बोलाउनुभएको छ भाइ । आउनुपर्छ है ।" त्यो दिन पनि मेरो लागि अनुकूल थिएन । सम्बन्धित सबै बसेर मेरो पुस्तक लोकार्पण कार्यक्रमको अन्तिम निर्णय गर्ने भनेर पहिले नै समय मिलाइएको थियो ।

"दाजु, त्यो दिन त मेरो फुर्सद छैन । पहिले नै समय मिलाइसकेको छु ।"

"त्यसो भए तिमी मेयरसँग कुरा गर । म चाहिँ जान्छु । मेयरले के भन्नुहुन्छ, भेट्छु नि त ।" दाजुको सल्लाहअनुसार मैले नगर प्रमुख दीपक रिसाललाई फोन गरेँ । वेदमणि दाजुसँग भएको कुराकानी सुनाएँ ।

उहाँले सहजै भन्नुभयो, "ए, दाइको फुर्सद नभए भोलिपर्सितिर कुरा गरौंला नि त ।"

त्यसपछि घटनाक्रमले अर्कै मोड लियो । निर्धारित समयमा गोविन्द दाइ नगरपालिका जानुभएछ तर मेयर आउनुभएको रहेनछ । आधा घण्टा कुरेपछि उहाँ शिक्षा शाखा प्रमुखकहाँ पुग्नुभएछ । त्यहाँको कुराकानी भने त्यति सौहार्दपूर्ण भएनछ । नगरपालिकाले भानु स्मृति दिवसमा साहित्यकारहरूलाई सहभागी गराउन लागेको कुरा शिक्षा शाखा प्रमुखलाई सायद थाहा नै रहेनछ । उहाँले त्यहीअनुसार कुरा राख्नुभयो । हाम्रो त सोझै नगर प्रमुखसँग कुरा भइरहेको थियो । त्यसैले त्यहाँ सम्पर्क गर्न आवश्यक नै थिएन भन्ने हाम्रो बुझाइ थियो । बेलुकी गोविन्ददाइको फोन आयो । दिउँसो भएका सबै कुरा बताउनुभयो ।

"खै, मलाई त त्यति सन्चो पनि छैन । यति लामो यात्रा गर्न पनि सक्दिनँ जस्तो छ ।" मैले दाजुको कुरा ध्यानपूर्वक सुनेँ । उहाँ मभन्दा पनि जेठा हुनुहुन्थ्यो । उहाँ र मेरो उमेरको अन्तर करिब ११ - १२ वर्ष थियो ।

मैले भनेँ, "दाजुले ठिक कुरा गर्नुभयो । अब शरीरलाई ध्यान दिनुपर्छ । त्यसैले दाजुको साटो अरू कसैलाई पठाइदिऊँ ।" भोलिपल्ट नगर प्रमुखलाई भेटेर गोविन्द दाइले सुझाउनुभएका पाँचवटा संस्थाका पाँच जना र रमेश विकल साहित्य प्रतिष्ठानबाट दुई जनाको गरी सात जनाको नाम दिएँ ।

रमेश विकल प्रतिष्ठानबाट दुई जना पठाउने कुरा पनि एउटा छुट्टै प्रसङ्ग थियो । नगर प्रमुखले मलाई भन्नुभएको थियो "दाइ जानुहुने भए म अर्को छुट्टै पत्रकार पठाउँदिनँ है । दाइले नै रिपोर्टिङ गर्नुस् । बरु प्रतिष्ठानबाट अर्को एक जना लगे पनि हुन्छ । गाडीमा सात जना त अटिहाल्छ नि ।" मलाई कुरा ठिकै लाग्यो । यसरी गोकर्णेश्वर नगरपालिकाको साहित्यिक प्रतिनिधित्व छ ओटा साहित्यिक संस्थाबाट हुने भयो । सात जनाको टोली तयार भयो ।

यात्राको सुरुवातः असोज ५ गते बिहान १० बजे हामी गोकर्णेश्वर नगरपालिकाले व्यवस्था गरिदिएको स्कारपियोमा तनहुँतर्फ लाग्यौं । आरुबारीबाट शम्भु चालिसे र म गाडीमा बस्यौं । जोरपाटी पुगेर वसन्त, उद्धव, घनश्याम, नवराज र विमललाई लियौं । त्यसपछि चाबहिल, चक्रपथ, बालाजु, कलङ्की हुँदै अगाडि बढ्यौं ।

काठमाडौंको भिडबाट बाहिरिँदै गर्दा यात्राको वास्तविक स्वाद सुरु भयो ।

कलङ्कीपछि बाटो बदलियो । परीक्षणकै क्रममा रहेको सुरुङमार्ग हुँदै हामी मलेखुतिर लाग्यौं । गाडीभित्र साहित्यकारहरू थिए, तर वातावरण कुनै औपचारिक साहित्यिक गोष्ठीको जस्तो थिएन । बरु लामो समयपछि भेट भएका साथीहरूको घुमघामजस्तो थियो । हाँसो, ठट्टा, किस्सा र व्यक्तिगत प्रसङ्गले गाडी भरिएको थियो ।

कसैले एउटा कुरा निकाल्यो, अर्कोले त्यसलाई तन्कायो । कसैले पुरानो साहित्यिक कार्यक्रम सम्झायो । कसैले कसैको स्वभावको नक्कल गऱ्यो । यात्रामा सबैभन्दा रमाइलो कुरा के थियो भने हामी सबै एकअर्कालाई पर्याप्त चिनेका मानिस थियौं । त्यसैले औपचारिकताको कुनै पर्खाल थिएन । मुग्लिन नजिकै पुग्दा कृष्णभिरले हाम्रो यात्रालाई केहीबेर रोकिदियो । करिब दुई घण्टाजति जाममा पऱ्यौं तर अचम्म, जाममा परेर पनि हामीलाई यात्रा लामो लागेको अनुभव भएन किनकि गाडीभित्र आफ्नै संसार थियो ।

बाहिर सडक रोकिएको थियो, भित्र कुरा बगिरहेको थियो । यात्राका क्रममा गोकर्णेश्वरका नगर प्रमुख दीपक रिसालको फोन आइरहन्थ्यो । "दाइहरू कहाँ पुग्नुभयो ?" उहाँको स्वरमा आफ्ना मानिसहरू टाढाको यात्रामा गएका छन् भन्ने चिन्ता र आतिथ्यको चासो मिसिएको हुन्थ्यो । उहाँले बाटाको अपडेट लिनुहुन्थ्यो र त्यहाँ पुगेपछि कसले स्वागत गर्ने, कहाँ बस्ने, के खानेजस्ता कुराको जानकारी पनि दिइरहनुहुन्थ्यो ।

"दाइहरूलाई जोरपाटीका आनन्द बरालले आतिथ्य गर्नुहुन्छ है । उहाँ अहिले तनहुँमा २२ मेगावाटको सेतीखोला हाइड्रो प्रोजेक्ट सञ्चालन गरिरहनुभएको छ ।" जोरपाटीको मान्छे तनहुँमा हामीलाई पर्खेर बसेको खबरले यात्रामा अर्को आत्मीयता थपियो ।

भानु नगरपालिकामा पहिलो पाइला । अपराह्न करिब साढे चार बजे हामी भानु नगरपालिकाको कार्यालय पुग्यौं । हामीलाई त्यहाँका नगर प्रमुख आनन्दराज त्रिपाठी, जोरपाटीका भाइ आनन्द बराल र त्यहाँकै हाइड्रो परियोजनासँग सम्बन्धित दीपक बरालल्गायतले पर्खेर बस्नुभएको रहेछ । हामी पुगेपछि आत्मीय स्वागत भयो । त्यहीं क्रममा मेयरसाबबाट थाहा भयो, मेरा बारेमा नगर प्रमुख आनन्दराज त्रिपाठीज्यूलाई गोकर्णेश्वरका मेयर दीपकजी र बीपी सङ्ग्रहालयका अध्यक्ष परशुराम पोखरेल दुई जनाले बताउनुभएको रहेछ । त्यहा एक एक कप चिया पियौं । छोटो परिचयात्मक कार्यक्रम भयो अनि गोकर्णेश्वर नगरपालिकाबाट गएका पाहुनालाई सम्मानस्वरूप नगर प्रमुखले भानुभक्तले लगाउने जस्तै बिर्केटोपी लगाइदिनुभयो ।

टाउकामा त्यो टोपी लगाउँदा मनभित्र अनौठो अनुभूति भयो । काठमाडौंको गोकर्णेश्वरबाट हिँडेर आएका हामी अब भानुको नगरमा थियौं । केही घण्टाअघि हामी सडकमा गफ गर्दै थियौं, अहिले भानुको नामले चिनिएको भूगोलमा उभिएका थियौं । टोपी एउटा सामान्य सम्मानको प्रतीक थियो, तर त्यस क्षण मलाई त्यो टोपीले भानुभक्तसँगको एउटा साङ्केतिक सम्बन्ध बाँधेजस्तो लाग्यो ।

त्यहाँबाट आनन्द भाइले उहाँहरूले सञ्चालन गरेको हाइड्रो प्रोजेक्ट अवलोकन गराउनुभयो । साँझको खाना पनि उहाँहरूकै कार्यालयमा खुवाउनुभयो । त्यसपछि करिब डेढ घण्टाको ड्राइभपछि हामी पोखराको लेकसाइडस्थित होटल माटिनामा पुग्यौं ।

हामीलाई त्यहाँ छाडेर आनन्द भाइले भोलि भेट्ने भन्दै आफ्नै कार्यालयतिर फर्किनुभयो तर अर्को दिन उहाँको फेरि पोखरामै काम परेछ । त्यसैले प्रत्यक्ष भेट हुन सकेन । उहाँले दिएको आतिथ्यप्रति प्रत्यक्ष रूपमा कृतज्ञता प्रकट गर्न पाइएन । त्यो धन्यवाद अर्को भेटका लागि थाती रह्यो, सायद उहाँ जोरपाटी आउनुभएको बेला । यात्राका केही सम्बन्धहरू यस्तै हुन्छन् । धन्यवाद भन्न खोज्दा पनि समयले बाटो छेकिदिन्छ । तर मनभित्र बसेको आत्मीयता भने कुनै औपचारिक धन्यवादको मोहताज हुँदैन ।

मर्स्याङ्दी किनारको सतीघाट जान भोलिपल्ट बिहान हामी फेरि भानु नगरपालिकाको कार्यालय आयौं । त्यहाँबाट पहिलो चरणको कार्यक्रमका रूपमा भानुभक्तलाई श्रद्धाञ्जली अर्पण गर्न मर्स्याङ्दी नदीको किनारमा रहेको समाधिस्थलतर्फ लाग्यौं । स्थानीय कथनअनुसार मर्स्याङ्दीलाई कर्मदा नदी पनि भनिन्छ ।

सतीघाटको नामले इतिहासको एउटा पीडादायी अध्याय सम्झाउँछ । नेपालमा सतीप्रथा उन्मूलन हुनुअघिको समयमा यहाँ श्रीमान्को मृत्यु भएपछि पत्नीलाई पनि चितामा जिउँदै जलाउने प्रथा रहेको स्थानीयको भनाइ हामीले सुन्यौं । इतिहासका यस्ता ठाउँहरूमा पुग्दा नदी केवल नदीजस्तो लाग्दैन । पानीसँगै समय पनि बगिरहेको अनुभूति हुन्छ ।

मर्स्याङ्दी बगिरहेको थियो । नदी आफ्नै गतिमा थियो । हामी भने एकजना कविको स्मृतिमा उभिएका थियौं । करिब एक घण्टाको औपचारिक कार्यक्रम भयो । भानुभक्तको तस्बिरमा माल्यार्पण गरियो । उहाँको व्यक्तित्व र योगदानबारे मन्तव्यहरू भए । गोकर्णेश्वर नगरपालिकाबाट रमेश विकल साहित्य प्रतिष्ठानको प्रतिनिधिका रूपमा मैले सबैको प्रतिनिधित्व गर्दै मन्तव्य राखें ।

त्यहाँ बोल्दै गर्दा मेरो मनमा एउटा कुरा बारम्बार आइरहेको थियो । भानुभक्तलाई सम्झन हामी काठमाडौं उपत्यकाबाट यति टाढा आएका छौं । तर भानुभक्तलाई सम्झने यात्रा केवल एउटा कार्यक्रममा उपस्थित हुनु होइन यो नेपाली भाषाको एउटा लामो यात्रासँग आफूलाई जोड्नु पनि हो ।

भानु, एउटा नामभन्दा धेरै । भानुभक्त आचार्य नेपाली साहित्यको इतिहासमा केवल एउटा कविको नाम होइन । नेपाली भाषामा रामायणलाई सरल र जनभाषाको नजिक पुऱ्याउने उहाँको प्रयासले उहाँलाई नेपाली समाजको सामूहिक स्मृतिमा विशेष स्थान दिएको छ । भानुभक्तको चर्चा गर्दा प्रायः हामी आदिकवि भन्ने सम्मानबाट सुरु गर्छौं । तर एउटा यात्रु भएर उहाँको जन्मभूमिमा पुगेपछि 'आदिकवि' भन्ने शब्दको अर्थ केही फरक ढङ्गले महसुस हुँदोरहेछ । किताबमा पढेको भानु एउटा कुरा रहेछ । उनको जन्मभूमिको माटोमा पाइला टेकेर सम्झिएको भानु अर्को कुरा ।

काठमाडौंमा बसेर हामी भानुको कविता पढ्छौं । चुँदीरम्घामा पुग्दा भने त्यही कविताको पछाडि रहेको भूगोल देखिन्छ । पहाड, नदी, बस्ती, बाटो र मानिसहरूको जीवनसँग जोडिएको त्यो परिवेशले कविको स्मृतिलाई कागजबाट निकालेर जीवनको नजिक ल्याइदिन्छ ।

स्थानीय प्रौढ र 'ठेकेदारसाबको अर्डर' । श्रद्धाञ्जली कार्यक्रम सकिएपछि हामीलाई खाना खाने ठाउँतिर त्यहींका एक स्थानीय प्रौढले लिएर जानुभयो । सबैले आ-आफ्नो इच्छाअनुसार भेज र ननभेज खाना खायौं । खाना स्वादिलो थियो । लामो यात्रापछि पेट पनि खुसी भयो । खाना खाइसकेपछि बिल तिर्न काउन्टरमा पुग्यौं । काउन्टरबाट जवाफ आयो, "हाइड्रोको ठेकेदारसाबको अर्डर हो । हजुरहरूले तिर्नु पर्दैन ।"

हामी एकछिन हेराहेर गऱ्यौं । हामीमध्ये कसैले भन्यो, "अब साहित्यकारको सम्मानमा हाइड्रो पनि जोडियो !" सबै हाँस्यौं । यात्रामा यस्ता साना घटनाहरू नै पछि गएर ठुला स्मृति बन्छन् । त्यो दिनको खाना, त्यो काउन्टरको जवाफ र हाम्रो सामूहिक हाँसो अहिले पनि सम्झिँदा यात्रा फेरि आँखाअगाडि आउँछ ।

चुँदीरम्घातर्फको उत्कण्ठा । अब हाम्रो मनमा एउटै उत्कण्ठा थियो भानुभक्तको जन्मघर हेर्ने । हामीले त्यहाँका एक प्रौढलाई साथमा लियौं र चुँदीरम्घातर्फ लाग्यौं । गाडी जति अगाडि बढ्दै गयो, मनमा एउटा किसिमको उत्सुकता बढ्दै गयो । यही भूगोलमा भानु जन्मिएका थिए । यही आकाशमुनि उनले बाल्यकाल बिताएका थिए । यही माटो, यही पहाड र यही परिवेशले कुनै समय नेपाली भाषालाई नयाँ आवाज दिने कविलाई हुर्काएको थियो तर समय सधैं हाम्रो इच्छाअनुसार चल्दैन । आधाबाटो पुगेपछि गाडी लिएर अगाडि जान केही असहज लाग्यो । बाटोको अवस्था र समय दुवैले हामीलाई सम्झाए अब फर्कनुपर्छ ।

हिँडेर जान सकिन्थ्यो होला तर निर्धारित कार्यक्रमको समय नजिकिँदै थियो । भानुको जन्मघर नजिक पुगेर पनि त्यहाँ पुग्न नसक्नु मेरो यात्राको सबैभन्दा ठुलो अधुरोपन बन्यो । कहिलेकाहीं यात्रा पूरा भएर पनि केही अधुरो रहन्छ । त्यही अधुरोपनले अर्को यात्राको निम्तो दिइरहन्छ । सायद चुँदीरम्घासँग मेरो सम्बन्ध यही अधुरो दर्शनबाट अझ गहिरो भयो ।

स्मृति सभाको दोस्रो चरणको लागि हामी त्यहाँबाट आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय रहेको हलतर्फ लाग्यौं । त्यहाँ दोस्रो चरणको कार्यक्रम थियो, भानुभक्तका बारेमा चर्चा-परिचर्चा । करिब दुई घण्टाको कार्यक्रममा साहित्य, भानुभक्त र उहाँको योगदानका बारेमा विभिन्न विचारहरू प्रस्तुत भए । गोकर्णेश्वर नगरपालिकाबाट गएका हामी विभिन्न साहित्यिक संस्थाका प्रतिनिधिहरूले आफ्ना कृति तथा संस्थाका प्रकाशनहरू भानु नगरपालिका र भानु जन्मस्थल विकास समितिलाई हस्तान्तरण गऱ्यौं । उहाँहरूले पनि आफ्ना प्रकाशनहरू हामीलाई प्रदान गर्नुभयो । किताबहरूको त्यो आदानप्रदान सामान्य औपचारिकता थिएन । त्यो दुई ठाउँबिचको साहित्यिक पुलको पहिलो इँटा थियो ।

काठमाडौंको गोकर्णेश्वर र तनहुँको भानु नगरपालिका भौगोलिक रूपमा टाढा छन् तर साहित्यले दूरी घटाउन सक्छ । साहित्यिक संस्था र स्रष्टाहरूको आवागमनले सम्बन्धलाई संस्थागत बनाउन सक्छ । भानुको स्मृतिमा भएको त्यो भेटमा हामीले एउटा गम्भीर सन्देश पनि दिएका थियौं, स्मृति दिवस वर्षमा एकपटक गर्ने औपचारिक

कार्यक्रममै सीमित नहोस् । गोकर्णेश्वर र भानु नगरपालिकाबिच साहित्यिक सम्बन्धलाई निरन्तरता दिऔं । स्रष्टाहरूको आदानप्रदान होस् । कृति आदानप्रदान होस् । साहित्यिक कार्यक्रमहरू आयोजना होऊन् । एकअर्काका साहित्यिक गतिविधिमा सहभागिता बढोस् । भानुभक्तको स्मृति त्यहींबाट अझ अर्थपूर्ण बन्न सक्छ ।

पाहुना भएर जाँदाको एउटा असहज अनुभूति त्यो कार्यक्रमभित्र बसेर मेरो मनमा अर्को प्रश्न पनि उठिरहेको थियो । भानुभक्तजस्तो व्यक्तित्वको जन्मभूमिमा आयोजित स्मृति सभामा स्थानीय साहित्यकारहरूको उपस्थिति स्वाभाविक रूपमा अपेक्षित हुन्छ । हामी भने गोकर्णेश्वरबाट आएका पाहुना थियौं । अझ रोचक कुरा हामीले आफ्ना संस्थाका प्रकाशन लिएर गएका थियौं, साहित्यिक प्रतिनिधित्व गरेका थियौं र भानुको स्मृतिमा मन्तव्य पनि राखिरहेका थियौं तर मनको एउटा कुनामा प्रश्न थियो, स्थानीय साहित्यकारहरू कहाँ छन् ?

यो प्रश्न कसैलाई दोष लगाउनका लागि थिएन । बरु साहित्यिक कार्यक्रमहरूको चरित्र र स्थानीय सहभागिताका बारेमा सोच्न बाध्य बनाउने प्रश्न थियो ।

भानुभक्तको जन्मस्थल कुनै एउटा नगरपालिकाको मात्र सम्पत्ति होइन । नेपाली भाषा र साहित्यसँग जोडिएको राष्ट्रिय धरोहर हो । त्यसैले यस्ता स्मृति कार्यक्रम स्थानीय समुदाय, स्थानीय स्रष्टा, विद्यार्थी, शिक्षक, साहित्यिक संस्था र बाहिरबाट आउने साहित्यकार सबैको साझा उत्सव बन्न सक्दा यसको अर्थ अझ व्यापक हुन सक्छ ।

हामी त्यहाँ पाहुना थियौं तर भानुका कारण हामी आफूलाई पूर्ण अपरिचित पनि ठानिरहेका थिएनौं । भानु एउटा साझा सांस्कृतिक धरोहर भएकाले हामी सबैको आफ्नै थिए । सायद यही साहित्यको सबैभन्दा सुन्दर पक्ष हो, कवि कुनै भूगोलमा जन्मन्छ, तर उसको शब्द भूगोलभन्दा धेरै टाढा पुग्छ ।

दुई नगर, एउटा साहित्यिक पुल । गोकर्णेश्वर र भानु नगरपालिकाबिचको सम्बन्धलाई केवल एउटा औपचारिक भ्रमणमा सीमित गर्नुहुँदैन भन्ने अनुभूति त्यो यात्राले बलियो बनायो । गोकर्णेश्वर आफैं पनि साहित्यिक गतिविधिका हिसाबले सक्रिय ठाउँ हो । यहाँ विभिन्न साहित्यिक संस्था छन्, स्रष्टाहरू छन्, नियमित कार्यक्रमहरू हुन्छन् । रमेश विकल साहित्य प्रतिष्ठानदेखि भैरव पुरस्कार गुठी, सुरभि साहित्य प्रतिष्ठान, अभिनव साहित्य समाज, कल्पतरु प्रज्ञा प्रतिष्ठान, स्रष्टा पदयात्रा नेपाललगायतका संस्थाहरूले आ-आफ्नो क्षेत्रमा साहित्यिक गतिविधि गरिरहेका छन् ।

भानु नगरपालिका भानुभक्तको जन्मभूमि भएकाले यसको साहित्यिक पहिचानसँग जोडिएको आफ्नै विशेषता छ । यी दुई भूगोलबिच एउटा साहित्यिक सहकार्यको सम्भावना स्वाभाविक रूपमा देखिन्छ । एकातिर भानुको जन्मभूमि । अर्कोतिर काठमाडौंको साहित्यिक वातावरणमा सक्रिय संस्था र स्रष्टाहरू । यी दुईलाई जोड्ने काम नियमित संवाद, भ्रमण, गोष्ठी, प्रकाशन आदानप्रदान र स्रष्टा आदानप्रदानबाट गर्न सकिन्छ र त्यो दिनको कार्यक्रमले त्यस दिशामा एउटा सानो ढोका खोलेको महसुस भयो ।

उद्धव रायमाझी, यात्राका अनौपचारिक नायक । यात्राको कुरा गर्दा उद्धव

रायमाझीलाई कसरी छुटाउनु ? उद्धव हाम्रो टोलीमा थिए । उनी धेरै बोल्ने मान्छे होइनन् । बरु कम बोल्ने तर यही कम बोलाइ नै यात्रामा उनको हास्यको प्रमुख स्रोत बन्यो । अर्कोतर्फ उनको अर्को विशेषता थियो बिहे नगर्ने अडान । हामीमध्ये प्रायः सबै समकालीन । त्यसैले उद्धवलाई जिस्क्याउने पर्याप्त विषय हामीसँग थियो । कसैले विवाहको प्रसङ्ग निकाल्थ्यो । उद्धव चुप । अर्कोले भन्थ्यो, "उद्धवजी, चुँदीरम्घामा पुगेपछि त बिहे गर्ने विचार आउला कि ?" उद्धव मुसुक्क हाँस्थे । फेरि अर्को आवाज आउँथ्यो, "भानुको जन्मस्थलमा पुगेपछि तपाईंलाई पनि कुनै 'भानु' भेटिएला नि !"

गाडी हाँसोले भरिन्थ्यो । उद्धव भने आफ्नो मौनतालाई नै जवाफ बनाउँथे । उनको मौनता कहिलेकाहीं हाम्रो ठट्टाभन्दा बढी हास्यास्पद हुन्थ्यो । यात्रामा एकजना कम बोल्ने मानिस हुनु पनि आवश्यक रहेछ । धेरै बोल्नेहरूका बिच उसको मौनता नै एउटा अलग किसिमको संवाद बन्छ ।

दोस्रो दिनको कार्यक्रम निर्धारित समयमै सकियो । करिब दुई घण्टाको कार्यक्रम सकेर दिउँसो २ बजेर १० मिनेटमा हामी काठमाडौं फर्कियौं । अब बाटो उही थियो । तर यात्राको मनस्थिति फरक । जाँदा हामीसँग उत्सुकता थियो । फर्कंदा अनुभव । जाँदा प्रश्न थिए । फर्कंदा सम्झना । बाटोमा फेरि उही हाँसो मजाक । फेरि कतै जाम । फेरि चिया । फेरि खाजा । फेरि उद्धवमाथि ठट्टा ।

कहिलेकाहीं लामो यात्रा मानिसलाई गन्तव्यभन्दा यात्राकै साथीहरूसँग नजिक बनाउँछ । हामी सातजना पनि फर्कंदासम्म अझ आत्मीय भइसकेका थियौं । कृष्णभिरको जामले फेरि हाम्रो गति रोक्यो तर यसपालि हामीलाई हतार थिएन । हामीलाई घर पुग्नु थियो, तर यात्राको अन्तिम घडीलाई पनि सकेसम्म सम्झनामा राख्न मन थियो । गाडीको झ्यालबाट बाहिर हेर्दा पहाडहरू पछाडि छुटिरहेका थिए । मर्स्याङ्दी, सतीघाट, भानु नगरपालिका, चुँदीरम्घाको अधुरो दर्शन, भानुको टोपी, हाइड्रोको आतिथ्य, साहित्यिक कार्यक्रम, पुस्तक आदानप्रदान सबै दृश्यहरू मनमा एकपछि अर्को आइरहेका थिए ।

भानुलाई छोडेर फर्कंदा भानुको जन्मघर हेर्ने हाम्रो चाहना पूरा भएन । सायद त्यसैले यो यात्रा हाम्रा लागि अझ पूर्ण भयो । किनकि प्रत्येक यात्राले केही प्राप्ति र केही अधुरोपन छोड्नुपर्छ । यदि सबै कुरा पूरा भयो भने अर्को यात्राको चाहना कहाँबाट आउँछ ? चुँदीरम्घा हामीलाई फेरि बोलाइरहेको छ । भानुको जन्मघर अझै हेर्न बाँकी छ । त्यहाँको माटोमा उभिएर भानुभक्तलाई सम्झन बाँकी छ । उहाँको जन्मस्थल वरिपरिका मानिससँग कुरा गर्न बाँकी छ । भानुको बाल्यकालको भूगोललाई आँखाले पढ्न बाँकी छ । त्यसैले फर्कंदै गर्दा मैले आफूलाई भनें, 'यो अन्तिम यात्रा होइन ।'

स्मृति सभाको वास्तविक अर्थ, स्मृति सभा किन गर्ने ? फूल चढाउन ? माला लगाउन ? मन्तव्य दिन ? तस्वीरमा श्रद्धाञ्जली अर्पण गर्न ? यी सबै आवश्यक छन् । तर स्मृति सभाको अर्थ यतिमै सकिनु हुँदैन । स्मृति भनेको विगतलाई वर्तमानसँग जोड्ने प्रक्रिया हो ।

भानुभक्तलाई सम्झनुको अर्थ उहाँले बाँचेको समय सम्झनु हो । उहाँले नेपाली

भाषालाई दिएको योगदान सम्झनु हो । उहाँका कृतिहरूलाई नयाँ पुस्तासम्म पुऱ्याउनु हो । नेपाली भाषाको वर्तमान अवस्थामाथि विचार गर्नु हो । साहित्यको भविष्यबारे सोच्नु हो र सबैभन्दा महत्त्वपूर्ण कुरा भानुको नाममा बनेका संस्था, नगरपालिका र साहित्यिक समुदायहरूबिच सम्बन्ध निर्माण गर्नु हो । त्यस अर्थमा हाम्रो यात्रा एउटा स्मृति सभामा सहभागी हुने यात्रा मात्र थिएन । यो सम्बन्ध खोज्ने यात्रा थियो । साहित्यिक सहकार्यको सम्भावना खोज्ने यात्रा थियो । आफ्नो नगरबाट अर्को नगरमा पुगेर 'हामी पनि साहित्यका मान्छे हौं, हामीबिच सम्बन्ध हुनुपर्छ' भन्ने एउटा सानो सन्देश बोकेर जाने यात्रा थियो ।

भानुको टोपी र मेरो टाउको, फर्कंदा मेरो टाउकोमा भानुभक्तको शैलीको त्यो बिर्केटोपी थिएन । त्यो सम्मान समारोहको एउटा क्षणमै सीमित रह्यो तर त्यसको स्मृति भने साथमा थियो । मलाई लाग्यो टोपी टाउकोमा लगाइदिने वस्तु मात्र होइन रहेछ । कहिलेकाहीं एउटा टोपीले एउटा इतिहासको सम्झना पनि टाउकोमा राखिदिँदो रहेछ । भानुको टोपी लगाएर केहीबेर हामी फोटो खिचिरहेका थियौं । त्यतिवेला त्यो रमाइलो क्षण मात्र लागेको थियो तर घर फर्कंदै गर्दा सम्झिएँ हामीले भानुको टोपी मात्र लगाएका थिएनौं, भानुको स्मृतिलाई पनि केहीबेर आफ्नो टाउकोमा बोकेका थियौं ।

एउटा अधुरो यात्रा, पूरा भएको अनुभूति, घर फर्किएपछि यात्रा सकियो तर मेरो मनमा यात्रा अझै चलिरहेको थियो । भदौ ३० गते आएको एउटा फोनबाट सुरु भएको कथा यति टाढा पुग्ला भन्ने मैले सोचेको थिइनँ । सुरुमा आफ्नै पुस्तक लोकार्पण कार्यक्रमका कारण जान नमान्नु । वेदमणि दाजुको आग्रह । नगर प्रमुख दीपक रिसालसँगको संवाद । गोविन्ददाइको स्वास्थ्य । सातजनाको टोली ।

आरुबारीबाट सुरु भएको यात्रा । कृष्णभिरको जाम । भानु नगरपालिकाको स्वागत । बिर्केटोपी । आनन्द बरालको आतिथ्य । हाइड्रोको कार्यालय । पोखराको रात । सतीघाट । मर्स्याङ्दी । भानुको समाधि । श्रद्धाञ्जली । स्थानीय प्रौढ । 'ठेकेदारसाबको अर्डर' । चुँदीरम्घाको अधुरो यात्रा । भानुभक्त जन्मस्थल विकास समितिको हल । कृति आदानप्रदान । दुई नगरबीचको सम्बन्धको प्रस्ताव । उद्धवमाथिको ठट्टा । फर्कंदाको जाम । यी सबै अलग-अलग घटना होइनन् । यी सबै मिलेर एउटा यात्रा बनेका छन् । र, त्यो यात्रा केवल तनहुँ जाने र काठमाडौं फर्किने भौगोलिक यात्रा थिएन । यो साहित्यको यात्रामा आफूलाई फेरि एकपटक हेर्ने यात्रा थियो ।

अन्तिम सम्झना । भानुभक्तको जन्मभूमिबाट फर्कंदा एउटा कुरा अझ स्पष्ट भयो कवि जन्मिने ठाउँ एउटा हुन्छ, तर कविको यात्रा त्यहाँबाट सुरु भएर असङ्ख्य ठाउँसम्म पुग्छ । भानुभक्त चुँदीरम्घामा जन्मिए । उनको भाषा काठमाडौं आइपुग्यो । उनको कविता गाउँ-गाउँ पुग्यो । उनको नाम विद्यालयका पाठ्यपुस्तकमा पुग्यो । उनको स्मृति नगरपालिकाका कार्यक्रमहरूमा पुग्यो र एक दिन उनको स्मृति मनाउन गोकर्णेश्वरबाट हामी सातजना फेरि उनको जन्मभूमिसम्म पुग्यौं । यही हो साहित्यको शक्ति । यसले दूरी मेटाउँछ । यसले अपरिचितलाई परिचित बनाउँछ । यसले एउटा नगरलाई अर्को नगरसँग जोड्छ । यसले विगतलाई वर्तमानसँग भेटाउँछ र कहिलेकाहीं एउटा फोनबाट

सुरु भएको यात्रा सातजना साथीहरूको हाँसो, एउटा नगरको आतिथ्य, एउटा कविको स्मृति र दुई भूगोलबिचको सम्भावित सम्बन्ध बोकेर फर्किन्छ ।

चुँदीरम्घा पुगेर पनि भानुको जन्मघर नदेखी फर्किनुपरेको अधुरोपन भने मनमा अझै छ तर त्यो अधुरोपनले मलाई एउटा अर्को बाटो देखाएको छ । फेरि कुनै दिन चुँदीरम्घा जाने छु । त्यसपटक हतार हुने छैन । गाडी जहाँसम्म जान्छ, त्यहाँसम्म जाने छु । त्यसपछि बाटाले जहाँसम्म डोऱ्याउँछ, पैदल जाने छु । भानुको जन्मघरअगाडि उभिने छु । त्यहाँको माटो हेर्ने छु । वरिपरिका मानिससँग कुरा गर्ने छु र मनमनै भन्नेछु "भानु, तपाईँलाई सम्झन काठमाडौँको गोकर्णेश्वरबाट आएका हामी सातजना त्यसदिन यहाँसम्म आइपुगेका थियौँ । समयले हामीलाई तपाईँको जन्मघरको ढोकासम्म पुग्न दिएन । त्यसैले आज फेरि आएका छौँ ।"

सायद त्यस दिनको यात्रा अझ पूर्ण हुने छ तर त्यो दिन नआउन्जेल, मसँग भानुको जन्मथलोबाट फर्किएको एउटा अधुरो, तर अत्यन्त प्रिय यात्रा छ । त्यो यात्राको सबैभन्दा ठुलो उपलब्धि मैले एउटा कविको जन्मघर देख्नमा होइन, एउटा कविको नामले दुई नगरका साहित्यिक मनहरूलाई एकअर्काको नजिक ल्याउन सकिने सम्भावना देख्नुमा पाएँ । त्यसैले त्यो यात्रा मेरा लागि केवल भानु स्मृति यात्रामात्र होइन सम्बन्ध, साहित्य र स्मृतिको यात्रा हो र त्यो यात्राको बाटामा आज पनि कतै कृष्णभिरको जाममा हाम्रो गाडी रोकिएको छ ।

गाडीभित्र उद्धवलाई जिस्क्याउने क्रम चलिरहेको छ । शम्भु हाँसिरहेका छन् । वसन्त, घनश्याम, नवराज र विमल आ-आफ्ना कुरा थपिरहेका छन् । बाहिर पहाड चुपचाप उभिएका छन् । मर्स्याङ्दी आफ्नै गतिमा बगिरहेको छ र चुँदीरम्घाको कुनै कुनाबाट भानुभक्त मुस्कुराउँदै हामीलाई हेरिरहेका छन् ।

सायद भन्दैछन्, "यात्रा सकिँदैन, यात्रीहरू मात्र केहीबेरका लागि घर फर्कन्छन् ।"■■

२०८३ सालको बडादसैँ, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसरमा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

अमृता सापकोटा
(प्रिन्सिपल)
पर्ल्स इङ्लिस एकेडेमी
जोरपाटी, नयाँ बस्ती, फोन:०१-४९१२५५३

निराजन आचार्य
(प्रिन्सिपल)
लर्ड्स लाइट एकेडेमी
नयाँ बस्ती, फोनः ०१-४९१५९१९

निबन्ध

डर



✍ गोसा झापाली

भनिएको छ कि मानव जातिमा तीनवटा गुणहरू विद्यमान हुन अति आवश्यक छ । जसले मानवलाई सभ्यता, शिक्षा र नैतिकता सिकाउँछ । धर्म, संस्कृति, परम्परा, आचार, रीतिरिवाज र अनुशासनको ज्ञान गराउँछ । ती तीन चिजहरू हुन्- डर, लाज र घिन । असल मानव बन्नका लागि यी तीन गुणहरू अति आवश्यक रहेका हुन्छन् । डराउन त निरीह र मुक पशुपन्छीहरू पनि डराउँछन् । डराएको जस्तो हाउभाउ, उनीहरूको हेराइ र अन्य क्रियाकलापले देखाउँछ तर उनीहरूमा लाज र घिन भने हुँदैन । मानव मात्रका लागि सम्बोधन गर्दा कस्तो लाज पचेको, शरम नभएको रहेछ भनेर भन्ने चलन छ । कस्तो फोहोरी भएर हिँड्न सकेको होला भनेको पनि सुनेका छौं ।

लेखनका लागि आजको लेखको शीर्षक भने लाज र घिन नभएर डरको मात्र रहेको हुँदा डरलाई लिएर केही रोचक तथ्यहरू पस्किन चाहेको हुँ । डर एउटा मनगढन्त भ्रम हो, जो हाम्रो मनभित्रको एउटा कुनामा चुपचाप थन्किएर बसेको हुन्छ । समय पाएर मनबाट मस्तिष्क हुँदै शरीरको बाहिरी भागसम्म आइपुग्दा डर लागेको थाहा लाग्छ ।

के कारणले मानिस डराएको होला ? आफूले जानी जानी गरेको गल्तीले, झुटो बोलेको खुल्ने भएर, एक्लोपन, सुनसान ठाउँ, साँझको बेला, असुरक्षित सम्पत्ति, कानुन विपरीत गरेको कार्यको पर्दा खुल्ने भएपछि, कसैलाई ठगेर भाग्दैगर्दा पक्राउ खाने जोखिम बढेपछि, चोरी मामला, पराया भार्याको बात लागेपछि, लुटेको धनसम्पत्ति फेला पर्दा, सर्प, बौलाहा कुकुर र वन हात्तीले झम्टिएमा, धार्मिक विधान उल्लङ्घन गरेमा र अन्य असामाजिक कार्य गरेमा मानिस डराउँछ । डर लाग्नुपर्ने मोटामोटी कारणहरू यिनै हुन सक्छन् ।

यी बाहेक चुरोट, रक्सी र ड्रग्सले लट्ठ परेको कुरा आमा बाबुले थाहा पाएमा, होमवर्क नगरीकन स्कुल गएमा, परीक्षामा चिट चोरेमा, आमाको गरगहना चोरेर बेची होटल र तास जुवामा उडाएको थाहा पाएमा, लाइसेन्स र ब्लुबुक नबोकी सवारी साधन चलाएमा, मापसे गरेर हर्नको भरमा बस, ट्रक र अन्य सवारी साधन चलाएमा, अर्काको जग्गा जमिन कीर्ते गरेर आफ्नो पारेको भेद खुल्ने भएपछि, भ्रष्टाचार गरेको प्रमाणित भएपछि, झुटो बोलेको थाहा पाएपछि, सिमाना विवाद गरी आफ्नो बनाएमा र ऋण खाएर फिर्ता नगरेमा पनि डर लाग्न सक्छ ।

मानिसबाट जीवनमा कुनै न कुनै गल्ती भएकै हुन्छ । त्यस गल्तीलाई छोप्नका लागि अर्को ठुलो गल्ती गर्नुपर्ने हुन्छ । जस कारण सानो खाडल पुर्नलाई अर्को ठुलो खाडल खन्नुपर्ने हुन्छ । झुटोलाई समेट्दा समेट्दै त्यो पुरेको ठाउँमा ठुलो भ्वाङ पर्छ । त्यो ठुलो भ्वाङमा सबैको नजर जान्छ अनि गोप्य कुरा गोप्य रहँदैन । त्यो बेला समाज

वा कानुनले माकुराले किरालाई बेरेजस्तो चट्ट बेरिहाल्छ । त्यसैले मानिस कुनै न कुनै कुराले डराइरहेको हुन्छ । मुखले म डराउँदिन भन्नेहरू पनि भित्रभित्रै डराएको अनुभव गरिरहन्छन् । यस्ता प्रकारका मानिसहरू चाहिँ सबैभन्दा बढी डराइरहेका हुन्छन् ।

उपर्युक्त कुराबाट के प्रमाणित हुन्छ भने सही कार्य गर्ने भनिएका व्यक्तिहरू पनि कहीं न कहीं डराउन चाहिँ डराएकै हुँदा रहेछन् । समाजको उत्थानका लागि, धर्म र नैतिकता बचाइराख्न, नैसर्गिक अधिकारलाई सुरक्षित र मर्यादित बनाई राख्न अनि आफ्नो मौलिकता बचाएर राख्नका लागि थोरै डराएर, लजाएर र सर्माएर चल्न सकेमा स्वच्छ समाज बन्नसक्छ भन्ने धारणा हो । एउटा स्वस्थ र शिक्षित रूपान्तरसहितको समाजको कल्पनाको कामना पनि हो ।

म सानैदेखि मेरा साथीहरूभन्दा अलिक निडर र साहसी थिएँ । आफूभन्दा उमेरमा केही ठुलाहरूले भने विभिन्न डरलाग्दा काल्पनिक कथाहरू सुनाएर सुन्न बसेका हामी साना सबैको मगज खराब गरिदिन्थे । म पनि उनीहरूको काल्पनिक कहानीबाट केही हदसम्म प्रभावित हुन्थें । खोलाघारीको राँकेभूत, नागी नागी हिँड्ने मुर्कट्टाहरू, मसानघाटका प्रेतहरू, डाँडागाउँकी बोक्सी, झाँक्रिनी बोजू, सार्वजनिक शौचालय तथा गुफा आसपासका चुडेलहरू, किचकन्या, छज्जाउने, मौलाउने, बक्ने, देउता चढ्ने, माता उत्रिने, वायु लाग्ने, वनकाले पिर्ने, सुसेली बजाउने, चिच्याउने, तर्साउने वा हावा लाग्ने जस्ता विभिन्न खाले काल्पनिक शीर्षक राखेर हामीभन्दा ठुला उमेरकाहरूले हामी केटाकेटीहरूको सातो खान्थे । त्यस्ता खाले कथाहरू सुनेर डरछेरूवाहरू धेरै डराउँथे, निडरहरू भने निर्भीक हुन्थे ।

आधुनिक शिक्षा र स्वज्ञानको प्रभावले केही हदसम्म डररूपी अन्धविश्वासको चुचुरो भत्काए पनि समस्या भने जहींको तहीं रहेको छ । अहिले पनि कसैले यो मैले मेरै आँखाले देखेको साँचो कुरा हो भनेर कुनै डरलाग्दो कहानी सुनाउन सुरु गऱ्यो भने सुन्ने सबैको जिउ जिरिङ्ङ हुन्छ । यस कुरालाई पुष्टि गर्नका लागि टेलिभिजनका विभिन्न शृङ्खलाहरूमा प्रस्तुतकर्ताहरूले 'जी हरर' नामक कार्यक्रमहरू देखाएर दर्शकहरूको मनमा डर पसाउने काम गरिरहेका छन् । प्रख्यात फिल्म निर्माताहरूले पनि यसै कुरालाई अँगालेर आफ्नो आफ्नो फिल्म व्यवसाय बढाउने प्रयत्न गरिरहेका छन् । यद्यपि लेखक मोदनाथ प्रश्रितज्यूको "भूत प्रेतको कथा" पुस्तक आद्योपान्त पढेमा डरबारे धेरै यथार्थहरू हात लाग्ने छन् । भूत पिशाच भनेको मनगढन्त कल्पना मात्र हो । यसमा कुनै तथ्य छैन । मानिस आफैंले बनाएको काल्पनिक घोडामा आफैं चढेर दौडिन्छ, अनि अलिक पर पुगेर जोडले पछारिन्छ, सत्य यति मात्रै हो ।

मलाई पनि जिन्दगीमा एक पटक डराएर हेर्न मन लाग्यो । बाल्यकालमा भूतप्रेतको कथा सुनेर अलिअलि डराएको थिएँ । अलिक ठुलो भएपछि स्कुल जाँदा भिरको चिप्लो बाटामा चिप्लिएर लडिन्छ कि भनेर डराएँ । स्कुल पुग्न ढिला भएमा शिक्षकबाट पिटाइ खाइने हो कि भनेर डराएँ । अझै ठुलो कक्षामा पुगेपछि परीक्षामा नपढेको पाठबाट प्रश्न आउने हो कि भनेर डराएँ । परीक्षाको नतिजा पो खराब आउने हो कि भनेर

पनि डराएँ । कलेज पढ्दा धूम्रपान, मद्यपान तथा मांसाहार गर्ने साथीहरूको सङ्गतमा परिने हो कि भनेर धेरै डराएँ । विवाह गरेर श्रीमतीलाई ल्याउँदा इज्जत दिन सक्दिनँ कि भनेर डराएँ । व्यवसाय गर्दैगर्दा पनि साथीहरूको दाँजोमा पुग्न सक्दिनँ कि भनेर डराएँ । मातापिता, विद्वतजन तथा गुरूजनहरूको मर्यादा कायम गर्न सक्दिनँ कि भनेर डराएँ । खोलानाला, भिरपैह्रो, डुबान कटान र आँधीबेहरीदेखि खुबै डराएँ । फ्लाइट आवर सकिएका हवाईजहाज चढ्न असाध्यै डराएँ । ब्रेकफेल भएका बसहरू चढ्न, हेडलाइट बिग्रिएका थोत्रे सवारी साधन चढ्न र भ्रष्ट भनेर चिनिएका व्यक्तिहरूदेखि पनि निकै डराएँ । जनताको नाममा राजनीति खेल्ने अनि जनताकै अधिकार हनन गरेर अकुत सम्पत्ति कमाउने शासकहरूदेखि भने झनै डराएँ ।

परोपकारका नाममा गलत धारणा बनाउने, देश र देशभित्रका चालु अवस्थाका उद्योगहरूलाई धरासायी बनाउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, नक्कली प्रमाणपत्रले जागिर खाने, अकुत सम्पत्ति कुम्ल्याउने, सरकारी ढिकुटी रित्याउने, मानव बेचबिखन तथा ओसारपसार गर्ने, ड्रग्सको व्यापार गर्ने, ऐन कानुन मिच्नेजस्ता महानुभावहरूदेखि अत्यधिक डराउने गर्दछु ।

आफ्नो देशबाट विदेश पलायन भएका कलाकारहरू, खेलाडीहरू, शिक्षित वर्ग तथा पेटका लागि ऋण लिएर ज्यान माया मार्दै विदेशिने युवायुवतीहरू र त्यस्ता सोझा युवा युवतीहरूबाट विदेश पठाइदिने प्रलोभनमा पारी धन लुटेर धोका दिई घरको न घाटको बनाउने धोकेबाजहरूदेखि म असाध्यै डराउने गरेको छु ।

यी बाहेक डराउनु पर्ने अन्य केही कारणहरू पनि छन् जसले गर्दा म डराउने गर्छु । जातजाति, भाषाभाषी, धर्मसंस्कृति, चाडपर्व र राष्ट्रिय मौलिकतामा हाल आएको र आउँदै गरेको विकृति, विदेशबाट भित्रिँदै गरेको छाडापन, नाङ्गोपन, अवैज्ञानिक र अस्वस्थ्यकर खानेकुरा, नक्कली प्रमाणपत्रवाला डाक्टर तथा नक्कली औषधीदेखि पनि म खुबै डराउने गर्दछु ।

नानाथरीका रोगहरूमा एलर्जी, इन्फ्लुएन्जा, कन्जटिभाइटिस्, मलेरिया, क्षयरोग, कोरोना, बर्ड फ्लू, झाडापखाला, दूषित पानी, कुपोषण, एन्केफ्लाइटिस्, मेनेन्जाइटिस्, जन्डिस, ग्यास्टिक, अल्सर, प्रेसर, सुगर, बाथ, एनेमिया, ब्रोङ्काइटिस्, ब्याक्टेरियल इन्फेक्सन, इन्जुरी, निमोनिया, सिफिलिज, गोनोरिया, प्रोस्टेट, पारकिन्सन्, सोरियासिस्, एज्मा, हृदयघात, क्यान्सरलगायत एक्वायर एमिनो डिफिसेन्सी सिन्ड्रोम (एड्स) जस्ता अनेकानेक अति घातक रोगहरूदेखि म अत्यधिकै डराउँछु ।

डराउनु पर्ने अरू पनि धेरै कारणहरू छन् तर निडर हुनका लागि साहसी हुन्, मर्यादा पालक हुन, बहादुर हुन, अनुशासित हुन, निर्भीक हुन, राष्ट्रप्रेमी हुन, आध्यात्मिक र धार्मिक हुनका लागि कोशिस र प्रयत्न आवश्यक छ । डराएर भागेर कहाँसम्म जान सकिन्छ र ? डरको सामना गर्न भिड्नु र समस्याको समाधान गर्न चेष्टा गर्नु नै अति श्रेयस्कर कार्य हो । हिन्दी कहावतमा भनिएको छ, *जो डरा समझो वो मरा, मरे मेरे दुस्मन, जिना हि जिन्दगी है, डरना हि मौत तेरि* आदि आदि । ■■

गीत



नवशिला

अलिकति तिम्रो प्रेमले अलिकति मेरो प्रेमले
यो घर चलेको हो प्यारी मलाई यति थाहा छ
सबै खुसी बनेका हुन् सबै हाँस्ने बनेका हुन्
चुलो बलेको हो प्यारी यति मलाई थाहा छ ।

तिमी नै त सौन्दर्य हौ मैले बाँच्ने जिन्दगीको
भरोसा नै तिमी हौ नि मैले हाँस्ने जिन्दगीको
अलिकति तिम्रो साथले अलिकति मेरो साथले
यो घर चलेको हो प्यारी मलाई यति थाहा छ ।

पराई आफ्ना बनेका हुन् प्रेम गर्न थालेका हुन्
सन्ताप ढलेको हो प्यारी यति मलाई थाहा छ ।

तिम्रो शिर ढाल्दाखेरि मलाई पीडा हुन्छ प्यारी
भित्रभित्रै जलन हुन्छ मेरो यो मन रून्छ प्यारी
अलिकति तिम्रो प्यारले अलिकति मेरो प्यारले
यो घर चलेको हो प्यारी मलाई यति थाहा छ
फूलले सुवास छरेको हो प्रेमिल रङ भरेको हो
ज्योति बलेको हो प्यारी मलाई यति थाहा छ ।

- मूलपानी, काठमाडौं ।

२०८३ सालको बडादसैँ, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसरमा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

श्रीकृष्ण थापा
(प्रिन्सिपल)
एमिल एकेडेमी
शान्तिनगर, फोनः ९८५११२८१९९

छेवाङ्गछेदर भुटिया
(प्रिन्सिपल)
अरूणज्योति विद्या मन्दिर
जोरपाटी, फोनः ०१-४९१७१४७

समालोचना

'हुरीको इन्द्रेणी उक्लेर' कविताहरूको विमर्शन



✍ ठाकुर शर्मा भण्डारी

कविपरिचय

नेपाली साहित्यको क्षेत्रमा गद्यकविताको थालनी गर्ने सरल एवम् भावनात्मक कवि गोपालप्रसाद रिमालपछि अनेक कविहरू देखिए पनि बिसको दशकका सशक्त कवि भूपी शेरचनका कविताले धेरै पाठकलाई आकर्षित गर्नुका साथै उचाइ प्राप्त गरेको हो । तिसको दशकमा मूर्तामूर्तताको कविताक्षेत्रमा प्रायशः नेपाली साहित्यका दुई धार देखिएका थिए । ईश्वरवल्लभ, वैरागी काइँला, मोहन कोइराला, मदन रेग्मी, महेश प्रसाईंजस्ता शक्तिशाली कविहरू एउटा धार थियो/छ भने अर्को सहज शैली अपनाएर किन कविता नलेख्ने भनेर लाग्ने कविहरूमा कृष्णभूषण बल, विनोद अश्रुमाली, तीर्थ श्रेष्ठ, विमल निभा, दिनेश अधिकारीसहित विष्णुविभु घिमिरेजस्ता कवि-व्यक्तित्वहरू साहित्याकाशमा देखिए । कतिपय कविहरूको दृष्टिकोण यसभन्दा पनि फरक धारमा गए होलान् तर विष्णुविभु घिमिरेको अवधारणा सहजतामा अभिव्यञ्जनात्मकता किन नदिने भनेर लागेको हुनाले र लेखनमा सशक्त रूपमा साहित्यमा देखिएको स्पष्ट हुन्छ । उनको सिर्जनशीलतालाई उजागर गर्ने हेतुले यो समीक्षात्मक लेखनको अभिप्राय रहेको छ ।

तिसको दशकका कवि विष्णुविभु घिमिरेको जन्म इलाम बर्बोटेमा भएको हो । हाल कानमपा ३१ जागृति नगरमा बसोवास रहेको छ । नेपाली इतिहास संस्कृति तथा पुरातत्त्वमा एम.ए र पिएच.डी.सम्मको अध्ययन गरेका घिमिरेका प्रकाशित कविताकृति हुन्- कठघरामा उभिएर (२०४५), काँडाकाँडामा टेकेर (२०५८), हुरीको इन्द्रेणी उक्लेर (२०८१) । 'एउटा बस्तीको कथा' (संयुक्त कवितालेखन २०५९) आएको थियो भने 'जनैको साँचो' र 'सहयात्रा' टेलीचलचित्रको लेखन पनि रहेको देखिन्छ ।

विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका घिमिरे नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति, पूर्व अध्यक्ष, साझा प्रकाशन, लेखक सङ्घ, सिर्जनशील झापाली समाज र संस्कृति विभाग (पाटन संयुक्त क्याम्पस), पूर्व महासचिव लून गङ्गा साहित्य कला मन्दिर र नाट्य संस्था सर्वनामका संस्थापक संयोजक हुन् ।

नेपाली साहित्यको क्षेत्रमा योगदान दिए बापत मोती पुरस्कार, प्रतिभा पुरस्कार, उत्कृष्ट युवा साहित्य पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, सर्वश्रेष्ठ लेखन पुरस्कार, साहित्यिक पत्रकारिता पुरस्कार, बी.पी. कोइराला राष्ट्रिय पुरस्कार, मानश्री पुरस्कार, दधिराज सुवेदी राष्ट्रिय भाषा-साहित्य पुरस्कार, कृष्णभूषण बल बलस्मृति सिर्जना पुरस्कार, सरस्वती सम्मान, व्यथित काव्य वनिता पुरस्कार, वासुशशी स्मृति पुरस्कार आदि अनेक पुरस्कार/सम्मान प्राप्त गरेका छन् ।

द्रष्टादृष्टिकोण

माया प्रकाशन कालोपुलबाट २०८१ सालमा प्रकाशित 'हुरीको इन्द्रेणी उक्लेर' कवितासङ्ग्रहको अग्रलेखमा विभिन्न विद्वान् व्यक्तित्वहरूको दृष्टिकोण भूमिकाको रूपमा समाविष्ट भएको छ । 'विष्णुविभु घिमिरेका कविताः दुई शब्द' शीर्षकमा नेपाली साहित्यका अग्रणी व्यक्तित्व, प्रज्ञाप्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाको दृष्टिकोण यस्तो रहेको छ कविप्रति, "कवि विभुका विचारमा जीवन भाव र अभाव, सुख र दुःखको निरन्तरता हो । क्रान्ति र सङ्घर्षका बाबजुद समाज र व्यवस्था फेरिन नसकेकामा कविलाई दुःख लाग्दछ । उनका कवितामा समसामयिक समाज, जीवन र जगत्को चित्रण, वर्तमानको पीडा र देशको दुरवस्थाको मार्मिक चित्रण छ तथापि कवि निराश भने कहिल्यै छैनन् ।" (पृ.घ)

'विभु र म' शीर्षकमा गीतकार एवम् साहित्यकार दिनेश अधिकारीको कविप्रतिको भावना छः "विभुका कविता अत्यन्तै शक्तिशाली छन् । प्रायः सामान्य विषयवस्तुलाई टिपेर त्यसका अन्तरकुन्तर छाम्दै मानवीय संवेदनाको वरिपरि घुम्ने उनका कविताले सधैँ सधैँ पाठकको मन जित्दै आएको छ । परिवर्तन र सामाजिक न्यायको पक्षपाती विभुभित्रको कवि अत्यन्तै साहसी र इमान्दार पनि छ । लेखनमा सरलता विभुको अर्को विशेषता हो ।" (पृ. च)

'कवि विष्णुविभु घिमिरे र उहाँका कविता' शीर्षकमा साहित्यकार अविनाश श्रेष्ठको विचार छ, "उहाँका कविता हृदयसंवेद्य छन् र छन् सरलसरस अनि अर्थका अनेक स्तरलाई वहन गर्ने सामर्थ्यसहितका । आफ्ना कविताको विषयगत विविधता, शब्दचयन, प्रस्तुतिशिल्प-पक्ष र कलागत सौन्दर्यप्रति कवि विष्णुविभुलाई सचेत साथै सजग पाउँछौं ।" (पृ. ञ)

'अनुभूति' शीर्षकमा साहित्यकार अशेष मल्लको दृष्टिकोण यस्तो रहेको छ, "उसका कवितामा मलाई छुने कुरा भनेको हर कवितामा हुने आख्यान तत्त्व नै हो । कतै न कतै कुनै कथ्य, वस्तुविधान र मूर्त अमूर्त चरित्रको उपस्थिति उसका कविताको खास प्रवृत्ति हो । कहीं कुनै वस्तु वा घटनाले छोएपछि स्वतःस्फूर्त पोखिने अनुभूति ।" (पृ. ङ)

'कठिन पथका सहज पथिक' शीर्षकमा साहित्यकार तीर्थ श्रेष्ठको भनाइ छ, "जीवनसँग जोडिएका यावत् विषय कविताका विषय हुन् । कविताको क्यानभासमा नअट्ने कुनै विषय छैन । विष्णु विषयगत वैविध्यतामा रमाउने कवि हुन् । विद्रोहीचेतले सायद मान्छेलाई कवितातर्फ उत्प्रेरित गर्छ । समाजमा हुने थिचोमिचो, विभेदविरुद्ध विष्णुको कवि हुङ्कार गर्छ । सरल तर गम्भीर कविताका सर्जक प्रिय मित्र कवि विष्णुविभुका कविताहरूले कविता लेख्न प्रेरित गरिरहन्छन् ।" (पृ. ण)

'नरम' शीर्षकमा साहित्यकार अमर न्यौपानेको दृष्टि यस्तो रहेको छः "नौनीजस्तै नरम स्वभाव, शब्दहरूलाई चपाई-चपाई उघ्राएजस्तो गरी बोल्ने, जसले गर्दा वाक्यहरू पनि नरम भएर निस्कने, जमिनलाई गह्रुङ्गो होला कि भनेजस्तो गरेर आफैँलाई हलुका बनाउँदै नरम तरिकाले हिँड्ने, कसैलाई हेर्दा पनि नरम नजरले हेर्ने, कसैलाई नबिझाउने, बरु कुरा र कविताले निथ्रुक्क भिजाउने । आजसम्म सधैँ नरम अनुभव गरेको छु, उनका कविताजस्तै ।" (पृ. द)

यसरी कवि विष्णुविभु घिमिरेको सन्दर्भमा विभिन्न स्रष्टाहरूको दृष्टिकोणले यथार्थ प्रस्तुत गरेको अनुभूति कविताहरू पढ्दा हुन्छ । सहज तरिकाबाट समाजको कमी-कमजोरीलाई प्रतीयमान अर्थमा भन्न सक्ने क्षमता उनमा रहेको छ । सहज र शालीन व्यक्तित्वको भेटमा गरिने वार्तालाप एवम् कवितालेखन उस्तै-उस्तै लाग्ने गर्छ । यस्ता कविको विषयमा सामान्य चर्चा गर्ने समुद्देश्यले कृतिगत विषय उठान भएको हो ।

'हुरीको इन्द्रेणी उक्लेर' कृतिको समीक्षात्मक दृष्टिकोण

'हुरीको इन्द्रेणी उक्लेर' कवितासङ्ग्रहभित्र छयालीसवटा शीर्षकका कविताहरू रहेका छन्, जसले सामाजको यथार्थस्थितिलाई अवलोकन गराउँछन् । कविता लेख्ने क्रममा- "आफ्नो सुरक्षा हतियार भएपछि हुन्छ वा दोधारको स्थिति देखाउने कविले समाजमा जे भएको छ, जे गरिएको छ हामी आफैंले गरेको हो र आफ्नै त हुन्छ" भन्ने दृष्टिकोणमा आफ्नो अनुभूतिलाई व्यक्त गरेको देखिन्छ ।

'हतियार'मा शस्त्र-अस्त्र भएको मानिसले आफूलाई सामर्थ्यवान् ठान्छ तर उसैबाट अन्त्य हुने भाव प्रकट भएको छ । 'खै के लेखूँ के लेखूँ'मा प्रकृतिका हरवस्तुलाई समातेर वा सामाजिक युद्धका प्रतीकलाई बिम्ब बनाएर कवितामा सुन्दर भाव व्यक्त गरिएको छ । जस्तै-

टाढाटाढा फैलिएको विशाल तालजस्तै
जति समेट्न खोजे पनि आँखा बाहिरै रहने
पढ्नेको आँखा त्यसैमा हराउने गरी कविता लेखूँ भन्छु । (पृ. ४)

'सम्झनामा'मा सम्झनाका तन्तुले वा तरङ्गले पछ्याइरहेको अवस्थाको अनुभूति व्यक्त भएको छ भने 'कहाँ होला'मा शान्तिको आकाङ्क्षामा भौंतारिएको मानसिक भाव व्यक्त भएको छ । त्यस्तै 'हामी बुझ्ने छौं'मा देशको स्थिति बिग्रँदै गएको अवस्थाले चिन्तित कविको बुझाइलाई व्यक्त गरिएको छ । 'बेकार छ'मा बाह्य राम्रो भएर के गर्नु आत्मीयता नभएपछि सबै बेकार हुने स्थितिको वर्णन छ । 'फरक के ?'मन नभए संवेदना हुँदैन, बुद्धिले मात्र काम गर्दा सबै हराउने र मानिस नरहने अवस्थाको वर्णन रहेको कवितामा भने 'बगिरहने नदी हो जीवन'मा बगिरहने नदीजस्तै जीवनलाई हेरिएको छ र मृत्युपछि रमाइलो हुने भाव व्यक्त छ । यो सुन्दर कविता हो यसमा भनिएको छ-

रूखमा बुढा पातहरू पहेलिएर झर्नैपर्छ
त्यहाँ नयाँ पालुवा पलाउनैपर्छ
रूखले नयाँ पालुवा हालेन भने
सृष्टिको अर्थ हराउँछ
प्रकृतिको रोचकता धर्मराउँछ
सिर्जनाको सौन्दर्य समाप्त हुन्छ । (पृ. १८)

'सोचेजस्तो'मा यस संसारमा व्यक्तिले सोचेजस्तो नहुने भाव व्यक्त छ भने 'यस्तो कोरोना आइदिए हुन्थ्यो'मा मानिसको मन विचार सबै कारोनायुक्त भएको छ, मन धोइने कारोना आए हुन्थ्यो भन्ने भाव कवितामा आएको छ । प्रकृतिसँग बाँच्नुपर्ने

हुनाले प्रकृतिलाई जोगाउनुपर्ने अवधारणा व्यक्त छ 'निकुञ्ज' कवितामा । 'उठ्ने वेला भइसक्यो !'मा अब सबै स्वतन्त्रताका लागि उठ्ने वेला भएको अवस्थाको वर्णन छ, यसमा हरवस्तुको स्वतन्त्रता भएकाले अब जागौं भनिएको छ भने हजारौं सम्झनाका पोका वा सपना सल्लो सुसाएझैं सुसाएको स्थितिलाई देखाइएको छ- 'याद' कवितामा । 'अहिले यति वेला !'मा सामाजिक अवस्था नराम्रो भएको, मानिस हराएको, आगो बलेको कारण प्रलय हुने स्थितिको अवलोकन गरिएको छ भने 'तिमीलाई मेरो सलाम !'मा कतै आगो, कतै बाढी-पहिरो छ तर प्रलय आउनुपर्छ भन्दै सलाम गरिएको कविमनले समाजमा देखिएको विसङ्गतिप्रति व्यङ्ग्यप्रहार गरेको छ कवितामा । त्यस्तै त्रासयुक्त समाज भएको स्थितिको वर्णन गरिएको कविता हो 'सङ्केत' । सोचेजस्तो नहुने कुरालाई निरङ्कुश व्यक्तिको उदाहरण दिँदै सम्झाउन नसकेको भाव व्यक्त छ- 'कसले सम्झाउन सक्छ र !' कवितामा । अनेक सङ्घर्ष गरेर वर्तमान स्थितिमा आएको र आत्मविश्वास नै संसारमा ठूलो हो भनिएको छ, 'आत्मविश्वास !'मा । 'प्रेममा' कविताले प्रेममा फूलजस्तो अनुभूति भए पनि कविलाई काँडा मन परेको छ, अर्थात् सङ्घर्ष नै मन परेको छ । त्यहाँ कविभावना यसरी व्यक्त भएको छः-

प्रेममा जून मात्र हुन्छ
जूनमा सधैं भरोसा हुँदैन
कहिले त्यो सानो हुन्छ
कहिले त्यो पूर्ण हुन्छ
कहिले त्यो हराउँछ,
त्यसैले, मलाई
जूनभन्दा ताराहरू मनपर्छ । (पृ. ४२)

'उही छन् उस्तै छन्'मा संविधान फेरिए पनि मानसिकता उस्तै भएको भाव व्यक्त भएको छ भने 'अहिले जहाँ म पुगेको छु !'मा मानिसको आकाशजस्तै मन खुल्नुको तात्पर्य साक्षात्कार हो भनिएको छ । आफ्नो मनलाई थाती राखेर अरूको हिँडाइमा हिँड्नुपर्ने भुसिल्किरे मनको भाव व्यक्त छ- 'भुसिल्किरो मन'मा । 'सुन्दर सधैं दुखिरहन्छ !' शीर्षक कविताले मानिसहरू सुन्दरताको आकाङ्क्षा राख्छन् तर आफ्नो आफैंले प्रयोग गर्न नसक्ने स्थितिबोध गराउँछ भने 'युद्ध र प्रेम'मा प्रेममा हार्नेले जित्छ तर युद्ध जित्नेले जित्छ भन्ने भावमा नेपाली जनमानसमा युद्धले जरा गाडेको सन्दर्भ आएको छ । केवल खान पाउनुमात्र स्वतन्त्रता होइन भन्ने भाव 'स्वतन्त्रता'मा छ भने 'नसोधी गर्नु'मा जात-जातिको विषयमा आगाले जाति नसोधे झैं, गोरो-कालो नसोधे झैं सबैमा सद्भाव राख्नुपर्छ भनिएको छ । 'मन र संवेदना'मा भावनात्मक कुराको कुनै सीमा नहुने यस्तो सन्त हो, उसको उमेर हुँदैन भनिएको छ भने 'अहिलेसम्म'मा वर्तमान समय बन्दी भएको, अशान्त वातावरणमा बाँच्न मुस्किल परेका भाव व्यक्त छ । यस्तै 'ढोका' शीर्षकको कवितामा जीवनमा सिर्जना र विध्वंसका दुई ढोका हुने हुँदा अहिले बन्द भएको

सन्दर्भ रहेको छ भने 'हामीसँग त !'मा फोहोर नदीमा फाली वातावरण बिगारेर ध्वंस गर्ने र स्वार्थमा लिप्त भाव व्यक्त भएको छ । यहाँ कवि प्रकृतिसँग कुरा गर्छन् । अभिव्यक्त व्यङ्ग्यात्मक कविभावना यस्तो छ,

हामी जनावर हौँ
हामी कीट-पतङ्ग हौँ
मान्छे तिम्रो जस्तो भाषा
हामीसँग छैन
तिम्रो जस्तो चेतना
हामीसँग छैन
हामीसँग
तिमीसँग भएको केही छैन । (पृ. ६४)

मायाको सन्दर्भ जोड्दै कविले यसको जात नहुने तर विश्वास हुने, छुट्टिँदा पनि बाँचिरहने भाव आएको छ 'माया' कवितामा । दुःख नभएको संसारमा कोही छैन, दुख्दादुख्दा दुख्न छाडेको भाव 'दुख्न बाँकी रित्तिएजस्तो !'मा छ भने 'सोचाइको आयतन'मा आकाश जतातै भएको र उद्देश्य पनि यस्तै हुनुपर्ने भा व्यक्त छ । चाहना अनेक हुँदाहुँदै पनि मन र शरीरको सन्तुलन रहनुपर्ने भाव 'कठै ! मेरो मन'मा छ भने 'एक दिन'मा हजुरबाले बाल्यकालमा सुनाएका कृष्ण र कंसको कथाको प्रभाव अहिले पनि रहेको छ । 'सम्झना पर्खनु बेकार छ !'मा सम्झनाको पर्खाइ बेकार भएको सन्दर्भ छ भने 'हामी बिर्सन्छौं ?'मा नीमको बिरुवामा मह खन्याएर गुलियो नहुने यथार्थ चित्रण छ । 'आश्लेष' र 'प्रेम भनेको !'मा प्रेमको सन्दर्भ रहेको छ । एकाकारको भावना र निकटताको भाव व्यक्त छ भने 'महानिर्वाचन !!' निरङ्कुशताको खडेरीमा आफ्नो हकका लागि सहिदले देखेको सपना पूरा भएर पनि केही नभएको स्थितिको वर्णन छ । यस्तै 'चुपचाप चुपचाप'मा अहिले धर्ती, आकाश, वातावरण चुपचाप छ, शून्यतामा परिणत भएको छ भन्ने भाव व्यक्त छ । 'इन्द्रलीला र विश्वेश्वर !' यी दुई कविता व्यक्तिविशेषलाई सम्झिएका र उनीहरूको कार्यलाई सम्बोधन गरिएका कविता हुन् । एकको तेस्रो आयाम र अर्को राजनीतिको क्षेत्रमा सङ्घर्ष गरेको स्वतन्त्रताका लागि भन्ने धारणा व्यक्त भएको छ । 'बाँच्ने कुरा' मानिसका आवाज दबाएर मुर्दा बनाउने प्रवृत्तिको समाप्ति हुने सन्दर्भ आएको छ । 'मलाई मन पर्छ !' पढेलेखेका शिक्षित व्यक्ति झोक्राएको देख्दा निरक्षर मानिस भएर पनि काम जुट्ने मानिस मनपर्ने भाव व्यक्त छ भने 'आफ्नै हुन्छ !' कवितामा आफूमा रहनुको आनन्द फरक हुन्छ भन्ने भावको कवितामा कविभावना यसरी व्यक्त हुन्छ,

राष्ट्रियता बिटुलो बनाउनेहरूको विरोधमा
आफ्नो माटो र मुटुलाई एकै ठाउँको गाँसेर
राष्ट्रप्रेममा अडिग भएर

तीव्र विद्रोहको ज्वालामुखी
फुटाउन सक्नुको गौरव आफ्नै हुन्छ । (पृ. ९९)

यसरी कविताको समय सन्दर्भ र सामाजिक अवस्थाको यथार्थ स्थितिलाई अवलोकन गर्दा बडो चामत्कारिक ढङ्गबाट सरल शैलीमा अन्तर्यमा गटमुटिएका भावना अभिव्यक्त भएका छन् कवितामा । कविताका शीर्षक सरल र वाक्यात्मक पनि देखिन्छन्, अर्थात् कतिपय शब्दात्मक र कतिपय वाक्यात्मक रहेका छन् । एक शब्ददेखि पाँच शब्दसम्मका शीर्षकले नै कविताको संरचना, भावना वा दृष्टिकोणलाई द्योतन गर्छन् ।

कतिपय शब्द वा वाक्यहरूमा व्याकरिणक दोष पनि देखिएका छन्- उदाहरणार्थ शब्दहरूमा जस्तै- आयातन (हुनुपर्ने- आयतन), स्वभाविक/अस्वभाविक (हुनुपर्ने- स्वाभाविक/अस्वाभाविक), ज्वालामूखी (हुनुपर्ने- ज्वालामुखी) तर अन्य कुरामा कविताको लेखनशैली र समयसन्दर्भ, मानवीय भावनालाई अत्यन्त प्रभावकारी ढङ्गबाट व्यक्त गरिएको छ । कविताको भावनात्मक सन्दर्भलाई जोड्नुका साथै कृतिगत कवितात्मक भावना व्यक्त गर्दै सङ्क्षिप्तलेखनबाट विश्राम लिन्छु ।

समाजभित्र भोगाइ कविताभित्र आउँदा ।
निर्मल-स्वच्छ-धारामा कविता जुर्मुराउँदा ।।
कवि हुङ्कारमा विष्णु थिचोमिचो सुनाउँछन् ।
विद्रोही चेतना सूत्र वैविध्यमा रमाउँछन् ।।१।।
पर्वतारोही झैँ विष्णु कविताभित्र छाउँदा ।
सुबोध्य शब्द-सौन्दर्य व्यङ्ग्य-चित्र रसाउँदा ।।
आनन्द-नन्द-आख्यान-तत्त्वको भाव आउँछ ।
नाटकीय छ सन्दर्भ चमत्कार उदाउँछ ।।२।।
सम्झना-आत्मविश्वास-प्रेम-स्वतन्त्रता यहाँ ।
झुसिल्किरा बनेका छन् परतन्त्री प्रभावमा ।।
रित्तिएको सबै सोच बिर्सने व्यावहारिक ।
इन्द्रलीला छ सन्दर्भ हुन् विश्वेश्वर सार्थक ।।३।।
आफैमा रहने व्यक्ति कविताभित्र आउँछन् ।
कृष्ण र कंसको व्याख्या-व्यङ्ग्य-भाव उदाउँछन् ।।
परिमार्जित छन् शब्द-वाक्य-सूक्ष्म विचारमा ।
कविको भावना खुल्छ सामाजिकी विहारमा ।।४।।
गम्भीर भावना बोकी परिपक्व विचार छ ।
प्रकृति-प्रेमको सार कवितामा निखार छ ।।
कविता लेख्न गाह्रो छ गहिरो अनुभूति छ ।
कविता-कविता-विष्णु-साधनाको उचाइ छ ।।५।।

- धुम्बाराही, काठमाडौँ ।

कथा

छल



✍ निर्मलादेवी तिम्सिना 'कान्छी'

श्रीमती बितेको केही महिना भएको थियो । घर सुनसान थियो । ऐनामा हेर्दा मेरो अनुहार उमेरभन्दा धेरै बुढो र बिचरो देखिन्थ्यो । श्रीमती गुमाएको शोक अझै छातीभित्र र आँखाको डिलमा ताजै थियो । त्यही वेला छोरो मेरो छेउमा आएर बस्दै भन्यो, "बाबा, म एउटा वृद्धाश्रम खोल्ने सोचमा छु । हाम्रो गाउँमा पनि धेरै असहाय बुबाआमा हुनुहुन्छ । तपाईँको नाममा आश्रम खोल्ने मेरो सपना छ । त्यसका लागि जग्गा र घर मेरो नाममा हुनुपर्छ । मेरो नाममा जग्गा जमिन भएपछि बैङ्कको प्रक्रिया सजिलो हुन्छ ।"

मेरा आँखा रसाए । मलाई लाग्यो, "मेरो छोरो उम्दा सोच भएको रहेछ । मैले दिएको संस्कार, मैले गरेको लगानी उसकी आमा मरे पनि आज सफल हुने भयो । मलाई बुहारीले वेलावेलामा नराम्रो तितो वचन फर्काउँदा हाम्रो छोरो चुपचाप बसेको देख्दा मलाई धेरै पीडा भएको थियो । त्यो सबै पीडा भुलेर त्यसदिन मलाई निकै आनन्द लाग्यो । बाहिरको तनावले घरभित्र छोरो बोल्न नसकेको रहेछ भन्ने महसुस भयो । त्यसो त उसले पनि मलाई वचन नफर्काएको होइन । तितो वचन नलगाएको पनि होइन । आमा मरेपछि निकै बदलिएको थियो । आमाले र मैले गरिरहेको व्यवहार सबै छोराबुहारीले गर्न थालेका थिए । मेरो हातमा कुनै पनि अधिकार थिएन । दिएको खाने र अह्राएको काम गर्ने म एक बच्चाजस्तो भएको थिएँ । हिँड्न नसक्ने अवस्थामा त पुगिहालेको थिइनँ तर मैले अत्यन्त माया गरेकी मेरी श्रीमतीले मलाई सधैँका लागि छोडेर जाँदा चिन्ताले खच्किएको भने जरूर थिए । छोराको राम्रो सोच सुनेर "मैले कुनै शङ्का नगरी आफ्नो जीवनभरको कमाइ, घर, जग्गा सबै छोराको नाममा गरिदिए । त्यसपछि छोराबुहारी घरमा निकै खुसी र सुखी देखिन्थे । उनीहरूको सुखमा म पनि खुसी भएको थिएँ ।

केही दिनपछि छोरो फेरि मेरो छेउमा आएर बस्दै भन्यो, "बाबा आज हाम्रो आश्रम हेर्न जाने, त्यहाँ केही दिन तपाईँ बस्नुपर्ने छ । म कामले अलि व्यस्त हुने भएँ, आश्रममा हेरविचार गर्ने कोही भएनन् । त्यहाँ बस्न र खान राम्रै व्यवस्था छ । हजुर तयार हुनुहोला । त्यहाँ बस्दा लगाउने हजुरका लुगा सबै बोक्नुहोला ! त्यहाँ बसेर हजुरले निगरानी मात्र गर्ने हो । त्यहाँ तपाईँको राम्रो हेरचाह हुन्छ ।"

यति राम्रो कुरा आएपछि मैले विश्वास नगर्ने कुरै भएन । म त्यहाँ हाकिमको बाउ भएर बस्दै थिएँ । मलाई किन राम्रो हेरचाह नहोस् म मख्ख परिहालेँ ।

म छिटो छिटो तयार भएर छोराको गाडीमा बसेँ । बुहारीले मेरा सबै कपडा एउटा

झोलामा हालेर गाडीमा राखिदिइन् । म मेरी श्रीमतीलाई छोराले गरेको प्रगति सुनाउन छातीमा हात राखेर मनभित्र बोलिरहेको थिएँ । हेर त मैयाँ, आज छोराको प्रगति तिमी यहाँ भएकी भए यही गाडीमा सँगै बसेर त्यहाँ जाने थियौं र सँगै बस्ने थियौं ।

मनमनै अनेक कुराहरू खेल्दाखेल्दै छोराले गाडी आश्रमको अगाडि पुऱ्याइसकेको रहेछ । गाडी रोकियो । मलाई लिनको लागि दुईजना अधबैंसे युवा र युवती कर्मचारी आएर हामीलाई नमस्कार गर्दै मलाई जतन र इज्जतसाथ आश्रमतर्फ लागे । छोराले फर्किँदै गर्दा कर्मचारीलाई भन्यो, "यिनको राम्रो हेरचाह गरिदिनुहोस् । खर्च म पठाइदिन्छु ।"

कर्मचारीहरूले हस् धन्यवाद भने । मलाई अलि चिसो पस्यो । आफ्नै आश्रममा छोराले मलाई किन खर्च पठाउँछ प्रश्न निस्कियो ! मेरो मनलाई भित्रभित्रै बुझ्न हतार भयो । के यो आश्रम हाम्रै होइन र ? मलाई निकै चिन्ता लागेपछि मैले मलाई लाँदै गर्ने युवाहरूलाई सोधैं, "बाबु, यो आश्रम हाम्रै होइन र ?" उनीहरू दुवैजनाले मुखामुख गरे ।

"हाम्रै हो बा !" केटोले जवाफ दियो ।

"मेरो छोरो यहाँको मालिक होइन र !" मन नलागेरै पनि सोधैं ।

त्यसबेला उनीहरूले न ढाट्न सके न सत्य बोल्न सके ! केही बोल्नै सकेनन् । मैले उर्भिदै फेरि सोधैं, "किन बोल्नुभएन ? के यो आश्रमको मालिक हाम्रै छोरो होइन ?"

यो पटक बाध्य भएर युवती बोलिन्, "होइन बा, यो आश्रमको मालिक विजय शर्मा हुनुहुन्छ । हजुरको छोराले हजुरको पालन पोषण र रेखदेखको लागि हजुरलाई यहाँ राखिदिनुभएको हो । अब हजुर घर जान पाउनुहुन्न । यही बस्नुपर्छ ।" ती नानीले यसो भन्दै गर्दा मेरो अगाडि मेरो आँखामा आकाश र धर्ती एकैपटक घुम्यो ।

श्रीमती र म दिनरात दुःख गरेर उसको भविष्य उज्यालो बनाउन जीवनभर सङ्घर्ष गऱ्यौं । उसलाई ठुलो बनाउन सधैं आफू सानो भयौं । ऊ ठुलो भयो, पढ्यो, जागिर खायो, विवाह गऱ्यो । मैले सोचैं, "अब बुढेसकालमा केही माया, केही सम्मान र सधैं साथ पाउने छु तर छोराले मलाई खुब ठुलो छल गरेर वृद्धाश्रमको ढोकासम्म पुऱ्यायो ।" बाबा, यहाँ तपाईंको राम्रो हेरचाह हुन्छ भनेर फर्कियो । संसार हल्लिएको देखे पनि म तुरून्त फर्किएर छोरो भएतिर हेरे ! छोरो गाडीको छेउमा पुग्नै लागेको थियो । केवल छोराको टाढिँदै गरेको पिठ्युँलाई हेर्दै आफ्नो पिठ्युँलाई सरापैं । धिक्कार मेरो पिठ्युँ ! मैले त्यही छोरालाई यही पिठ्युँमा बोकेर आफ्नो पिठ्युँ खुइल्याएको थिएँ । श्रीमती छिटै मरिन् । त्यसबेला लाग्यो, उनी मरेर ठिक गरिन् । म नमरेर बेठिक भएँ । मेरै सम्पत्तिमा राज गर्नका लागि छोराले मलाई वृद्धाश्रममा ल्याएर राखेको थियो । बुढेसकालमा आँसु खसे । बेसरी खसे ! थामी नसक्नु असारे झरीजस्तो निर्झर खसे ! मुटु गाठो पऱ्यो । सास रोकिन खोज्यो तर रोकिएन । मलाई भुइँमा पछारिन मन लाग्यो तर सुस्केर हाल्दै म आश्रमको चौघेरामा थचक्क बसैं । फेरि छोरो भएपट्टि नै आँखा पुगिहाले । बिस्तारै छोराको गाडी चल्यो । एकैछिनमा गाडी नदेखिने भयो । ती युवायुवती मेरा छोराभन्दा निकै बुद्धिजीवी रहेछन् । निकैबेर उनीहरूले सम्झाएपछि मलाई म सुत्ने कोठातर्फ लागैं ।

उनीहरूले मिठो स्वरले भनिरहेका थिए, "बा हजुर, यही कोठामा सुत्नुहोला । अरू कोठामा दुईटा तीनटा बेड छन् । यो सानो कोठा छ । एउटै मात्रै ओछ्यान छ, यसैमा सुत्नुहोला । ट्वाइलेट यहाँ छ, पानी यहाँ छ । खाना बेलुका सात बजे खानुपर्छ । खाने मेस उ त्यो हो ।" सबै देखाउँदै थिए ।

मैले भनें, "म खाएर आएको मलाई खान मन छैन । मलाई आराम गर्न दिनुहोस् । ठिक छ । मलाई मेरो ओछ्यानसम्म ल्याइदिनु भयो । धेरै धेरै धन्यवाद । म केही बेर एक्लै बस्न चाहन्छु ।"

यति भनेपछि, "हुन्छ तर चिन्ता नगर्नुहोला । अबका हजुरका छोराछोरी हामी हुनेछौं । हामी हजुरको छोराले भन्दा राम्ररी हेरविचार गर्ने छौं । हजुर बिरामी हुनुभयो भने पनि डाक्टर यही आउने छन् । कुनै चिन्ता नलिनुहोला, आरामले सुत्नुहोला । घरमा जस्तो यहाँ एक्लै हुइँदैन । धेरै बुढाबुढी यहाँ हुनुहुन्छ । भोलि सबैसँग परिचय गर्नुहोला अहिले आराम गर्नुहोस् ।" मैले हुन्छ भने उनीहरू निस्किए ।

मनमा आँधी चल्यो । ओछ्यानमा पल्टिँदा मेरो मनमा एउटै प्रश्न अघि आकाश र पृथ्वी एकैचोटि घुमेजस्तै घुमिरह्यो, "जसलाई हरपल काँधमा बोकेर काखमा राख्दै संसार देखाएँ, त्यो उसको संसार थिएन । मैरै संसार थियो । मैरै संसारमा म अटाउने एउटा सानो कुनासम्म मलाई किन दिएन ?" जति गरेपनि त्यही प्रश्न दोहोरी रह्यो । आँसु खसिरह्यो । श्रीमतीलाई धेरैचोटि पुकारिरहे, मलाई पनि तिमी भएको ठाउँमा छिटै लैजाउन ।

वृद्धाश्रम धेरै बुढाबुढी थिए तर हीनताले एक्लोपनको बोध भयो । एक्लोपनभन्दा ठुलो पीडा थियो, 'आफ्नै सन्तान जीवित भएर पनि आफूलाई एक्लो बनाएको थियो ।' युवतीले भनेकी थिइन्, "यहाँ हजुर बिरामी हुनुभयो भने पनि उपचार हुन्छ ।"

शरीरको दुखाइ औषधिले कम गर्दो होला तर आफ्नै छोराले दिएको उपेक्षा र एक्लोपनको घाउ कुनै औषधिले निको पार्न सक्दैनथ्यो । सम्पत्तिको लागि छोराछोरीले कति नराम्रो सोच्दा रहेछन् । उनीहरूको लागि घृणाको पात्र बनिँदो रहेछ । यो नै तितो यथार्थ भयो । यसरी नै मेरो समय आश्रममा बित्दै गयो ।

एक दिन आश्रमका सञ्चालकले सोधे, "बुबा, तपाईंलाई सबैभन्दा धेरै के चाहिएको छ ?"

मेरा आँखाबाट आँसु झरे ।

"मलाई केही चाहिएको छैन बाबु ! मलाई एकपटक मेरो छोरोले बाबा, घर जाऔं भनेर हात समातिदियो भने पुग्थ्यो ।" उनी मुसुक्क हाँस्दै भने मलाई नै हजुरको छोरो मान्नुहोस् न । म सधैं हजुरकै अगाडि छु । मैले उनलाई हेरिरहे !

तर छोराले घर जाऊ न बाबा भन्ने दिन कहिल्यै आएन ।

सञ्चालककै अगाडि म बहकिँदै भने छु । छोराका लागि मेरो अन्तिम आशीर्वाद यही छ, भगवान्‌ले उनलाई धेरै धन दिऊन्, तर कहिल्यै यस्तो दिन नदेखाऊन्, जुन दिन उनका छोराछोरीले उनलाई पनि वृद्धाश्रमको ढोकामा छोडेर फर्कून् । ■■

- साइप्रस, युरोप ।

समीक्षा

त्रिपाठीका गीतमा काव्यिक संवेदना



✍ शिव पलाँस

रहर छ ज्युँन मलाई मेरै नामको जिन्दगानी
स्वीकार छन् भेल्दै जान आफ्नो भागको घामपानी

आफन्तको भरोसामा धेरै धोका खेपेकी छु
चाहनाका लासहरू छातीभित्रै चेपेकी छु
धेरै पछि आज मनमा नयाँ आश जागेको छ
किन किन आज मलाई आफ्नै माया लागेको छ

डोरिन्थेँ म अरूबाट बिरानो'थ्यो घरसम्म
आफ्नै पाइला टेकी हिँडे बाटो देखेँ परसम्म
अल्झिएछु धेरैचोटि अब फर्की हेर्दिनँ म
आफैँ हुन्छु आफूभित्र कुनै रूप फेर्दिनँ म

डा. गीता त्रिपाठीका यी गीति पङ्क्तिहरूले जीवन यात्रामा तय गर्नुपर्ने जुनसुकै अवरोह, आरोह स्विकार्य भएको भाव सम्प्रेषण त गरेका छन् नै त्यसभन्दा पर एउटा इतिहास पनि निर्माण गरेका छन् । यो त्यही गीत हो जसले उनलाई एउटा अब्बल गीतकारको परिचय स्थापित गरिदियो । २०६४ सालमा सांस्कृतिक संस्थानले आयोजना गरेको देशव्यापी आधुनिक गीत प्रतियोगितामा सर्वोत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल गीत यही थियो ।

यस लेखमा प्राध्यापन, निबन्ध लेखन, कविता लेखन, समालोचना, सम्पादनजस्ता अनेकौँ काम एकसाथ गरिरहेकी साहित्यकार त्रिपाठीको गीति लेखनमाथि केन्द्रित हुन चाहन्छु । गीतलाई परिभाषित गर्ने आफ्ना-आफ्ना तरिका होलान् तथापि के कुरामा विवाद छैन भने सरलता, सङ्क्षिप्तता, लयचेतना, अनुप्रासको कौशल र अलङ्कारको उचित प्रयोग गीतलाई चाहिने तत्त्व हुन् । यहाँनिर तारानाथ शर्माको धारणा स्मरण गर्नु सान्दर्भिक हुन्छ । शर्माको विचारमा कविता भएर पनि सरल हुनु, दार्शनिक भएर पनि हार्दिक हुनु र गेयात्मक भएकोले स्नेहपूर्वक ओठमा झुन्डिनु गीतको खास विशेषता हो ।

'थुङ्गा वनफूलका' र 'दुई हरफ ओठहरू' गरी दुई पुस्तक अनि 'एक्लै - एक्लै' र 'सारांश' गरी दुई गीति एल्बम डा. त्रिपाठीका प्रकाशित गीति सिर्जना हुन् । दुई हरफ ओठहरू भने उनले कवि एवम् गीतकार मञ्जुलसँग सहलेखन गरेकी हुन् ।

गजल मञ्चले २०६१ सालमा प्रकाशन गरेको गीत सङ्ग्रह हो 'थुङ्गा वनफूलका' ।

वनमा फूलेका फूलहरूले घाम, झरी, आँधी, हुरीजस्ता अनेकौं बाधाहरूसँग जुधिरहनु पर्छ तर तिनको पनि आफ्नै अस्तित्व र स्वाभिमान हुन्छ । आफ्नै पहिचान, सौन्दर्य र सुगन्ध हुन्छ । वनफूल त्यस्तो शक्तिशाली बिम्ब हो जसले सीमान्तमा रहेको वर्ग, सङ्घर्ष, आत्मसम्मान र सपनालाई सम्झाइदिन्छ । महलका गमलाहरूमा फुल्ने गुलाफ र जङ्गलका भीरहरूमा फुल्ने सुनाखरीहरूमा ठुलो अन्तर हुन्छ । पुस्तकको नामले नै वर्गीय रङ बोकेको प्रतीत हुन्छ ।

एक सय अठार पृष्ठमा फैलिएको यो गीतिसङ्ग्रहमा एक सय एक गीत सङ्ग्रहित छन् । गीतहरूको संरचनागत बुनोट, विषय, भाव र शिल्प भिन्न-भिन्न प्रकारका छन् । उनको अभिव्यक्ति सपाट नभएर बिम्बप्रधान छ गीतमा अलिकति कविता मिसाएजस्तो, कवितामा कताकता गीत मिसाएजस्तो । एउटा बौद्धिक स्रष्टाले मात्र यस्तो प्रयोग गर्न जान्दछ । उनका गीतका विषयहरू प्रकृति संस्कृति, नारी, प्रेम, जीवन, मृत्यु, एक्लोपन, उदासी हुन् । यसका साथसाथै कतिपय गीतमा नारी अस्मिता, आत्मखोज, विद्रोही र आशावादी भाव पनि प्रकट भएको पाइन्छ ।

गीतकार रत्नशमशेर थापाको विचारमा आधुनिक कविता लेख्नुभन्दा गीत लेख्नु कठिन काम हो । गीतले साहित्य र संस्कृतिको दोभान पहिल्याउनु पर्छ । गीतकार थापाले भनेजस्तै एउटा स्तरीय गीतको सानो अंश यहाँ प्रस्तुत गर्दछु ।

मखमली लरिबरी फुल्यो गोदावरी
पञ्चरङ्गी टीका सजाई राखैं घडाभरि
भुलिगयौ पोहोर साल स्नेहको माला
भरी भरी तेल राखैं निभिगयो पाला
दाजै फर्किआउनु भाका नसारी
भैलेनीमा कुरिबस्छु सङ्घारमा आँसु नझारी

अग्रज स्रष्टा मञ्जुल र गीता त्रिपाठी अर्थात् दाजु र बहिनीको सहकार्यको दस्ताबेज हो 'दुई हरफ ओठहरू' । यो २०६४ सालमा यादव त्रिपाठीमार्फत प्रकाशित भएको गीति पुस्तक हो । विभिन्न विषयवस्तु दाजु-बहिनी, उज्यालो-अँध्यारो, नदी-पहाड, गाउँ-सहर इत्यादि माथि बहस, विमर्श र जुहारी गर्दै गीतहरू अगाडि बढेका छन् । जस्तैः 'नदी' शीर्षकमा मञ्जुल भन्छन्ः-

आकाश बग्छ निलिमाले धर्ती बग्छ जलले
सारा सृष्टि गतिशील छ करुणाकै बलले

पहाड शीर्षकमा त्रिपाठी भन्छिन्ः-

पहाडबाट खस्छ नदी बत्ती जगाउँछ
अज्ञानको कालो मैलो सबै बगाउँछ

बेग्लाबेग्लै पढौं वा सवालजवाफका रूपमा पढौं, जताबाट हेर्दा पनि यी गीतहरू आफैंमा पूर्ण देखिन्छन् । मञ्जुलले गीतमार्फत नै भन्छन् गाउँमा अन्धकार, अशिक्षा, गरिबी, अन्याय र थिचोमिचो छ । त्रिपाठीको प्रतिउत्तरले भन्छ- सहर बाहिरबाट हेर्दा

झिलिमिली र सभ्य भए पनि भित्रभित्रै स्वार्थी, अवसरवादी, पाखण्डी र खोक्रो छ । तथापि अन्त्यमा दुवैजना गीतकारहरू भुइँमान्छेका दिन फर्किने र अँध्यारा गाउँबस्तीहरूले घामको अनुहार हेर्न पाउने कुरामा आशामुखी बन्दछन् ।

आधुनिक गीति लेखनमा यस्तो अभ्यास भएको पुस्तक सायदै भेटिएला । यसर्थ यो नौलो हो । फेरि बिल्कुल नौलो पनि होइन भन्न सकिन्छ, यसर्थ कि धर्मराज थापाले गाएको गीत 'नेपालीले माया मान्यो बरिलै' को प्रत्युत्तरमा सिमापारबाट अगमसिंह गिरीको शब्दमा अम्बर गुरुङले गाएका थिए:

नजाउ फर्की नेपाल उठेर भन्छ देउराली

हामीलाई प्यारो लाग्दछ हाम्रै पाखा चियाबारी

सम्भवतः गुरुङ र उनका चेलाचेली त्यतिन्जेलसम्म स्थायी रूपले नेपाल बस्न आउने मनस्थिति बनाइसकेका थिएनन् । खोज्दै जाने हो भने सवालजवाफ रहेका अन्य गीतहरूका दृष्टान्त पनि भेटिएलान् ।

ईश्वरवल्लभले कृतिबारे टिप्पणी गर्दै भनेका छन्- "मञ्जुल आफ्नो लेखनको एक्लो सम्राट् हुन् भने गीता त्रिपाठी आफैंमा विशिष्ट अभिव्यक्ति दिने गीतकार हुन् । उमेरले अग्रज अनुज भए तापनि सिर्जनाका हिसाबले दुवै स्रष्टाको दक्षता हाराहारीको छ । मेरो दृष्टिकोणमा गीता त्रिपाठीको अघिल्लो कृतिको तुलनामा पछिल्लो कृति अझ परिष्कृत र गेयात्मक बनेको छ ।"

खोला, नदी, बादल, बतास, पहाड कुहिरो, फूल, पातजस्ता प्रकृतिका बिम्बहरू टिपेर गीतकार त्रिपाठीले सुललित गीतहरू सृजना गरेकी छन् । साधारण पाठकले पनि बुझ्ने तर बौद्धिक पाठकले पढ्दा बहुल अर्थ लगाउन पनि मिल्ने त्रिपाठीका गीतका सबल पक्ष हुन् । माधवप्रसाद घिमिरेले कतै भनेका छन् गीतले अनेक अर्थ बुझाए झनै राम्रो हुन्छ ।

जसरी मान्छेको जीवनरूपी फूलमा प्रेम, वियोग, हाँसो, आँसु, बेचैनी, सङ्घर्ष, विद्रोह र आशाका अनेकौं पत्रहरू छन्, गीता त्रिपाठीका गीतमा पनि ठिक त्यसैगरी अनेकौं पत्रहरू उनीएर आएका छन् । त्यसैले भन्न सकिन्छ उनका गीतहरू जीवनजस्तै छन् । सरलता, लयात्मकता, कोमलता, अनुभवको जगमा उठेको नारी संवेदना, प्रेमको विराट् आयाम, शालीन विद्रोह तथा सरल बिम्बका माध्यमले गहन दर्शन सम्प्रेषण गर्ने प्रयास उनका गीतका चरित्र हुन् ।

गीतमा भावुकता र यथार्थ कति सन्तुलित हिसाबले अभिव्यक्त गरिएको छ भन्ने कुराले गीतकारको सामर्थ्य झल्काउँछ । गीतकारले ध्यान पुऱ्याउनु पर्ने अर्को उत्तिकै महत्त्वपूर्ण पक्ष भनेको सङ्ग्रहमा विषय तथा भावको पुनरावृत्ति कम होस् भन्ने पनि हो । कविता, निबन्ध र समालोचनामा खेल्न माहिर डा. गीता त्रिपाठीका गीतहरूमा विषयगत, शैलीगत, संरचनागत, मात्रागत नवीनता र अप्रचलित उपमाहरूको प्रयोग पनि थपिँदै जाओस् भन्ने अपेक्षा त पाठक एवम् श्रोताको रहन्छ नै । समग्रमा भन्दा गीता त्रिपाठीका गीतहरू काव्यिक संवेदनाका पठनयोग्य सामग्री हुन् । ■■

गीत

हुने छ सुन्दर

(लोकलय)

जनार्दन खनाल

हेनपा पाँच वडामा पर्ने श्री बालज्योतिको
श्री स्वर्ण महोत्सव यो भयो विशेष खालको
यो वर्ष धेरै श्री महोत्सव सम्पन्न गरेका
साहित्य कार्य गर्नेमा दुई अवश्य भएका ॥

प्रगति मावि श्री बालज्योति यी दुई माविले
साहित्य गोष्ठी भएको अहो ! उत्साहसँगले
हेनपाभित्र रहेका केही साहित्यकारको
उदीयमान सिर्जना कमी विद्यार्थीवर्गको ॥

संयुक्त रूप भएको पनि कविता वाचन
साहित्यमय भएको थियो दुवैको प्राङ्गण
बहस साथै संवाद कार्य प्रगति माविको
चौतारी राम्रो निर्माण थियो श्री बालज्योतिको ॥

सुन्दर कलामय यो थियो श्री बालचौतारी
यसको छुट्टै भो आकर्षण देखियो सुन्दरी
झ्फल्को आयो मलाई अहो ! भुजुङ गाउँको
पुगेझैं लाग्यो सुन्दर कला नमुना योग्य हो ॥

संस्कृति कला नृत्यको साथै श्री वाद्य बादन
यो विद्यालय संस्कृतिमय यसको आँगन
यसले नौलो सुकार्य गऱ्यो श्री सन्ध्याकालीन
सम्बद्ध पक्षहरूमा मेरो बधाई ज्ञापन ॥

यो कार्यक्रम अरूका लागि आगामी दिनमा
साहित्य गोष्ठी गर्नका निम्ति हुनेभो नमुना
विभिन्न सीपमूलक शिक्षा दिएको रहेछ
त्यसैले हाम्रो श्री बालज्योति नमुना भएछ ॥

यसले अझै प्रविधियुक्त विद्यार्थीहरूमा
शिक्षण गर्दै दक्षतापूर्ण सिकाइ गर्नमा
संस्कृति कला जगेर्ना गर्न सदैव तत्पर
गरिँदै जाओस् यो बालज्योति हुने छ सुन्दर ॥


बकैया–४, छतिवन ।

२०८३ सालको बडादसैँ, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसर मा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

दुर्गानाथ शिवाकोटी
(प्रिन्सिपल)
सर्वनाम शिक्षालय
जोरपाटी, फोनः ०१-४९१७१४७

'साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाः व्यक्तित्व एवं कृतित्व' सङ्क्षिप्त समीक्षा





✍ **सुनिता अधिकारी**

'साहित्यकार विश्वेश्वरप्रसाद कोइराला : व्यक्तित्व एवं कृतित्व' शीर्षकको पुस्तक एक गम्भीर साहित्यिक, मनोवैज्ञानिक र सामाजिक अध्ययन हो । यस पुस्तकले विशेष गरी नेपाली साहित्य र राजनीति दुवै क्षेत्रमा अतुलनीय योगदान गरेका बीपी कोइरालाको जीवन, विचार र साहित्यिक रचनाको गहिरो मूल्याङ्कन गरेको छ ।

बलिया पक्षहरू

१. **साहित्य र विचारको समिश्रणः** बीपी कोइरालाको साहित्यलाई केवल कथानक वा भाषा होइन, विचार, दर्शन, र समाजप्रतिको जिम्मेवारीको नजरले विश्लेषण गरिएको छ ।

२. **व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कनः** उहाँको राजनैतिक जीवन, कारावासका अनुभव, साहित्यिक संवेदना र मनोविज्ञानबिचको सम्बन्धलाई उत्कृष्ट रूपमा समेटिएको छ ।

३. **सन्दर्भ र प्रमाणसहित लेखनः** बीपी कोइरालाको रचनाहरू (जस्तैः सुमनको बीर, तीन घुम्ती, मोदी आइन) बाट उदाहरण प्रस्तुत गरेर लेखकले उनको लेखकीय शक्ति स्पष्ट पारेका छन् ।

४. **शोधाधारित शैलीः** ग्रन्थमा अनुसन्धानमुखी दृष्टिकोण देखिन्छ, जसले यसलाई अनुसन्धानकर्ताहरूका लागि उपयोगी बनाएको छ ।

थप सुधार गर्न सकिने पक्षहरू

१. **भाषा केही ठाउँमा बोझिलोः** कतिपय अंशहरूमा अत्यधिक औपचारिक भाषा वा जटिल शब्दावली प्रयोग गरिएको छ, जसले सामान्य पाठकलाई कठिन हुन सक्छ ।

२. **चित्र, तालिका वा रेखाचित्रको अभावः** व्यक्तित्व विकास वा कृतिको कालक्रम देखाउने केही दृश्य सामग्री भए प्रभावशाली हुन्थ्यो ।

३. **कुनै-कुनै अंशमा दोहोरिएको विषयवस्तुः** कोइरालाको विचार वा रचनाको प्रभाव बारम्बार उठाइँदा केही पाठकलाई पुनरावृत्तजस्तो लाग्न सक्छ।

समग्र मूल्याङ्कन

यो पुस्तक साहित्यिक अनुसन्धान, बीपी कोइरालाको जीवन दर्शन, नेपाली समाज र राजनैतिक चेतनाको अध्ययनका लागि एक मूल्यवान दस्ताबेज हो । विद्यार्थी, अनुसन्धानकर्ता तथा बीपी कोइरालाको योगदान बुझ्न चाहने पाठक सबैका लागि अत्यन्त उपयोगी छ । ■■

गजल



✍ नवराज न्यौपाने 'मौन'

सुरम्य धर्ती छटा हजारौं कला खुलेको छ देश मेरो
हिमाल राम्रो पहाड हाम्रो सदा उठेको छ देश मेरो

बहन्छ हावा सुगन्ध बोकी र धान झुल्ने अहा तराई
अनन्त गङ्गा अपार खानी शिला कुँदेको छ देश मेरो

गुराँस फुल्दा हिमाल हाँस्दा सुदृष्टि हाम्रा उतै परेका
बगे हिमानी सलल्ल दक्षिण त्यतै जुटेको छ देश मेरो

थिए नि पुर्खा सधैं इमानी र वीरताका कथा भुलिन्न
हजार यात्री रमेर आए खुसी बनेको छ देश मेरो

फुलेन आशा मिलेन जागिर भनेर सारा युवा हराए
खेतबारी सधैं छ बाँझो थला परेको छ देश मेरो

(बहरः जमील मुसम्मन सालिम)

- चुँदी, तनहुँ, हाल : मातातीर्थ, काठमाडौं ।

२०८३ सालको बडादसैं, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसरमा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

बाबुराम के.सी.
(प्रिन्सिपल)
महान सिद्धार्थ स्कुल
कुमारीगाल, फोनः ९८४३५५०५९८

दिपेशराज आचार्य
(प्रिन्सिपल)
न्यूटन इन्टरनेशनल कलेज
नारायणटार, फोनः ९८५१२०६८४०

निबन्ध

अनुष्टुप् छन्द : केही चर्चा



✍ डिल्लीराज अर्याल

पूर्वीय परम्परामा वार्णिक, मातृक छन्दहरूको चर्चा गर्दा पिङ्गलको नाम अगाडि आउँछ । वाल्मीकिले अनुष्टुप् छन्दबाट लेखन प्रारम्भ गरेको कुरा पनि चर्चामै छ । त्यस अघिकै मानिने वेद पनि छन्दमै रचिएको छ । पुराणहरू पनि सबै छन्दमै लेखिएका छन् ।

खास गरी छन्दको चर्चा गर्दा रुद्राभिषेकको "गायत्री त्रिष्टुब् जगत्यनुष्टुप्... लगायतका पहिलो अध्यायका २/३/४ ऋचा र दोस्रोका "तस्माद्यज्ञात् सर्वहुतक्ऋचः सामानि जज्ञिरे । छन्दा.. सि जज्ञिरे...." ७ ऋचाको सम्झना हुने गर्छ ।

वेदले गरेको अनुष्टुप्को रूप निर्धारणबारे भन्न मुश्किल पर्छ किनकि त्यसमा लौकिक छन्द अनुसारका र अलि फरक रूपका ऋचा पनि छन् । तिनको रूप लौकिक साहित्यमा आइसकेपछि क्रमशः निश्चित हुँदै आएको पाइन्छ । यद्यपि केही फरक मत आज पनि चलेकै छ । कतिपयले पुराणका उदाहरण दिएर उम्कने पनि गरेको नपाइने होइन, तर तिनलाई उछिनेर अनुष्टुप आफ्नै लयमा बगेको छ ।

यसको स्वरूप निर्धारण संस्कृतमा भएको र नेपालीले पनि यसलाई समाएको अवस्थामा केही विचलन हुनु अस्वाभाविक लाग्दैन । भएको छ र त्यो भाषाको आफ्नो स्वरूपले तयार गरेको आधारले यस्तो भएको हो । हाम्रो आफ्नो उच्चारण प्रक्रिया संस्कृतको भन्दा केही फरक पनि हुँदै गएको अवस्थामा छन्दमा पनि त्यसको प्रभाव देखिनु स्वाभाविकै हुन्छ, तर मूल रूप भने उही नै रहन्छ र छ ।

हामीले, सुनेको, पढेको र जानेको अनुष्टुप् छन्दमा पाउमा आठ अक्षर, पङ्क्तिमा सोह्र अक्षर र चार पाउमा बत्तिस अक्षर हुन्छन् । चार पाउमा पूर्ण श्लोक बन्छ । सामान्य नियम यही हो । अनुष्टुप् छन्दको यो नियम प्रचलित सबै भाषामा लागू हुने गरेको छ । यसरी नै पाँचौं अक्षर ह्रस्व, छैठौं दीर्घ, सातौं अक्षर सम पाउमा ह्रस्व र विषम पाउमा दीर्घ हुने गर्छ । जस्तैः

बाँच्नुको अर्थ खोज्दै छु र चढ्दैछु स्वयं बलि
बाँध्नुको अर्थ सोध्दै छु अञ्जलीबद्ध भै जली ।

यो मूल नियमबाहेक वाचनका हिसाबले सहज गराउन अर्को एउटा उपनियम पनि पाइन्छ जसअनुसार अघिल्लो गण भ, न न पर्नुपर्ने हुन्छ । भ गण, न गण हुँदा वाचनमा बाधा हुने हुनाले यो नियम बनेको देखिन्छ, तर धेरै विद्वान्हरू यस्ता कुरामा सरोकार राख्दैनन् वा... । उनीहरूले भगवत्गीता, दुर्गाशप्तशती, श्रीमद्भागवत्का श्लोकको

उदाहरण दिन्छन् र भन्छन्-

सावर्णिः सूर्य तनयो यो मनुः कथतेऽष्टमः (दुर्गाशप्तशती, प्र.अ.श्लो. १)

हुन त त्यही पुस्तकमा *कोशो बलं चापहृतं तत्रापि स्वपुरे ततः* (ऐ. प्र. अ. श्लो. १) पनि छ । गीता, भागवत्लगायतका पुराना ग्रन्थहरूमा यस्ता प्रयोग प्रशस्त पाइन्छन् । के त्यसो भन्दैमा माथिको नियम नचाहिने नै हो त ?

विधान, ऐनमा लेखिएकै कुरा पनि संशोधन भएको छ भने पछिल्लो मान्य हुँदैन । पुरानामा छ भनेर पुग्दैन । त्यसैले पछिल्लो लौकिक रूप नै मान्य हुन्छ, मानिन्छ ।

हिजै एक जना विद्वान्को पुस्तकमा अनुष्टुप् छन्दको यो लक्षण पढें-

चिनेनन् सबले चोर जेठाजु नै परे उँधो

थाङ्ग्रामा बाखो बाँधेर भुस्तिघ्रे हेर्दछ उँभो ।

पालें खसी बडो मैले काटे देवरले लगी

सन्तति उदधि पारि मरिन म त्यही बगी । (व्यञ्जना बहार पृ.५९) भुस्तिघ्रे होला ! मैले जस्ताको तस्तै राखेको हुँ ।

मैले पढ्न कोसिस गरें । बुझ्न कोसिस गरें, तर बुझ्न असमर्थ भएँ । मलाई यो उदाहरण नौलो लाग्यो । के अनुष्टुप् छन्दमा कुनै पाउ दीर्घ मात्रै वा ह्रस्व मात्रै पनि राख्न पाइने नियम छ ? मेरो जानकारीमा त त्यस्तो छैन । भए जानकारी पाउँदा जाती नै हुन्थ्यो । माथिको पहिलो श्लोकको दोस्रो पङ्क्ति अर्थात् तेस्रो र चौथो पाउमा सबै अक्षर दीर्घ भए । दोस्रो श्लोकको तेस्रो चौथो पाउमा अगाडि भ गण नै आए ।

त्यस्तै जसले शप्तशती, गीता, भागवत्का उदाहरण देखाएर तिनको प्रयोग अनुशरण गर्ने गरेका छन् तिनले पनि त भन्नुपऱ्यो, "फलानाले प्रयोग गरेका छन्" भनेर त्यही कुराको प्रयोग गर्नु उपयुक्त मानिन्छ र ? मानिन्छ भने त्यसको कुनै आधार चाहिन्छ कि चाहिन्न ? आधार भए उदाहरण दिन, अनुशरण गर्न जसको पनि सकिन्छ तर आधार विना त सकिन्न । मैले यिनै र यस्तै कुरा बुझ्दिनँ ।

संस्कृतमा आप्त प्रयोग भन्ने चलन छ, परम्परा छ । धेरै पुरानाले प्रयोग गरेका विषयमा कुरा नउठाउने र त्यसलाई मान्ने चलन छ, तर नयाँले प्रयोग गर्ने गरी होइन । ऐन कानुनमा झैं व्याकरण, छन्द आदिको नियममा जुन परिवर्तन हुन्छ, त्यो मान्य बन्छ । मान्य भएपछि त्यस अघि प्रयोग भएकालाई जस्ताको तस्तै रहन दिइन्छ । त्यसपछि भने नयाँ नियमको अनुशरण हुन्छ । त्यही मान्य हुन्छ र त्यसैको पालन हुन्छ, हुनुपर्छ । मेरो बुझाइमा शप्तशती आदिका कुरा पनि आप्त प्रयोग नै हुन् । हामीले त्यसकै अनुशरण गर्ने र त्यही नियम चलाउने होइन ।

मैले यस विषयमा धेरै विद्वान्हरूसँग धेरै छलफल गरेको छु । तिनका कुरा सुनेको छु । कतिपयले तेस्रो अक्षर दीर्घ हुनैपर्छ भनेर भन्छन् । सिद्ध गर्न झगडै गर्छन् । वाचनका कुरै छाडौं । तेस्रो अक्षरलाई वाचनमै भए पनि दीर्घ बनाएर वाचन गर्छन् । म त्यस्तो वाचन सुनेर छक्क पर्छु । अझ छन्दका ज्ञाता, वरिष्ठ, प्रशिक्षक भनिएकाहरूले

पनि त्यसरी वाचन गरेर सिकाएको सुन्दा त दङ्ग मात्र पर्दिनँ, जिल्ल पनि पर्छु । आखिर अनुष्टुप्को मूल धार कुन हो ?

अनुष्टुप्का अनेकौं रूप छन् भनेर जस्तो लेखे पनि अनुष्टुप् हुन्छ र ? त्यसको पनि कुनै न कुनै निश्चित रूप चाहिन्न र ? चाहिन्छ, र त्यसले कुनै न कुनै आधार टेकेको हुनुपर्छ । यसको एउटा तर खास रूप भनेकै 'भ' गण र 'न' गणबाट प्रारम्भ नभएको, सबै पाउमा पाँचौं अक्षर ह्रस्व, छैठौं दीर्घ रहेको र सातौं अक्षर सम पाउमा दीर्घ, विषम पाउमा ह्रस्व हुन्छ । संस्कृतमा त प्रचलित छ ।

"श्लोके षष्ठं गुरुज्ञेयं सर्वत्र लघु पञ्चमम्,

द्विचतिष्पादयो ह्रस्व सप्तमं दीर्घमन्ययो" तर फेरि मैले नेपालीमा अर्को नियम पनि भेटाएँ-

सोह्रै (वा आठै) अक्षरको हुन्छ सजिलो छ बराबर
पाँचौं ह्रस्व र छैटौं चैं दीर्घ हुन्छ सरासर
सातौं पनि हुने दीर्घ अन्यत्र जेसुकै गर ।
अनुष्टुप भयो छन्द बुझेर गर आदर । (व्यञ्जना बहार पृ. ५९)

यो नियम पढ्नासाथ मलाई फेरि भ्रम भयो । के सातौं अक्षर सबै पाउमा दीर्घ भएको अनुष्टुप हुन्छ ? सोह्रै (वा आठै) अक्षरको हुन्छ भन्नुले के बुझाउँछ ? त्यसो हो भने त पिङ्गलदेखि अहिलेसम्मका सबै छन्दशास्त्रीहरूसँग मेल नखाने भएन र ? उनीहरूसँग त मेल खाएन, खाएन आफ्नै नियम र उदाहरणसँग पनि मेल देखिएन ।

माथिको उदाहरणमा हेर्न सकिन्छ- 'सरासर', जेसुकै 'ग'र, गर आ'द'र, जस्ता पछिल्ला शब्दमा सबै सातौं अक्षर ह्रस्व प्रयोग भएका छन् । यसले नियम र उदाहरणमा तालमेल नभएको देखाउँछ । यस्ता खालका पुस्तकले सिक्न चाहने र अलिअलि सिकेकामा भ्रम सिर्जना गर्छन् । उनीहरूलाई निरूत्साहित बनाउँछ ।

हो, छापिँदा अक्षर, मात्रा छुट्न, बिग्रन सक्छन् तर त्यसको सुधारिएको रूप आउनुपर्छ । नत्र यसले गलत नियम सिकाउँछ । सिकारूले गलत कुरो सिक्छ र त्यही सिकाउन थाल्छ । यसको गलत प्रभाव पर्न सक्छ, पर्छ । हो, अनुष्टुप छन्दका जति भेद छन् त्यति भेद अरू छन्दका पाइन्नन् तर पनि तिनको एउटा निश्चित व्यवस्था छ । तीमध्येका कतिलाई अलग नामले पनि चिनाइएको छ तर पनि तिनको सामान्य रूपमा एकरूपता छ । त्यही नै चलनचल्तीमा आउने गरेको छ । ■■

- पाल्पा, हाल- काठमाडौं-३२

पुस्तक-पत्रिका मागेर होइन किनेर पढौं ।
लेखक-सम्पादकहरूको मिहिनेतको कदर गरौं ।।

कविता

हजुरबाको टोपी हरायो



✍ वीना छेत्री

हिजो अस्ति भन्नुहुन्छ हजुरबा
मेरो टोपी हरायो
कसरी हरायो
कहाँबाट हरायो
कसैले देखेनौ ?

कसैलाई थाहा छैन
कहाँ हरायो त्यो टोपी
घरभित्र हरायो कि
पुरानो सम्झनाको
गल्लीमा कतै छुट्यो
आधा रातमा पनि
गुनगुनाइरहनुहुन्छ हजुरबा
मेरो टोपी, मेरो टोपी हरायो ।

नातानातिनीहरू
झर्को मान्न थालेका छन्-
किन गनगनाइरहनुहुन्छ हजुरबा
दिनभरि यही कुरा
रातभरि यही कुरा ।

तर हजुरबालाई
न रातको निद्रा छ
न दिनको भोक
न सुतेको बर्सौं भयो जस्तो
न त मनले आराम पाएको छ ।

सायद त्यो टोपी
सिर्फ एउटा टोपी थिएन
हजुरबाको टाउकोमा सजिएको
एउटा सिङ्गो इतिहास थियो
युवावस्थाको पसिना
बिहेको जन्ती
छोराछोरीको बाल्यकाल
नातिनातिनीको पहिलो हाँसो
सबै अटाएको थियो त्यसमा ।

त्यसैले त हजुरबा
हरेक रात खोजिरहनुहुन्छ
आफ्नो हराएको टोपी ।

हामी भन्छौं टोपी त
फेरि किनिदिउँला नि हजुरबा
हजुरबा केही बोल्नुहुन्न
केवल टोलाएर हेर्नुहुन्छ
ढोकाबाहिरको अँध्यारोलाई ।

सायद उहाँलाई थाहा छ
नयाँ टोपी त किन्न सकिन्छ
तर हराएको समय कहिल्यै फर्केर आउँदैन
हजुरबाको टोपी हराएको होइन
सायद उहाँको एउटा युग हराएको हो ।

र, हामी भने त्यो गुनगुनाहटलाई
'गनगन' सम्झेर उहाँको छेउबाट
बिस्तारै टार्दिँदै गइरहेका छौं ।

- सामसिङ फारी, कालेबुङ ।

लघुकथा

जीवनको मूल्य



दशराज शाक्य

साँझको ७ बज्यो । घुम्दै फिर्दै घरको चार तल्लामाथि ऊ पुग्यो । अचानक विचित्र घटना घट्यो । अचम्मको आवेगले ऊ चार तल्लाको झ्यालबाट तल भुइँमा खस्यो । तुरून्तै उसको स्वास्नी र छोराले उक्त घटनाको सूचना दिनका लागि दौडे । छिमेकी डाक्टरले जाँच्यो र उसलाई मृत्यु भएको घोषणा गरिदियो । घरमा कोलाहल मच्चियो । चारैतर्फ कोलाहल मच्चियो ।

जब निकै समय बितेपछि रात अँध्यारो भयो । छिमेकी बुजुग्रुहरूले सल्लाह गरेछन् कि भोलि बिहान मसानमा लगेर लासलाई दाहसंस्कार गर्ने ।

मृत लासले विचार गऱ्यो कि उसको १२ वर्षीय छोरा ३/४ घण्टामै जवान होओस् र छोरीको पनि समयमै विवाह होस् । यसको जिम्मेवारी जवान छोरोले लेओस् । मृत्यु हुने लासको बचेखुचेको सम्पत्ति, बैङ्क ब्यालेन्स सबै हिसाब पनि बराबर बाँडोस् । घर, गाडी र सानो उद्योग कम्पनी भने के गर्ने भन्नेबारे निर्णय गर्न थाति रह्यो । जीवनको मूल्य बाँचुन्जेल महत्त्वपूर्ण छ नै ।

अन्तमा छोराले सबै जिम्मा लियो । त्यसै वेला ठिक रातको ३ बजे कुकुरले जोडले ठुलो आवाज निकालेर भुकेको तरङ्गले ऊ मरेको लास बिउँझ्यो ।

यो सब उसने सपनामा देखिरहेको आत्मवृत्तान्त रहेछ । उसको त मिठो निद्रा पो रहेछ जुन सपना बने छ । ■■

- बालकुमारी, ललितपुर ९ 'ग'

कल्पतरुका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा)
डा. रूपक श्रेष्ठ (बेलायत),
निर्मलादेवी तिम्सिना 'कान्छी' (युरोप)
तारापसाद चापागाईं (यु.ए.ई.)
गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया)
अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम)
सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका)
सागर फुयाँल (जर्मनी)
खिम पुन (कतार), डम्बर थामी (बहराइन)
दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ)
प्रेम कटुवाल (कुबेत), अजय गोले 'अज्जान'
मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाईं (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रुद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

गीत

(जन्मभूमि फिक्कल, सिन्धुलीप्रति समर्पित गीत)



✍ शारदा पहाडी

फिक्कल हो शिर हाम्रो फिक्कलदेवी साथ
वन, जङ्गल, जडीबुटी सम्पदाको खात ।

पोखरी र स्वलपा, खाङसाङ ऐतिहासिक ठाउँ
रत्नावती,महादेव डाँडा अनि खोलागाउँ ।

विविध धर्म, संस्कृति र भाषा, कला भा'को,
थरीथरी फूल फुलाई फिक्कल चम्की रा'को ।

स्वच्छ हावा, पानी बहने निर्मल खोलाखोली
उर्वरभूमि सिँचाइ गर्दै बग्छिन् मिलाई लोली ।

हिमाल चुमी बगेकी छिन् सुनकोसी अपार
कृषि, विद्युत्, पर्यटन फिक्कलको आधार ।

बाहुन, क्षेत्री, दलित र तामाङ, राई, मगर
सबै मिली ल्याउनुपर्छ समृद्धिको लहर ।

बनौं हामी स्वावलम्बी,कर्मठ र असल
यही सन्देश छर्छ सधैं हाम्रो प्यारो फिक्कल ।

- फिक्कल ५, स्वल्पा, सिन्धुली ।

गीत

कवि फुल्नुपर्छ

✍ नरबहादुर बि.सी. (बानियाँ)

मिठा मिठा कविता र गीत सुन्न पाऊँ,
आहा ! कति राम्रा कवि भनी भन्न पाऊँ ।

तिम्रा गीतले जनजनको मन छुनुपर्छ,
तिम्रा गीत जुगौं अजम्बरी हुनुपर्छ ।

सुन्दासुन्दै कन छोएर आँखा रसाउने,
कुनै गीतले कुत्कुत्याउँदै दिलै हँसाउने ।

सुगन्धित फूलजस्तो मगमग बसाउने,
कमलो मन हुनेहरू आँसु खसाउने ।

कनिकुथी कविता र गीत हुँदै हुन्न,
कानले आवाज सुने पनि मन छुँदैछुन्न ।

हरियाली धर्ती अनि आकाश खुल्नुपर्छ,
लालीगुराँस फुलेजस्तै कवि फुल्नुपर्छ ।

- म्याग्दी, हालः काठमाडौं ।

लेख

समालोचकका रूपमा डा. रामकुमार छेत्री



✍ नवीन पौड्याल

१. विषयप्रवेश

सिर्जना र समालोचना साहित्यका एकअर्काका पूरक हुन् । सिर्जनाविना समालोचनाको स्वतन्त्र अस्तित्व रहँदैन, किनकि समालोचनाको मूल आधार नै साहित्यिक सिर्जना हो । अर्कातर्फ सिर्जनालाई पनि समालोचना चाहिन्छ । यसलाई पनि आफ्नो वास्तविक महत्त्व, गुण-दोष तथा साहित्यिक मूल्य स्थापित गर्न समालोचनाको उत्तिकै आवश्यकता पर्दछ । समालोचनाविनाको सिर्जना पूर्ण रूपमा फस्टाउन र व्यापक साहित्यिक संसारमा आफ्नो उचित स्थान बनाउन सक्दैन किनकि समालोचनाले नै कृतिका विविध पक्षहरूको सूक्ष्म अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दै त्यसको अन्तर्निहित सौन्दर्य, सामर्थ्य, सीमा तथा विशिष्टतालाई प्रकाशमा ल्याउने कार्य गर्दछ । कृतिसँगै कृतिकार चिनाउँछ ।

समालोचनाले सिर्जनालाई केवल राम्रो वा नराम्रो भन्ने सीमित निर्णय मात्र दिँदैन, बरु कृतिको भावभूमि, विषयवस्तु, शिल्प, भाषा, शैली, वैचारिकता र कलात्मक पक्षको गहिरो विवेचना गरी त्यसको साहित्यिक महत्त्व निर्धारण गर्दछ । यस अर्थमा सिर्जना साहित्यको मूल स्रोत हो भने समालोचना त्यस सिर्जनालाई बुझ्ने, व्याख्या गर्ने र उचित मूल्य प्रदान गर्ने विवेकपूर्ण दृष्टि हो । एउटा सिर्जनाले साहित्यिक संसारलाई समृद्ध तुल्याउँछ भने समालोचनाले त्यसको अर्थ, महत्त्व र प्रभावलाई पाठकसमक्ष स्पष्ट पार्दै साहित्यिक चेतनालाई अझ परिष्कृत र समुन्नत बनाउँछ ।

यसरी सिर्जना र समालोचना एकअर्काका विरोधी नभई साहित्यिक यात्राका सहयात्री हुन् । सिर्जनाले साहित्यलाई जीवन्तता र नवीनता प्रदान गर्दछ भने समालोचनाले त्यसलाई दिशा, दृष्टि र मूल्यबोध प्रदान गर्दछ । यी दुवै पक्षको स्वस्थ, सन्तुलित र सक्रिय विकासबाट नै साहित्यको समग्र उन्नति, परिष्कार र समृद्धि सम्भव हुन्छ । समालोचना पनि एकप्रकारले सिर्जना हो । यसैकारण अचेल यसलाई सिर्जनात्मक समालोचना पनि मानिन्छ ।

आजकल समालोचनाका नाममा पाठकीय टिप्पणी, सतही अध्ययन, केवल भावपक्षको उल्लेख, अन्धप्रशंसा, तथा कृतिभन्दा कृतिकारलाई बढी प्राथमिकता दिने प्रवृत्ति व्यापक रूपमा देखिन्छ । कृति नै राम्रोसँग नपढी त्यसको बाहिरी पक्षको मात्र उल्लेख गरिएका कुरालाई पनि सालाखाला रूपमा समालोचना भनिनु उचित होइन । अझ अभिनन्दन ग्रन्थहरूको नाममा व्यक्तिस्तुति र प्रशस्ति लेखनको बाहुल्य पाइन्छ । यसले कृतिको यथार्थ मूल्याङ्कन गर्न नसकी समालोचनालाई सही दिशातर्फ उन्मुख गराउन असफल बनाउँछ । समालोचनामा "कृतिमा के छ ?" मात्र होइन, "कृति कसरी निर्माण भएको छ ?" भन्ने

पक्षलाई समेत उजागर गरिनुपर्छ । सान्दर्भिकता, सङ्केत, शैली, संरचना तथा भाषिक पक्षको विश्लेषण आवश्यक हुन्छ । समालोचकले गुणदर्शनसँगै दोषदर्शन पनि निष्पक्ष रूपमा प्रस्तुत गर्न सक्नुपर्छ ।

२. डा. राजकुमार छेत्री- व्यक्तित्व र कृतित्व

डा. राजकुमार छेत्री अहिलेको नेपाली समालोचनामा छाइरहने एउटा प्रखर नाम हो । उनलाई अब अलङ्कार भरेर परिचय दिइरहनुपर्ने आवश्यकता छैन । उनको लेखकीय परिचय त उनकै विभिन्न समालोचनात्मक लेखहरूले दिइहाल्छन् । उनका समालोचनाधर्मी सिर्जनशील कलम दिनानुदिन नयाँ बान्की र परिपाटी लिएर देखा पर्दछ । अहिलेका नयाँ पुस्ताका समालोचकहरूको हाँचमा डा. छेत्रीको स्थान नेतृत्व पङ्क्तिमा रहेको देखिन्छ । कृति अध्ययनका नयाँ फाँट, सिद्धान्त, पद्धति र दृष्टिकोणको विस्तार भइरहेको क्रममा उनी पनि यसतर्फ अघि बढेका छन् ।

डा. राजकुमार छेत्रीको जन्म २४ मई, १९७३ मा दार्जिलिङको नागरी चियाकमानको मगरजुङमा पिता स्व. मनबहादुर कार्की र माता मनमाया कार्कीको कान्छा छोराको रूपमा भएको हो । स्थानीय प्राथमिक पाठशालामा प्रथामिक शिक्षा र नागरीफार्म उच्चतर विद्यालयबाट बाह्रौं श्रेणी उत्तीर्ण गरेपछि खरसाङ कलेजबाट नेपाली विषयमा सम्मानसहित स्नातक र उत्तर बङ्गाल विश्वविद्यालयबाट क्रमशः स्नातकोत्तर, एमफिल र विद्यावारिधि गरेका हुन् । उनी दार्जिलिङ सरकारी महाविद्यालयमा उपप्राध्यापकको पदमा रही सेवारत छन् । उनी विद्यालयमा पढ्दादेखि नै साहित्यमा रुचि लिने गर्थे । कविता पाठ, नाट्यमञ्चन, तर्कसभा, पत्रिका सम्पादन आदिमा सक्रिय थिए । उनी कलेज पढ्दा नै काठमाडौंको मधुपर्कमा समालोचनात्मक लेख प्रकाशित गरेका थिए । उनी समालोचनाका साथै कविता लेखनमा पनि देखा पर्छन् । उनको एउटा कवितासङ्ग्रह शब्दहरूको देशमा (२०२३) मा प्रकाशित भएको छ । कहिले यदाकदा निबन्ध पनि प्रकाशित देखिन्छ यद्यपि उनी मूल समालोचक नै हुन् । उनी दिनरात साहित्य चर्चा गर्छन्, साहित्य गोष्ठी, कार्यक्रमतिर उपस्थित हुन्छन्, स्नातक र स्नातकोत्तर तहमा साहित्य अध्यापन गर्छन्, साहित्यिक पुस्तकको राम्रो सङ्कलन गरेका छन् जो राम्रो अध्ययन गर्छन् ।

यता भारतीय नेपाली समालोचना क्षेत्रमा अघिल्लो पुस्ताका समालोचकहरूलाई सघाउन नयाँ पुस्ताका समालोचकहरू पनि तयार हुँदै छन् । अब युवा पुस्ताका लेखकहरूले आफ्नो अध्ययनलाई अझ तिखार्दै लगेर यस समालोचनाको फाँटलाई फैलाउनुपर्ने छ । अतः यस दिशामा हाम्रा डा. राजकुमार छेत्रीहरूजस्ता उद्यमी, लगनशील र जाँगरिला समालोचक आएकामा हामी आमपाठकका निम्ति खुसीको कुरा हो ।

आजसम्म डा. छेत्रीका 'सिर्जनाको समावलोकन', 'अवलोकन अवबोधन', 'कृति आलोकन', 'दृष्टिपथ', 'अक्षरका आयाम', 'पूर्ण राई' जस्ता समालोचनात्मक ग्रन्थ प्रकाशित छन् भने 'शिवकुमार राई रचना सञ्चयन'को कुशल सम्पादन पनि सम्पन्न गरिसकेका छन् । उनले विभिन्न स्रष्टाहरूलाई लिएका अन्तर्वार्ताहरूको सङ्गालो 'अक्षरहरूमा संवाद' (२०१८) पनि प्रकाशित गरेका छन् । समालोचना क्षेत्रमा उनका सातवटा गहकिला

पुस्तकहरू प्रकाशित भएका छन् । यो खुसीको कुरा हो । उनी आफ्नो समालोचनामा कृति र कृतित्वमाथि प्रकाश पार्दछन्, जुन प्राज्ञिक किसिमको हुन्छ । उनी अनुसन्धानमा लागेका वेला विविध साहित्यिक सिद्धान्तहरूको अध्ययन गरी त्यसैलाई अन्य कृतिको आलोचनामा सदुपयोग गरेका छन् ।

डा. छेत्री विशेष गरी आख्यान समालोचनामा रमाएको देखिन्छ । अझै कथा विधा उनको प्रिय विधा रहिआएको देखिन्छ । कथाको कथावस्तुको बनोट, बुनोट, विन्यास, सन्दर्भ तथा चरित्रका विभिन्न प्रकार, विधान, चित्रणविधि एवम् आख्यानात्मक शिल्प-संरचना, सङ्कथन, तात्त्विक विमर्श आदिलाई उनले केलाइकुलाइ गरी पाठकलाई पस्किदिन्छन् । कृतिभित्रको संसारको विचरण, त्यसभित्रका सम्बद्ध विषयको वर्गीकरण र तिनका आधार, कृतित्वगत प्रवृत्तिको खोजतलास, विविध सन्दर्भ तथा अभिप्राप्तिको आकलन इत्यादि उनका समालोचनागत प्रवृत्तिका रूपमा देखा पर्दछन् । अतः समसामयिक आख्यान (कथाविशेष) विधाको कृतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्नु डा. छेत्रीको समालोचनात्मक कार्यको मुख्य क्षेत्र हो । यद्यपि उनको समालोचनामा केही मात्रामा प्रभाववादी प्रवृत्ति हुँदा-हुँदै पनि उनले सैद्धान्तिक पद्धतिलाई आधार बनाएका छन् । नेरेटोलजी उनको समालोचनाको मूल आधार हो ।

डा. राजकुमार छेत्रीको पहिलो पुस्तक **सिर्जनाको समावलोकन** (२००९) हो । यसलाई विधापरक समालोचनाको एउटा माइलखुट्टी मान्न सकिन्छ । यसमा कथा विधालाई मात्र विभिन्न कोणबाट अध्ययन समीक्षण गरिएको छ । यसमा सोह्रओटा समालोचनात्मक लेखहरूमा दुईवटा सैद्धान्तिक, यसमा शिवकुमार राईको कथाकारिताबारे दुईवटा भिन्नाभिन्नै विषयमा अध्ययन गरिएको छ भने तथा बाँकी बाह्रजना वरिष्ठ कथाकारहरूको कथाकारिताको सम्यक अध्ययन गरिएको छ । यसमा रहेका लेखहरू हुन्; समकालीन भारतीय नेपाली कथाका प्रवृत्तिहरू, समकालीन भारतीय नेपाली कथामा सांस्कृतिक चेतना, रूपनारायण सिंहका कथामा सामाजिकता, शिवकुमार राईका केही कथाहरूको विश्लेषणात्मक अध्ययन, सानु लामाको कथाकारिता विश्लेषण र मूल्याङ्कन, शरद छेत्रीको कथाकारिता चक्रव्यूह कथा सङ्ग्रहका सन्दर्भमा, शिवकुमार राईका कथामा लोकतात्त्विक पक्ष, बालकृष्ण समको कथायात्रा एवम् उनको कथागत प्रवृत्तिको रेखाङ्कन, हाइमनदास राई किरातको कथाकारिता, रामलाल अधिकारीका कथाहरूको कथ्य र शिल्प, अर्जुन निरौलाका कथाहरूको वस्तुविवेचन, इन्द्र सुन्दासको कथागत प्रवृत्ति, राधिका रायाको कथागत प्रवृत्ति, इन्द्रबहादुर राईको कथाकारिता सन्दर्भ विपना कतिपयका कथाहरू, गुरुप्रसाद मैनालीका कथाहरूको वस्तु विवेचन, देवकोटाका कथामा बालमनोविज्ञान ।

उनको दोस्रो समालोचनात्मक कृति **अवलोकन अवबोधन** (२०११) मा मिश्रित विधाका नौओटा लेखहरू रहेका छन् । यी लेखहरू हुन्; इन्द्रबहादुर राईको साहित्यलोचन सिद्धान्त, गुमानसिंह चामलिङको समालोचनात्मक प्रवृत्ति, दियालोमा प्रकाशित समालोचनाहरू, शिवकुमार राईका कथामा प्रकृति प्रयोग, डाँफेचरी खण्डकाव्यको वस्तु र शिल्पविधान,

बी.पी. मल्लको हाइकु लेखन, शिवकुमार राईका कथायात्रा विवेचनात्मक अवलोकन, डाकबङ्गलाको औपन्यसिकता वस्तु र शिल्प विन्यास, भारतेली नेपाली कथायात्रा सन्दर्भ र अवलोकन ।

उनको तेस्रो कृतिका रूपमा रहेको **कृति आलोकन**मा जम्मा एघारओटा समालोचनात्मक लेख सङ्ग्रहित छन् । यीमध्ये छओटा कथाकेन्द्री, तीनवटा कविताकेन्द्री, एउटा समालोचनाकेन्द्री र एउटा चार्हिं नियात्राकेन्द्री समालोचना परेका छन् । उनले डा. लक्खीदेवी सुन्दास, बद्रीनारायण प्रधान, कमला राई आँसु, सम्पूर्णा राई, महानन्द पौड्याल र प्रदीप गुरूङका कथाहरूको कथावस्तु योजना, पात्र विधान, शिल्प विधान, सारवस्तु आदिका आधारमा कृतित्वको विवेचनात्मक मूल्याङ्कन गरेका छन् ।

उनको चौथो समालोचना सङ्ग्रह **दृष्टिपथ** (२०१८) मा केही सैद्धान्तिक र प्रायोगिक समालोचना ग्रन्थमा जम्मा दसओटा लेखहरू रहेका छन् । यी हुन्- जयन्तकृष्ण शर्माको काव्यिक भावभूमि, होमबहादुर क्षेत्रीको कवितामा समयचेतनाको पीडा, सन्तकवि ज्ञानदिल दास र उनको अध्यात्मिक चेतनामूलक, निर्गमनको औपन्यासिक वस्तु तथा रूपविन्यासपरक अध्ययन, लीलबहादुर क्षत्रीको कथागत प्रवृत्ति, भारतीय नेपाली कथामा अभिघात सिद्धान्त, नेपालीमा मुक्तक लेखन, भारतीय नेपाली कथामा नवलेखन, नन्द हाङखिमको नाट्यचेतना, नेपालीमा साहित्यिक अन्तर्वार्ताको सैद्धान्तिक तथा प्रवृत्तिपरक अध्ययन ।

उनको **अक्षरहरूमा संवाद** नामक अन्तर्वार्ता सङ्गालो (२०१८) प्रकाशित छ । यसमा बाह्रजना भारतीय नेपाली साहित्य सर्जकहरूलाई समीक्षात्मक अन्तर्वार्ता लिइएको छ । यसमा असीत राई, आई. के. सिंह, कृष्णसिंह मोक्तान, गुप्त प्रधान, नन्द हाङ्खिम, नोर्ज्याङ स्याङदेन, प्रदीप गुरूङ, मनप्रसाद सुब्बा, लक्ष्मण श्रीमल, विन्द्या सुब्बा, शरद् छेत्री र समीरण प्रियदर्शी । यसमा यी प्रत्येक लेखकका व्यक्तिगत परिचय, लेखनगत परिचय, लेखनगत प्रवृत्ति र पद्धति आदि केलाएर सिर्जनात्मक प्रश्नहरू तेर्साएका छन् । समीक्षात्मक प्रश्न गराइमा नै उत्तरदाताभित्रको लेखनगत शिल्प, सौन्दर्य र कलात्मकता झल्किएको पाइन्छ । उत्तम कुँवरको स्रष्टा र साहित्यको भैँ डा. छेत्रीको यस अन्तर्वार्ता सङ्गालोलाई सिर्जनात्मक अन्तर्वार्ता मान्न सकिन्छ ।

उनको पछिल्लो प्रकाशित पुस्तक **अक्षरका आयाम** (२०२३) भूमिका सङ्ग्रहलाई पनि समालोचनाकै कोटिमा राख्न सकिन्छ । यसमा सामान्य पुस्तकीय भूमिका नरही आंशिक रूपमा भए पनि पुस्तकको तात्त्विक, वस्तु योजना, कृतिगत मूल्याङ्कन, समीक्षण गरिएको छ । यसमा रहेका लेखहरू हुन्- 'मैतराज राणाको अन्योल वर्तमानसित', 'गीतकार कमल रेग्मी र काँडाफूल', 'उदय थुलुङका कथाहरूको कथ्य र नेपथ्य', 'सङ्कल्पका भीङभित्रको अनुहारहरू', 'कवि मल्लको खण्डप्रलय : एउटा काव्यिक अन्तःद्रोह', 'सपनको कृति मेरो कैरन', 'पर्यावरण सचेतताको परिदृश्यमा कवि भवजीत तामाङको काव्यकृति', 'सुनिलको सिर्जनात्मक शिविर : गुरूदक्षिणा', 'सामाजिक आख्यानात्मकता जीवनको नयाँ मोड', 'कविता लेखनमा युवा कवि प्रवीणको हस्ताक्षर', 'शारदा छेत्रीका कथामा अनुभूतिको स्वर र समय चेतनाको पीडा', 'सन्दर्भ : युवा उपन्यासकार कुशल छेत्रीको सूत्रात्मक

औपन्यासिक लेखन', 'गौरवमय मगरजोङ गरिमामय यात्रा', 'कथ्यकथनका सन्दर्भमा नवीनका प्रवीण कथाहरू', 'नेपाली समाज सांस्कृतिक सरोकारका जीवन्त कथाहरू', 'हट्टाबाहिरको औपन्यासिक सन्दर्भ' ।

उनले सम्पादन गरेको र साहित्य अकादमी नयाँ दिल्लीबाट प्रकाशित शिवकुमार राईका रचना सञ्चयन (२०१२) मा पनि शिवकुमार राईको कथाकारितामाथि गम्भीर अध्ययनशील समीक्षा गरेका छन् । यसबाहेक उनले चरित्र समालोचना विशेषाङ्क (२०१२), समालोचना ग्रन्थ सञ्चयन (२०२३), अक्षरहरूको अभिनन्दन (२०२३), दियालो स्वर्ण जयन्ती अङ्क (२००९) आदि पुस्तक पत्रिकाहरूको कुशल सम्पादन गरेका छन् ।

डा. राजकुमार छेत्रीको समालोचनाकारितामाथि केही अध्येताहरूले अध्ययन, समीक्षण र मूल्याङ्कन गरेका छन् । यी लेखकहरू कतै उनकै पुस्तकको भूमिका कतै अन्यत्र प्रकाशित लेखहरू हुन् । त्यसमा डा. दिवाकर प्रधान, डा. घनश्याम नेपाली, अर्जुन प्रधान, नवीन पौड्याल, डा. कृष्णराज घतानी, डा. सुजातारानी राई आदिले गहन रूपमा अध्ययन गरेका छन् ।

४. डा. राजकुमार छेत्रीको समालोचनाका क्षेत्र र प्रवृत्तिहरू

डा. राजकुमार छेत्रीले आफ्नो समालोचनामा अध्ययनको क्षेत्रलाई व्यापक बनाएका छन् । उनले सैद्धान्तिक र प्रायोगिक दुवै प्रकारका समालोचनामा कलम चलाएका छन् । उनका समालोचनात्मक लेखनमा साहित्यका विविध विधा, प्रवृत्ति, सर्जक र कृतिहरू अध्ययनका विषय बनेका छन् । उनले धेरैजना सर्जकका कृतिहरूको अध्ययन, समीक्षा र मूल्याङ्कन गरेका छन् । उनको विशेष रुचि आख्यान, विशेषतः कथा विधामा रहेको देखिन्छ । कथाबाहेक उनले उपन्यास, कविता, नाटक तथा समालोचना विधिका कृतिहरूमाथि पनि समीक्षा गरेका छन् । यस दृष्टिले उनको समालोचनात्मक अध्ययनक्षेत्र एकाङ्गी नभई बहुआयामिक र व्यापक रहेको पाइन्छ ।

उनी मूलतः सैद्धान्तिक चेतनासम्पन्न समालोचक हुन् । कृतिको अध्ययन र मूल्याङ्कन गर्दा उनी केवल आफ्नो वैयक्तिक रुचि वा प्रभावमा मात्र सीमित रहँदैनन्, बरु आवश्यकतानुसार विभिन्न सैद्धान्तिक आधार र समालोचनात्मक मान्यताहरूको सहारा लिन्छन् । उनको कलम हाइकु लेखन, मुक्तक लेखन, नयाँ लेखन, साहित्यिक अन्तर्वार्ता, भूमिका लेखन तथा नवलेखनका विविध पक्षहरूसम्म पनि पुगेको छ । यसबाट उनको साहित्यिक चासो केवल परम्परागत साहित्यिक विधाको समीक्षामा सीमित नरही समकालीन साहित्यिक गतिविधि र नयाँ सिर्जनात्मक प्रवृत्तितर्फ पनि उन्मुख रहेको स्पष्ट हुन्छ । समकालीन साहित्यका नवीन रूप, शैली र प्रवृत्तिप्रति उनको जिज्ञासु दृष्टि रहेको देखिन्छ ।

उनका अन्य समालोचनात्मक लेखहरूमध्ये बी. पी. मल्लको हाइकु-कविता लेखनबारे गरिएको अध्ययन उल्लेखनीय छ । जापानी जीवनदर्शन र हाइकुका मूलभूत सैद्धान्तिक मान्यताका आधारमा उनले बी. पी. मल्लको हाइकु लेखनको अध्ययन गर्दै उनलाई एक सफल हाइकुकारका रूपमा चिनाउने प्रयास गरेका छन् । यस प्रकारको अध्ययनमा

कृतिको विधागत संरचना, भावभूमि र अभिव्यक्तिगत वैशिष्ट्यलाई सैद्धान्तिक धरातलमा राखेर हेर्ने उनको प्रवृत्ति देखिन्छ । यहाँ लक्ष्मीप्रसाद देवकोटाको समालोचनात्मक अवधारणालाई पनि उनले केलाउने जमर्को गरेका छन् । देवकोटाका साहित्यिक तथा समालोचनात्मक मान्यतालाई पुनःपाठ गर्ने उनको प्रयासले साहित्यिक परम्पराको अध्ययनप्रति पनि उनको रूचि रहेको बुझिन्छ ।

डा. छेत्री पाठककेन्द्री, लेखककेन्द्री र कृतिकेन्द्री तीनै प्रकारका समालोचनात्मक दृष्टिकोण अपनाएर लेख्ने गर्छन् । कुनै कृतिको मूल्याङ्कन गर्दा कहिले सर्जकको जीवन, व्यक्तित्व र वैचारिक पृष्ठभूमिलाई महत्त्व दिन्छन् भने कहिले कृतिको संरचना, विषयवस्तु, भाषा, शैली र कलात्मक पक्षलाई केन्द्रमा राख्छन् । त्यसैगरी, पाठकमा कृतिले उत्पन्न गर्ने प्रभाव र अनुभूतिलाई पनि उनले समालोचनाको महत्त्वपूर्ण आधार बनाउने गरेका छन् । यस अर्थमा उनको समालोचनात्मक दृष्टि एउटै निश्चित ढाँचामा बाँधिएको नभई विषय र कृतिको प्रकृतिअनुसार लचिलो तथा बहुदृष्टिगत रहेको पाइन्छ ।

यसका साथै उनी मूलतः कृति पढेर त्यसले आफूमा पारेको प्रभावलाई अभिव्यक्त गर्ने प्रभाववादी समालोचक पनि हुन् तर उनको प्रभाववाद केवल भावुक प्रतिक्रिया वा व्यक्तिगत रूचिको अभिव्यक्तिमा मात्र सीमित छैन । कृतिले उत्पन्न गरेको प्रभावलाई तर्क, विश्लेषण र सन्दर्भका आधारमा स्पष्ट पार्ने प्रवृत्ति पनि उनको लेखनमा पाइन्छ । यद्यपि उनी कृतिका आन्तरिक पक्षहरू, जस्तै प्रतीक, विम्ब, अर्थसन्दर्भ, भाषिक प्रयोग, संरचना तथा पृष्ठभूमिगत सन्दर्भहरूलाई उधिनेर देखाउने काम गर्दछन् । यसका साथै कृतिबाहिरका सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा अन्य सान्दर्भिक पक्षहरूलाई पनि समालोचनाको दायरामा समेट्ने गर्छन् । यस कारण उनको समालोचनामा कृतिको अन्तर्पाठीय र बहिर्पाठीय दुवै पक्षको अध्ययन गर्ने प्रवृत्ति देखिन्छ ।

डा. छेत्री मूलतः प्राज्ञिक चेतनासम्पन्न समालोचक हुन् । उनका लेखहरूमा अध्ययनशीलता, विषयप्रतिको गम्भीरता, सैद्धान्तिक सचेतता र विश्लेषणात्मक दृष्टिकोण पाइन्छ । यसका साथै उनी व्याख्यात्मक, प्रभाववादी, ऐतिहासिक तथा जीवनीमूलक समालोचनामा पनि रूचि देखाउँछन् । आवश्यकतानुसार कृतिको व्याख्या गर्ने, त्यसको प्रभाव प्रस्तुत गर्ने, ऐतिहासिक पृष्ठभूमिसँग जोडेर हेर्ने तथा सर्जकको जीवन र व्यक्तित्वको सन्दर्भबाट कृतिलाई बुझ्ने प्रवृत्ति उनका समालोचनामा पाइन्छ । यस बहुविध समालोचनात्मक दृष्टिका कारण उनका लेखहरूमा विषयअनुसार दृष्टिकोण परिवर्तन गर्ने लचकता देखिन्छ ।

डा. छेत्रीले समालोचनाका नयाँ नयाँ सिद्धान्तहरूको अध्ययन र अनुगमन गरी तिनका आधारमा कृति समीक्षा गर्ने गरेका छन् । यसबाट उनी परम्परागत समालोचनात्मक मान्यतामा मात्र सीमित नरही आधुनिक तथा समकालीन सैद्धान्तिक विकासप्रति पनि सचेत रहेको बुझिन्छ । अहिलेसम्म उनको कलमले समालोचनाका सामान्य सिद्धान्तका साथै आख्यानशास्त्रीय, भयवादी, सांस्कृतिक, अभिघात तथा पर्यावरणीय सिद्धान्तका आधारमा पनि कृतिहरूको समीक्षा गरेको पाइन्छ । यसरी फरक-फरक सैद्धान्तिक

उपकरणको प्रयोगले उनको समालोचनालाई विविधतापूर्ण बनाएको छ । कृतिको प्रकृति, विषयवस्तु र सन्दर्भअनुसार उपयुक्त सिद्धान्तको प्रयोग गर्ने प्रवृत्ति उनको समालोचनात्मक विशेषताका रूपमा देखिन्छ ।

उनको मुख्य रुचिको क्षेत्र कथा विधा रहेको देखिन्छ । कथाको संरचना, कथावस्तु, पात्र, दृष्टिबिन्दु, परिवेश, भाषा र अन्तर्निहित अर्थसन्दर्भजस्ता पक्षप्रति उनको विशेष चासो रहेको पाइन्छ । तथापि उनी कथा विधामै सीमित छैनन्; कविता, उपन्यास र समालोचनाका कृतिहरूलाई पनि उनले अध्ययनको विषय बनाएका छन् । यसबाट उनको समालोचनात्मक व्यक्तित्वको बहुआयामिकता स्पष्ट हुन्छ । उनले विशेषतः दार्जिलिङ क्षेत्रका केही ओझेलमा परेका नयाँ तथा पुराना लेखकहरूलाई पाठकसमक्ष कृतिकारका रूपमा चिनाउने महत्त्वपूर्ण काम पनि गरेका छन् ।

यस दृष्टिले डा. राजकुमार छेत्रीको समालोचनात्मक योगदानको अर्को उल्लेखनीय पक्ष साहित्यिक इतिहासमा पर्याप्त चर्चा नपाएका वा सीमित पाठकवर्गमा मात्र परिचित सर्जक र कृतिहरूलाई समालोचनाको केन्द्रमा ल्याउनु हो । उनले स्थापित साहित्यकारहरूको मूल्याङ्कनसँगै उपेक्षित र ओझेलमा परेका प्रतिभाहरूको कृतित्वमाथि पनि दृष्टि पुऱ्याएका छन् । यस्तो प्रवृत्तिले साहित्यिक मूल्याङ्कनको क्षेत्र विस्तार गर्नुका साथै क्षेत्रीय नेपाली साहित्यका विविध स्वर र प्रवृत्तिलाई अभिलेखित तथा स्थापित गर्न सहयोग पुऱ्याएको छ । यदि नेपाल र अन्य देश वा भारतकै पनि अन्य स्थानका पाठकले नचिनेका तर राम्रा लेखकको पनि परिचयन, मूल्याङ्कन र समीक्षण गरेका छन् ।

समग्रमा हेर्दा डा. राजकुमार छेत्रीको समालोचनाका क्षेत्र र प्रवृत्तिहरू व्यापक, बहुआयामिक तथा बहुदृष्टिगत रहेका छन् । उनको समालोचनामा सैद्धान्तिकता र व्यावहारिकता, प्रभाव र विश्लेषण, कृतिकेन्द्रिता र सन्दर्भकेन्द्रिता तथा परम्परा र आधुनिकताबीचको समन्वय देखिन्छ । कथा विधाप्रति विशेष झुकाव हुँदा हुँदै पनि साहित्यका अन्य विधा, नवीन लेखन र विविध समालोचनात्मक सिद्धान्तप्रति उनको सक्रिय रुचि रहेको पाइन्छ । यसरी साहित्यिक कृतिको सूक्ष्म अध्ययन, सैद्धान्तिक आधारमा मूल्याङ्कन तथा ओझेलमा परेका सर्जक र कृतिहरूको पुनःपहिचान गर्ने कार्यले डा राजकुमार छेत्रीलाई समकालीन नेपाली समालोचनाका एक अध्ययनशील, प्राज्ञिक र बहुआयामिक समालोचकका रूपमा स्थापित गरेको देखिन्छ ।

५. उपसंहार

जे होस्, नेपाली समालोचना क्षेत्रमा डा. राजकुमार छेत्री एउटा प्रखर नाम बनेका छन् । उनी विशेष गरी कथा विधामा विचरण गरी त्यसका पत्रपत्र केलाएर पाठकलाई सो कृतिको रसास्वादन गर्न सघाउ पुऱ्याउँछन् । वास्तवमा समालोचना भन्नु नै कुनै एउटा पाठ वा कृतिबारे पाठकलाई अझै रसास्वादन गराउनु हो । यस दिशामा डा. छेत्री निपुण छन् । यस विधाको उन्नतिमा डा. छेत्रीको कलम अझै तिख्खर बनोस्, उनीबाट हामीले अझै राम्रा-राम्रा समालोचनात्मक कृति पाइरहौं, उनीजस्तै अरू पनि जागरूक अध्येता र समालोचकहरू हामीले पाइरहौं भन्ने कामना छँदै छ । ■■

समीक्षा

'अ-विधवा'लाई नियाल्दा



✍ सुभाषचन्द्र पौडेल 'भीमफेदीया'

गोविन्द गिरी प्रेरणा नेपाली साहित्यको एक 'ब्रान्ड नेम' हो । अर्को अर्थमा नामै काफी छ भने पनि हुन्छ । तिसको दशकदेखि निरन्तर र अविरल रूपमा उनको कलम चलिरहेको छ ।

कुन कुन विधामा उनले लेखेका छन् भन्नुभन्दा पनि अब कुन विधामा लेख्न बाँकी छ भनेर खोज्नुपर्ने हुन्छ । त्यसरी खोज्दा बाँकी विधा नभेटिन पनि सक्छ ।

कविता, कथा, गीत, उपन्यास, नियात्रा, अन्तर्वार्ता, पत्रकारिता, सम्पादन, हाइकु, नाटक आदि इत्यादि हरेक विधामा उनको कलम चलेको छ सशक्त रूपमा । लेख्नकै लागि मात्र उनको जन्म भएको हो कि भन्ने भान हुन्छ मलाई । म उनको पुरानो मित्र मात्र नभई शुभ चिन्तक पनि हुँ । हामी एउटै जिल्लावासी हौं मकवानपुरको । उनी टेक्करका म भीमफेदीको । जन्मभूमि एउटै जिल्ला भए पनि कर्मभूमि काठमाडौंमा हाम्रो भेट भयो, चिनजान भयो, सडक कविता क्रान्तिका वेला । त्यस वेलादेखि हामी अहिलेसम्म आत्मीय रूपमा नजिक छौं । हाल प्रवासमा रहेका उनीसँग सामाजिक सञ्जालमार्फत बरोबर सम्पर्कमा रहने गरेका छौं हामी । नेपाल आएको वेला भेटघाट नहुने कुरै भएन । प्रत्येक पटक उनी नेपाल आउँदा कुनै न कुनै कोसेली ल्याएकै हुन्छन् त्यो पनि साहित्यिक कृति । यस पटक चाहिँ अलि ढिलो भएको छ उनको नेपाल आगमन तर पनि उनको अनुपस्थितिमा उनको कृति भने बजारमा देखापरिसकेको छ । सम्भवतः उनको पछिल्लो नयाँ कृति हो 'अ-विधवा' । लामा लामा कथाहरूको सङ्ग्रह । दर्जनौं कृतिहरूका स्रष्टा गोविन्द गिरीको यो पृथक् शैली र विषयवस्तुको कृति भन्न स्वाउँछु म । हुन त यसअघि पनि उनले लामा लामा कथा नलेखेका हैनन् तर ती कथाहरूभन्दा यी कथाहरू फरक स्वादका छन् । यौन मनोविज्ञानमा आधारित फरक ढङ्गबाट प्रस्तुत कथाहरू पढ्न थालेपछि नटुङ्गियोस् जस्तो लाग्छ । आजको डिजिटल जमानामा लामा लामा कथाहरू पढ्न दिक्क लाग्छ, कहिले सकियोस् जस्तो लाग्छ तर 'अ-विधवा'मा भएका कथाहरू भने पढ्दा जति आनन्द आउँछ त्यति नै सुस्वादु पनि । फ्लेसब्याकका रूपमा अभिव्यक्त ती कथाहरू कथाकारको जीवनकै भोगाइ र अनुभव हुन् कि भन्ने लाग्छ । बडो शालीनतापूर्वक यौन प्रसङ्गहरू उठाइएका छन् । वास्तविक जीवनमा भएको कहानी जस्ताको त्यस्तै पाठक सामु उनले राखिदिएका छन् ।

सङ्ग्रहको पहिलो कथा 'अ-विधवा' कृतिको न्वारानको नाम हो । 'अ-विधवा' कथा एक नारी पात्रको तीन पुरुषसँगको सम्बन्ध भएको कथा हो । एउटी नारीको जीवनमा पुरुषको कत्तिको महत्त्व र आवश्यकता पर्दोरहेछ र जीवन जिउने क्रममा के कस्ता समस्या भोग्नु परेको रहेछ भनेर चित्तबुझ्दो तरिकाले वर्णन गरिएको कथा

हो । मृदुला नाम गरेकी नारीको मनीष नामका एक व्यक्ति जो उनको बाल्यकालका स्कुले साथीको प्रसङ्गबाट कहानी सुरु भए पनि उनी तेस्रो व्यक्ति हुन् मृदुलाको जीवनको उत्तरार्धमा सम्पर्कमा जोडिन आइपुगेका । मनीष मृदुलाका पति जनकका साथी पनि हुन् । एकल पुरुष भएको अवस्थामा सम्बन्ध गाँस्न पुगेका हुन्छन् शारीरिक चाहनाले नभई केवल साथको आवश्यकताले तर उनसँग न यौन सम्बन्ध हुन्छ न त सँगै बस्न पाउने अवस्था । मनीषसँग बस्ने प्रस्ताव सदर वा बदर गर्न नपाउँदै दुर्घटनामा परेर मनीष टिचिङ अस्पतालमा उपचारकै क्रममा मृत्यु भइसकेको खबर सुनेर मृदुला विक्षिप्त हुन पुग्छिन् । दस मिनेट मात्र कुरेको भए त भेट्न पाउँथे नि भनेर उनी चुक चुकाउँछिन् । मृदुलाको बिहे हुन्छ जनकसँग बीए पढ्दापढ्दै । सिडिओ रहेका आफ्नो बाबुको हुकुमले र पनि जनक असल व्यक्ति पर्छन् पढेलेखेका ।

बेलायतमा पीएचडी गर्न जान्छन् । जनक बेलायत जानुअघि नै उनको गर्भ रहिसकेको हुन्छ । बिहे भएपछि उनीहरू भारत भ्रमणमा पनि गएका हुन्छन् । डिपेन्डेन्ट भिसा प्रोसेस गर्दागर्दै अचानक बेलायतमा जनक हृदयाघातबाट बित्छन् । जनकको शव नेपाल ल्याउन सकिन्न । नेपालबाट बिदाइ गर्दा लिएको फोटो नै अन्तिम चिनो बन्न पुग्छ जुन पेटमा हुर्किरहेको तर धरतीमा आउन बाँकी सन्तान नै सम्झाउनी बिर्साउनीका रूपमा मृदुलाका लागि । छोरो टुकुटुकु हिँड्न थाल्छ उता एमए पनि पास गर्छिन् मृदुलाले । शिक्षण पेसाका रुद्र सरले मृदुलालाई पनि शिक्षण पेसामा पुऱ्याउँछन् । शिक्षणले उनको जीवनमा आमूल परिवर्तन ल्याइदिन्छ । तर रुद्र सरको स्नेहले जनकको तस्बिर धमिलो देख्न थाल्छिन् । रुद्र सरको परिवार बारेमा सोध्न नपाउँदै सबथोक ढिलो भइसक्छ । रुद्र सरलाई शरीर सुम्पिसकेपछि विधवाको जीवन सधवामा जाँदै गरेको सपनामा उडेकी हुन्छिन् मृदुला ।

रुद्रले जेठीबाट उम्केर मृदुलालाई एकलौटी बनाइसकेका हुन्छन् । सासू ससुरा समेत मृदुलालाई सधवा देख्न चाहन्थे तर विडम्बना आफ्नै कलेज बाहिर ट्रिपरको ठक्करबाट रुद्र सर ठाउँको ठाउँ नै बितेपछि फेरि दोस्रोपटक विधवा बन्छिन् मृदुला । रुद्र सरको मृत्युपछि नजिकिएका मनीष पनि बितेपछि एक्ली भएकी मृदुला मनमनै भन्छिन्- 'म विधवा भएकै छैन, अविधवा छु । मेरा जनक छँदै छन् नि । रुद्र सर नभएर के भयो र ? मनीष नभएर के भो र ?' भित्तामा जनकको हाँसिरहेको तस्बिर यथावत् हुन्छ । तस्बिरमा उनको मुस्कान पनि उस्तै । कैयौँ वर्षदेखिको त्यो मुस्कानका कुनै बदलाव हुँदैन । म विधवा होइन अविधवा छु । मृदुलाको यही संस्मरण यसरी बडो कुशलतापूर्वक कथालाई प्रस्तुत गरेका छन् स्रष्टा गिरीले । पढुन्जेल लाग्छ मै मृदुला हुँ । एक सशक्त पात्र मृदुला ।

अर्को कथा छ 'जुनू भाउजू' । एसएलसी परीक्षा दिन डेरा लिएर बसेको घरको बुहारी हुन् जुनू । डल्ली भए पनि आकर्षक जुनू भाउजूको श्रीमान् नेपाली सेना जो ब्यारेकमा बस्दथे । सासू ससुरासँग बसेकी जुनू भाउजूको कथा हो यो । गोपाल नामको पात्र जो केही समयका लागि डेरा लिएर बसेका हुन्छन् त्यस घरमा । उनको खानपिन पनि त्यही घरमा हुन्छ । जुनू भाउजूले पकाएको मिठो खाना थपिथपी खुवाउँछिन् । गोपाल सुत्ने कोठा र जुनू भाउजूको कोठा पनि नजिकै हुन्छ । जाडोको महिना एक रात शौचालय

गएर फर्किंदा जुनू भाउजू सुत्ने कोठाको बत्ती बलेको देख्छन् गोपालले । झ्यालको एउटा खापामा प्वाल रहेछ मनमा के आएर हो कुन्नि प्वालबाट चियाउन पुग्छन् र देख्छन् जुनू भाउजूको अर्धनग्न आकर्षक शरीर । ट्युसन पढेर एसएलसीमा राम्रो श्रेणीमा पास गरोस् भनेर चिनजानका व्यक्तिको घरमा राख्न ल्याएका थिए गोपालका बाबुले । गोपाल भने जुनू भाउजूको देह दर्शनमा छटपटिन थाले । एक रात त उनले जुनू भाउजूलाई पूरै नग्न अवस्थामा देखे । पढाइ बिग्रेला भन्ने चिन्ता पनि नभएको हैन तर रात परेपछि प्वालबाट चियाउन मन लाग्थ्यो । मानसिक रूपमा गोपाल कमजोर बन्दै गए । जुनू भाउजूसँग शारीरिक सम्बन्धसमेत राखेको कल्पना गर्न थाले । वनको बाघले भन्दा पनि मनको बाघले गोपाललाई खान थाल्यो । अन्तमा मनलाई सम्हालेर पढाइलाई निरन्तरता दिए । एसएलसी परीक्षा पनि सकियो । परीक्षा सकिएको रात धित मरून्जेल देश दर्शन गर्ने उनको सपना पूरा हुन सकेन । गोपाल पनि बाबुको पछि लागेर घर फर्किए जुनू भाउजूको नग्न देह दर्शनको सम्झना बोकेर । एसएलसी पास गरेर एक दिन भाउजूलाई भेट्न जाँदा उनसँग भेट हुन सकेन । भाउजू माइती गएकी रहिछन् । उनको श्रीमान् पनि विदेश जान लागेका रहेछन् । भाउजू सुत्ने कोठामै उनलाई सुत्न दिइयो । भाउजूको कपडा देखेर उनले भाउजूसँगै सुतेको महसुस गरे । एकातिर जुनू भाउजूको अतृप्त यौन चाहना अर्कोतिर गोपालको यौन जिज्ञासालाई बडो कुशलतापूर्वक उतारेका छन् गिरीले फ्लेसब्याक शैली प्रयोग गरेर ।

'भिनाजुको काख' पनि यौन मनोविज्ञानमा आधारित एउटा सुन्दर कथा हो । पोषण पाण्डेको भिनाजुको स्वेटर कथाजस्तै तर यस कथाको विषयवस्तु र परिवेश भने अलि फरक छ । बाह्र वर्ष अमेरिकामा बसेर पनि न त पढाइ न त कमाइ गर्न सकेका एक जना पात्र मनोज,उनकी धर्मपत्नी मीरा र साली समीराको घतलाग्दो कथा हो यो । सपनाको संसार अमेरिका जान अपहत्ते गर्नेहरूको कथा पनि हो यो । अमेरिका बसेर केही पनि उपलब्धि हासिल गर्न नसकेपछि मनोज नेपालमै फर्किन्छन् र बाबुआमाले भनेकै केटी मीरासँग बिहे गर्छन् ।

अमेरिका जान पाउने लोभमा मीराले पनि बिहे गरेकी हुन्छिन् तर मनोज अमेरिका नजाने गरी फर्केको कुरा पछि थाहा पाउँछिन् । समीराले धेरै वर्षदेखि डीभी भरेर प्रयास गरिरहेकी हुन्छिन् । एक दिन उनलाई डीभी पर्छ । सुमीराकै योजनामा मनोज फेरि अमेरिका जान पाउने हुन्छन् । साली सुमीरासँग बिहे गरेर डिपेन्डेन्ट भिसामा जान उनी तयार हुन्छन् मीरा, सुमीरा र घरपरिवारको सल्लाहमा । मीराले मनोज र सुमीरालाई अमेरिका पठाउन तयार हुन्छिन् एउटा सर्तमा अमेरिका पुगेपछि सुमीरासँग डिभोर्स गर्ने र मीरालाई अमेरिका लैजाने । भने जस्तो सजिलो कहाँ हुन्छ र ! मनोजको ग्रिनकार्ड आउन समय लाग्छ । यता मीरा आफ्नै बहिनी सुमीरामाथि शङ्का गर्न थाल्छिन् । कतै साली भिनाजु उतै लोग्नेस्वास्नी भएर बस्ने हुन् कि भनेर । रातदिन उनी छट्पटाउँछिन् । मनोज र सुमीरालाई जथाभावी भन्छिन् फोनबाट । साली भिनाजुबिच यौन सम्पर्क भएको कल्पनामा डुब्छिन् । सुमीरा र मनोज दुबैलाई फोनबाटै कायल पार्छिन् । जबकि मनोज र सुमीरा बेग्लाबेग्लै राज्यमा हुन्छन् । उनीहरूचिच कुनै सम्बन्ध हुँदैन । यता मीरा भने केवल

सुमीरा र मनोजका बिच यौन सम्बन्ध भएर आफूलाई बेवास्ता गरेको अनुभव गर्छिन् । दिदी मीराको चर्तिकला देखेर सुमीराले मनोजसँग रात बिताउने कुरा पनि गर्छिन् तर मनोज मान्दैनन् । यो घटना मनोजको तरङ्ग मात्र हुन्छ । मनोज पनि विदेशी महिलाहरूसँग लागेर आफूले कमाएको कमाइ गुमाउन पुगिसकेको हुन्छ । मनोज फेरि नेपालमै फर्कन चाहन्छ तर फर्किँदैन । बरु अचानक सुमीरा नेपाल पुग्छिन् । एउटा विदेशी केटा लिएर बिहे गर्न जोसँग उनको सम्बन्ध रहेको हुन्छ र पेट पनि बोकिसकेकी हुन्छिन् । विदेशमा रहँदा एउटा पुरुष कसरी अरूसँग यौन सम्बन्ध राख्न विवश हुन्छ भने महिलाहरू आफ्नै बहिनी र लोग्नेमाथि कति सजिलै शङ्का गर्ने हुन्छन् भनेर कथामा देखाइएको छ ।

'पूर्व प्रेमिकासँग एक साँझ' कथा पनि रोचक यौन कथा हो । उच्च शिक्षा हासिल गर्न गाउँबाट काठमाडौँ आएर बसेको एक मध्यम स्तरीय युवाको कथा हो यो । डेरा नजिकै रहेको एउटा पसलमा तरकारी किन्न जाँदा भेटिएकी र सामान्य बोलचालपछि सम्पर्कमा आएकी एक विवाहित युवतीसँगको सम्बन्ध र बिछ्यौनासम्म पुगेको कथा । बुढो लोग्नेबाट अतृप्त रहेकी एक बच्चाकी आमासँग अनुचित यौन सम्बन्ध रहन्छ र युवती बुढो लोग्ने छाडेर युवकसँग भाग्न पनि तयार हुन्छिन् तर युवकले आँट गर्दैनन् । डेरामा सँगै बस्ने साथीहरूले पनि यो कुरा थाहा पाउँछन् र सम्झाउँछन् पनि । दसैँजस्तो महान् चाडमा समेत युवक घर जान चाहँदैन र युवतीसँग अन्त कतै गएर रमाउन चाहन्छ । साथीहरूले निकै सम्झाएछि बल्ल घर जान्छ । घरमा आमाबाबुले थाहा पाइसकेका हुन्छन् । साथीहरू मलेसियामा काम गर्न जान लागेका हुन्छन् । युवक पनि बाआमाको करले मलेसिया पुग्छ । मलेसिया पुगेपछि बिस्तारै रूपालाई बिर्सन पुग्छ । केही वर्षपछि कमाएर नेपाल फर्किन्छ र काठमाडौँमा घर किन्छ । रूपासँग सामाजिक सञ्जालमा फेरि भेट हुन्छ । रूपाले उसलाई भेट्न बोलाउँछे, ऊ भेट्न जान्छ एक प्याकेट कन्डम लिएर बसौँपछिको यौन सम्पर्क गर्ने आशमा । रूपाले आफ्नो आलिशान घर देखाउँछिन् ।

सबै कोठा देखाउँछिन् । बुढो लोग्ने मरेपछि अर्कै केटासँग बसेकी हुन्छिन् । साधारण शाकाहारी नास्ता खुवाउँछिन् । जुस पिउन दिन्छिन् । अघिपछि नजिकै टाँसिएर बस्नुपर्ने मान्छे टाढै बस्छिन् । उनले त केवल आफ्नो घर वैभव पो देखाउन भेट्न खोजेको बल्ल युवकले चाल पाउँछ । आफूलाई काँतर, भगुवा भनेको सम्झन पुग्छ । युवतीको व्यवहारले युवक रनभुल्लमा पर्छ । रूपाको घरबाट फर्किंदा कन्डम अँध्यारोमा फाल्दिन्छ र रूपाको सम्झनालाई पनि यसैगरी अँध्यारोमा फाल्दिन पाए हुन्थ्यो भन्दै ऊ सोच्न थाल्छ । पूर्व प्रेमिकासँगको साँझ यसरी टुङ्गिन्छ ।

'सङ्क्रान्ति बजार होटल एन्ड लज' कथा यात्रा संस्मरण कथाजस्तो लागे पनि कथाभित्र रमाइलो यात्राका साथै पहाडी जीवनको सुन्दर चित्रण भएको कथा हो । कथामा यौनलाई आकर्षक ढङ्गबाट प्रस्तुत गरिएको छ । सङ्क्रान्ति बजारकी साँहिलीसँग अचानक भएको यौन सम्पर्क लेखकले विदेश पुगेपछि भुलिसकेका हुन्छन् । विदेश बसाइमा मेक्सिकनकी सोफियासँग उनको सम्पर्क हुन्छ । बिहेपछि एक साताको हनिमुनका लागि अलास्का क्रुजमा गएका हुन्छन् । क्रुजबाट फर्किएपछि एक रात अचानक दुर्घटनामा पर्छन् लेखक पात्र । बाँच्न त उनी सफल हुन्छन् तर नसामा पुग्न गएको क्षतिले पुरुषत्व नष्ट

हुन्छ । बाँच्नुको खुसीभन्दा पनि पुरुषत्व नष्ट भएकोमा उनलाई दुःख लाग्छ । एक दिन अचानक सोफियाले डिभोर्स माग्छिन् । पुरुष साथी मात्र भएर पुग्दैन, लोग्ने पनि त चाहिन्छ भन्ने सोफियाको भनाइले उनी मर्माहत हुन्छन् । जन्म घर फर्कन तयार हुँदै गर्दा एक दिन नेपालकै कमलसँग भेट हुन्छ । साझेदारीमा रेस्टुरेन्ट खोल्छन् । मनग्ये मुनाफा पनि हुन्छ ।

दुई दशकपछि लामो निद्राबाट ब्युँझिएझैं आफैंसँग सोध्छन् यो सब केका लागि कसका लागि भनेर । रेस्टुरेन्ट कमललाई पूरै हस्तान्तरण गरेर नेपाल फर्किन्छन् । काका काकीलाई उनी नेपाल फर्किएको चित्त बुझ्दैन । कारण बुझ्दा उनको सम्पत्ति काका काकीले हत्याइसकेका हुन्छन् । अमेरिकामा दुर्घटना हुँदा प्राप्त क्षतिपूर्ति रकमले काठमाडौंमा घर किन्छन् । किशोर नाम गरेका साथीले बालाजुमा रहेको सङ्क्रान्ति होटल एन्ड लजमा एक साँझ पुऱ्याएपछि पैंतिस वर्षअघिको आठराई सङ्क्रान्ति बजार उनी सम्झन पुग्छन् र त्यहीं उनको साहिँलीसँग पुनःभेट हुन्छ । कुरै कुरामा साहिँली पुरानो याद दिलाउँदै गोपाल नाम गरेको एक युवासँग उनको सहबास भएको र त्यसको चिनो एउटा छोरो भनेर भित्तामा टाँगिएको तस्बिर देखाउँछिन् र भन्छिन् सङ्क्रान्ति बजारको मदन मेलामा एक रात झाडीभित्र सम्पर्क भएको गोपाल नाम गरेको व्यक्तिको जतनले राखेको पासपोर्ट साइजको श्यामश्वेत तस्बिर देखेर लेखक झसङ्ग हुन्छन् । तस्बिर त उनकै हुन्छ जुन उनले काठमाडौं फर्कने बेलामा दिएका थिए । साहिँलीसँगको सम्बन्ध पनि लेखकले फ्लेस ब्याक शैलीमै लेखेका छन् । कथा मार्मिक छ, रोमाञ्चक छ र यौनप्रधान छ । प्रस्तुति ज्यादै प्रभावकारी छ ।

सुनसान बस्तीमा अन्तिम संवाद शीर्षकको कथा माओवादी युद्धको कारण तहसनहस भएको एउटा बस्तीको दुःखलाग्दो कहानी हो । अपहरण, चन्दा असुली, बलात्कार र हत्याजस्तो जघन्य अपराधको पराकाष्ठालाई बडो मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको यथार्थमा आधारित घटनाक्रमको कथा । कथाभित्र सर्वसाधारण जनताको हक अधिकार खोसिएको, जङ्गलीराजको डरलाग्दो कहानी । अतृप्त आत्माको कथा । भूतका रूपमा भेट भएको प्रसङ्ग । कथाभित्र यौनजन्य क्रियाकलाप समेत भएको घटनाक्रम । नयाँ शैली र पृथक् प्रस्तुतिबाट जनताले भोग्नुपरेको कारुणिक यथार्थको वर्णन । हरहर मुभी हेरेको जस्तै अनुभूति हुने एक उत्कृष्ट कथा ।

अन्तिमको कथा 'स्वप्नवत्' शीर्षक अनुसार मेल खाने एउटी महिलाको सपनाको कथा । कामिनी एक राजनीतिक महिला । कलेज जीवनदेखि नै राजनीतिमा लागेकी । उनका बाबु भने राजावादी । सहारा शाह दरबार खानदानकी । आफ्नो बाबुकै कारण उनी सहाराको सम्पर्कमा पुग्छिन् । सहारा समलिङ्गी भनेर थाहा पाए पनि उनीहरू सम्पर्कमा रहन्छन् । सहारासँग लागेर कामिनीको पनि दिन फेरिन थाल्छ । नाम हुन्छ दाम हुन्छ । देश विदेश घुम्न पाउँछिन् । सहाराको दाजु मोहनराजासँग कामिनीको परिचय हुन्छ । सहाराको अनुपस्थितमा मोहनले कामिनीसँग यौन सम्पर्क राख्छन् । बाथटबमा सहारासँग निर्वस्त्र भएर गरेको सम्पर्कजस्तै । सहाराले यो कुरा थाहा पाएपछि दाजु बहिनीको बिच सम्बन्ध चिसिन्छ । मोहनराजाको भ्रुण उनको पेटमा चार महिनादेखि दिनदिनै बढिरहेको हुन्छ । कामिनीको कालो कर्तुत देख्न नसकेर उनको बाबु चन्द्रोदयले

सिलिङ पङ्खामा झुन्डिएर आत्महत्या गर्छन् । आमा सुनयना बेहोस हुन्छिन् । विदेश लगेर उपचार गराउन शङ्कर मामा दौडधुप गर्छन् तर अचेत अवस्थामै सुनयना पनि धरतीबाट बिदा हुन्छिन् । धेरै दिनदेखि सहारा सम्पर्कमा नआएपछि एक दिन कामिनी उनलाई भेट्न जान लाग्दा कलेजकी साथी घर आइपुग्छिन् । उनको हातमा एउटा समाचारपत्र हुन्छ । पत्रिकाको पहिलो पृष्ठमा मुख्य समाचार छापिएको हुन्छ । राजधानीमा बीभत्स हत्याकाण्ड । गोली हानाहानमा दाजु बहिनीको मृत्यु । समाचारको मुनि फोटो छापिएको हुन्छ सहारा र मोहनराजाको । कामिनी काँप्न थाल्छिन् । सपना हो कि विपना । यथार्थ हो कि भ्रम छुट्याउन सक्दिनन् । उता शङ्कर मामाले कामिनीको घरजग्गा धरौटीमा राखेका रहेछन् कामिनीको दस्तखत गराएर । धरौटीमा रहेको घरजग्गा जान्छ । शङ्कर मामा त कंस पो परेछन् भन्छिन् ।

केही लाख उनको पोल्टामा आउँछ । उता मोहनराजाले पनि केही रकम बैङ्क खातामा राखिदिएका हुन्छन् । समाउने हाँगो र टेक्ने जमिन नभएको बेला साथी विनीताले हात समाएर जोगाउँछिन् कामिनीलाई । मोहनराजाको भ्रुण खसाल्न गोरखपुर जाने योजनामा हुन्छन् उनीहरू । भैरहवामा सूर्यनाथ पात्रसँग परिचय हुन पुग्छ । संयोगले एउटै होटलमा बास बसेका हुन्छन् उनीहरू । भोलिपल्ट बिहान होटल परिसरकै रेस्टुरेन्टमा जाँदै गर्दा विनीता र सूर्यनाथबिचको गफ सुन्न पुग्छिन् । के भो त म पनि एक्लो छु, उदार छु यसमा । बिउ नरोपी फल पाउनु त मेरो सौभाग्य नै हो नि भन्ने कुरा सुन्न पुग्छिन् । सूर्यनाथ राजनीतिक व्यक्ति हुन्छन् । मोहनराजाको भ्रुणलाई सूर्यनाथले सकार्छन् । भ्रष्ट नेताहरूको फोहोरी राजनीतिबाट सूर्यनाथ पनि दिक्क भएका हुन्छन् । उनले अमेरिकमा बसेर पढिरहेको मृदुल जो मोहनराजाको भ्रुण हो उसलाई राजनीतिमा ल्याउने योजना सुनाउँछन् सूर्यनाथ कामिनीलाई । मृदुल नेपाल फर्केर आएको र त्रिभुवन विमानस्थलमा भव्य स्वागत र जय जयकार गरिएको देख्छिन् उनले । एकाएक चिच्याउँछिन् मृदुल भनेर । असिनपसिन भई सास फुलिरहेको हुन्छ । अहो ! कस्तो सपना देखेँ कामिनी भन्छिन् । वास्तवमा यो उनको सपना हुन्छ ।

सहारा समलिङ्गी भएको, मोहनराजासँग पनि उनको यौन सम्पर्क हुने गरेको, कामिनी खोसिएपछि दाजु बहिनीबिच द्वन्द्व बढेको र अन्तमा गोली हानाहान गरी हत्या भएको प्रसङ्गदेखि फोहोरी राजनीतिका कुरा र पद पैसा प्रतिष्ठाका लागि भएगरेका यावत् कुराहरू सरल र रोचक ढङ्गबाट प्रस्तुत कथा स्वप्नवत् वास्तवमा स्वप्नकै रूपमा उद्घाटित हुन्छ ।

कथाकार गोविन्द गिरी प्रेरणाले प्रत्येक शब्दहरू हरफहरू राम्रोसँग केलाएर निफनेर विषयवस्तु र कथावस्तुलाई पस्कन सफल भएका छन् । कथाहरू पढ्दै जाँदा कतिपय ठाउँमा आफैं नायक भएको महसुस पनि हुन्छ । कथाहरू पठनीय छन् स्तरीय छन् । दोहन्याई तेहराई पढ्न मन लाग्छ । प्रा. डा. लक्ष्मणप्रसाद गौतमको लामो भूमिका पनि पठनीय र सापेक्ष रहेको छ । कथाकार गोविन्द गिरी प्रेरणालाई एउटा गहकिलो कृतिका लागि हार्दिक बधाईसहित शुभकामना पनि । ■■

- धुम्बाराही, काठमाडौं ।



सत्य वाणी

अविरा भट्टराई

बगेको खोला बितेको पल फर्कन्न कहिले नि
फुटेको सिसा टुटेको नाता जोडिन्न कहिले नि
तताई पानी बन्दैन बाक्ले जसै गरे नि
बैगुन गुनले मर्दैन हेर कसै गरे नि

जन्मेपछि मर्नैपर्छ छैनन् कोही अमर
मै हुँ जान्ने बुझ्ने भनी घमण्ड नगर
पाकेको फल मिठै हुन्छ जसले जे भने नि
सत्य जहिल्यै तितै हुन्छ हुँदैन भने नि

विषको बिउ रोपेर अमृत त फल्दैन
कर्मको फल भोग्नै पर्छ टारेर टर्दैन
अरु रूवाई पाएको खुसी क्षणिक हो एक पलको
ढिलै होला जित त हेर निश्चित छ सत्यको

बर्सौं लाग्न कमाउन मान टुट्नलाई एक पल
रहेछ जीवन काँडाको बिचमा फुलेको त्यो फूल
छैनन् कोही सुखी सबैको छुट्टै पिर छ मनमा
तारा फुल्ने रातमा कति शीत हुन्छ बिहानमा

पालो त हेर सबैको आउँछ गोलो छ पृथ्वी
बुझ्नै गाह्रो कस्तो यो लीला कस्तो हो यो रीति
सुख र दुःखसँग रम खेल मनुष्य खेलाडी
यही हो सत्य वाणी संसारको अमूल्य कहानी

- उत्तरवाहिनी बोर्डिङ स्कुल, गोकर्ण, काठमाडौं ।

गजल

नन्दाकुमारी चन्द



देश अड्याउने बन तिमी जरा नेपालको,
धन फलाउने बन तिमी गरा नेपालको ।

राम्रो राम्रो गर्दै जाऊ माथि माथि बढ्दै जाऊ,
देशका लागि बन तिमी सहारा नेपालको ।

कष्ट सहेर पनि आफ्नो देशलाई बनाउनु पर्छ,
देशका लागि छाँटिएजस्तै छहरा नेपालको ।

मुटुभित्र आफ्नो देशलाई सजाई राख तिमी,
देशलाई राम्रो बनाउन परा नेपालको ।

देश अड्याउने बन तिमी जरा नेपालको,
धन फलाउने बन तिमी गरा नेपालको ।

- एलिगन्ट पर्ल इङ्लिस स्कुल,
तारकेश्वर-५ काठमाडौं ।

२०८३ सालको बडादसैं, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसर मा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

कैलाश कार्की
(प्रिन्सिपल)
काठमाडौं इन्टरनेशनल स्कुल (किन्स)
पशुपतिमार्ग, गुह्येश्वरी, फोनः ९८५१०६७४२७

कुती र काशी



✍ विनोद नेपाल

कुरा हो २०८२ सालको जति वेला भर्खरै जेन्जी आन्दोलनले निम्त्याएको निर्वाचन सम्पन्न भएको छ प्रतिनिधिसभाका लागि र नयाँ सरकार गठनको गृहकार्य चलिरहेको छ । तात्दो छ तराई, गर्मी छ उखर्माउलो । यसै समय एउटा साहित्यिक कार्यक्रममा सहभागिताको अवसर मिलेको छ फागुनको अन्तिम साता ।

यो शीतल काठमाडौं छाडेर गर्मीमा किन होमिनु ? एक मन भन्छ । अर्को मन भन्छ होइन, जानुपर्छ, मौकामा हिरा फोर्नु भन्ने त प्रचलित उखानै छ, अवसर गुमाउनु हुन्न । त्यो पनि दम्पती नै जान पाउने अवसर !

'तीर्थ जाँदा दम्पती नै जानु' भन्ने मान्यताको स्मरण हुन्छ । अनि लाग्छ 'मौका किन छोड्नु ?' मनको यही भनाइको सम्मान गर्दै हामी निर्णयमा पुग्छौं बनारस यात्राको ।

'काशी जानु कुतीको बाटो' भनेझैं लागिरहेको छ यात्रामार्गको हकमा भने । त्यसो त उत्तर दिशा लाग्नुपर्ने होइन तर जानु छ काठमाडौंबाट 'काशी' अर्थात् 'बनारस', बाटो चाहिँ जोगबनी हुँदै । काठमाडौंबाट सिधै बनारस पुग्ने बस सेवा थियो र सायद अझै चालु नै छ, नभए पनि वीरगन्ज वा भैरहवा पुगेर जाँदा सिधा र छोटो पर्छ, अनि अलि मन फुकाउँदा भुर्र उडेर जान सकिने छिनभरमै पुऱ्याउने, न थकान, न गर्मीको सकस, आनन्दको हवाई यात्राको सुविधा पनि छँदै छ । आखिर खर्च नलाग्ने त होइन क्यारे जताबाट गए पनि ?

तर, आयोजक, व्यवस्थापकको आदेश अनुरूप चल्नुपर्छ, निर्देशन पालन गर्नुपर्छ यस्ता यात्रामा । एकल निर्णयले काम गर्दैन यस्तोमा र संयोजकको आदेश पालन गर्न बाध्य हुनुपरेको छ । यसैले पुग्नुपरेको छ विराटनगर ।

ooo

यात्रा होस् वा कुनै काम, मन नलागे पनि गर्ने पर्ने भएपछि त्यसका सकारात्मक पक्ष केलाउनु आवश्यक हुन्छ । म अब तिनै पक्षलाई केलाउन थाल्छु ।

यसो गर्दा एउटा गज्जबकै फाइदा हुँदै छ दुर्लभ खालको । त्यो के भने केही घण्टाको यात्रामा एकसाथ विभिन्न किसिमका सवारी साधनको प्रयोग गर्ने अवसर मिल्छ । एउटा हो ट्याक्सी, अर्को बस, अर्को हवाइजहाज, अनि अर्को रिक्सा, त्यसपछि सबैभन्दा लामो रेल यात्रा त छँदै छ ।

कसरी ? भन्न सक्नुहुन्छ यहाँहरू । विदेश यात्रा, लगेज त हुने नै भयो, कहाँ लतार्दै उचाल्दै थचार्दै बसमा जानु ? घरबाट निस्केर विमानस्थलसम्म जान ट्याक्सी चाहियो, विमानसम्म पुग्न बस चाहियो, विमान त भई नै हाल्यो, ओर्लेर फेरि रिक्सा

चढ्नुपऱ्यो । सीमा पारि पुगेपछि रेल अर्थात् फलाम पाङ्ग्रे लौहपथगामिनी चढ्नुपर्ने त छँदै छ उता रेलबाट ओर्लेपछि पनि अर्को कुनै साधन प्रयोग गर्नै पर्छ आश्रयस्थल पुग्न ।

०००

समूहमा यात्रा गर्दा आफ्नो मात्र सुविधा खोज्नुहुँदैन, समूहको निर्णयअनुसार चल्नुपर्छ ।

सोहीअनुसार निर्धारित समयमै पुग्छौं विमानस्थल, मौसम खुलेको छैन, यसैले आशङ्का लिएर । तीन घण्टाको प्रतीक्षापछि चढ्न त चढिन्छ तर आधाघण्टा जहाजभित्रै बसेपछि मात्र भुइँ छाड्छ बुद्ध एयरको एटिआर विमानले तीन बजिसक्दा । पुग्छौं विराटनगर विमानस्थल झन्डै पौने चार बजे, समयमै उडान भएको भए सारा विराटनगर एक फन्को मारिसक्ने समयमा ।

तर केही पछुतो छैन, किनकि नघुमेको विराटनगर पनि होइन र गर्मीमा पिल्सिनु भन्दा शीतलमै ढिलाउनु वेस !

०००

साथीहरू जुट्दा बज्छ र लाग्छौं सीमा कटेर जोगबनी ।

यहाँबाट चढ्नु छ रेल । हाम्रा लागि दुर्लभ हो रेल यात्रा । मौका जुर्नुपर्छ । जुरेको मौकाले फेरि एकपटक रेल चढाउँदै छ । यहाँबाट राति ९ बजे गुड्छ रेल ।

रातभरको यात्रापछि पुग्छौं 'मुगलसराय जङ्सन' जुन अचेल 'पण्डित दीनदयाल उपाध्याय जङ्सन' भएको छ, बिहान ९ बजे अर्थात् बाह्र घण्टामा । यस स्टेसनको नाम १५६ वर्षपछि सन २०१८ मा फेरिएको अर्थात् यस स्टेसनले डेढसय बढी वर्षपछि नयाँ नाम पाएको हो । ब्रिटिस शासनकालमा सन् १८६२ मा त्यति वेलाको एक प्रमुख स्टेसनको रूपमा स्थापित भएको थियो ।

भारतमा रेल पूर्वाधारको विकासमा ब्रिटिस शासनको महत्त्वपूर्ण भूमिका रहेको कुराका हामी जानकार छँदै छौं । उनीहरूले 'एक दिन स्वतन्त्रता दिनुपर्छ, छाडेर जानु परिहाल्छ' भन्ने र डेरामा बसेजस्तो गर्ने काम गरेनन् । त्यसो गरेका भए कुरो बेग्लै हुन्थ्यो । अनेक पूर्वाधारहरू तयार गरिदिए, र समय क्रममा नागरिक चेतनामा भएको वृद्धिसँगै उठ्न थालेको स्वतन्त्रताको आवाज र विद्रोहपश्चात् 'इन्डिया' नामक एउटा देश जसलाई संविधानले 'भारत' को नाम दियो र सँगसँगै त्यसैबखत पाकिस्तान पनि जन्म्यो ।

ब्रिटिस शासकहरूले राखेका ठाउँका नामहरू जनजिब्रामा बसे, तर बिस्तारै नाम परिवर्तनको लहर प्रारम्भ भयो । अङ्ग्रेजका पालाको नाम किन राखिराख्ने आफ्नै नाम राख्नुपर्छ भन्दै अङ्ग्रेजी नामहरूलाई हिन्दी भाषाका नामले विस्थापित गर्न थालियो । हुँदाहुँदा पछिल्लो समय त उर्दु भाषाका वा मुस्लिम बुझिने ठाउँका नामहरू पनि हिन्दीमा राख्न थालियो । यसै क्रममा यस स्टेसनको नाम सोही स्थानमा देहत्याग गरेका भारतको पछिल्लो समय सत्तारूढ दलका एक नेताको नामबाट नामकरण गरिएको हो ।

हामीलाई कुनै इतिहासको खोजी गर्नु छैन, यत्ति बुझेकाले सङ्केत मात्र गरिएको हो ।

०००

रेलबाट उत्रेपछि मिसिन्छौं झन्डै डेढ अर्ब जनसङ्ख्या भएको देशको सर्वाधिक जनसङ्ख्या भएको राज्यको एक ऐतिहासिक सहरको भिडमा ।

यहाँका रेल्वे स्टेसन यसै पनि भिड हुन्छन्, कता हराइएला, कता छुटिएला, मिचिइने पो हो कि ? भन्ने त्रास भइरहन्छ । अझ यो बनारस नजिकको स्टेसन भिड नहुने कुरै भएन । जसोतसो भिड छिचोल्दै बाहिर निस्कन्छौं ।

अब साधन खोज्नु छ बनारसका लागि । यहाँ मोलमोलाई र घेराबन्दीमा पर्छौं । अलिबेर अलमलिन्छौं तिनैसँग अनि त्यसबाट उम्किएर अलि पर पुगी एउटा साधनमा पस्छौं दस जना अट्ने र बढ्छौं दक्षिण दिशातर्फ ।

ooo

सडक छेउका दृश्य छैनन् सुन्दर आहा लाग्ने, मन छुने । फोहर छ यत्रतत्र र उजाड, उदास, र छ दुर्गन्ध । यिनैलाई छिचोल्दै झन्डै आधा घण्टामा पुग्छौं बनारसको इङलिसिया लाइनस्थित एक होटलमा जहाँ हाम्रो अबको दुई दिने आश्रय छ ।

कार्यक्रमका सहभागीहरू जम्मा हुने क्रम जारी छ । अरू पनि छन् नेपालबाट आएका, विभिन्न समूहमा र हामी चाहिँ दस जनाको समूहमा पुगेका छौं यहाँ ।

झोला पोका थन्क्याइ नुहाइधुवाई गर्नु पहिलो काम हुन्छ हाम्रो । थकान छ, तर नयाँ ठाउँमा पुगेपछि यसै आराम गरेर बसिरहने कुरो हुँदैन । यसैले पहिले खाना खाने अनि घुमफिरको योजना बन्छ हाम्रो ।

अब खानाको खोजीमा लाग्छौं । गल्लीको सहरमा गल्ली चहार्दै जाँदा अलि पर भेटिन्छ एउटा ठिकैको ठाउँ । खाना खान्छौं र लाग्छौं घुमफिरमा ।

बनारस पुगेपछिको पहिलो यात्रा हुन्छ काशी हिन्दु विश्वविद्यालयको । यस विश्वविद्यालयमा पुग्ने चाहना मेरो थियो, अरूको पनि हुँदो हो, मुख खोल्नेमा म पर्छु । मैले 'त्यहाँ चाहिँ जानैपर्छ है' भनेको मात्र के थिएँ रसहयात्रीहरू राजी भए । त्यसपछि नै यहाँको यात्रा जुरेको थियो ।

ooo

अब चाहियो अटो । भारतमा ठगिने बानी परेका र ठगिन्छौं भन्ने मानसिकता बोकेका हामी अटोको खोजीमा लाग्छौं । भाडाका विषयमा मोलमोलाई हुन्छ राम्रै, झगडा नै जस्तो हुन्छ, अन्ततः एउटा अटोसँग वादविवाद हुँदै छलफलपछि कुरो मिल्छ र सोही अटोवालामार्फत अर्को अटो खोजी हाम्रो टोली अघि बढ्छ ।

झन्डै आधा घण्टाको अटोयात्रा पश्चात पुग्छौं हाम्रो रोजाइको गन्तव्य ।

ooo

विशाल क्षेत्रफलमा फैलिएको छ यो । छात्राबास छ, अनि विभिन्न विषयका विभागहरू छन् यसभित्र । आफ्नै विशिष्ट पहिचान अनि इतिहास बनाएको यस विश्वविद्यालय परिसरको भ्रमण गरिरहँदा बडो गर्वको अनुभूति हुन्छ । यस ऐतिहासिक विश्वविद्यालयबाट ज्ञान प्राप्त गरेका थुप्रै विद्वान्हरूले नेपालमा विभिन्न क्षेत्रमा योगदान

गरेका छन् । खासगरी भाषा साहित्यको क्षेत्रमा उनीहरूले पुऱ्याएको योगदान स्मरणीय छ । हामी यहाँका प्रायः सबैजसो विभागका भवनहरूको अवलोकन गर्छौं । यहाँ नेपाली विभाग पनि छ ।

यसै क्रममा हामी पुग्छौं 'जुलोजी विभाग'को सामु । यहाँ 'जन्तु विज्ञान विभाग' लेखिएको छ बाहिरको बोर्डमा । यसरी ठेट हिन्दी भाषाको प्रयोग भएको देखेर खुसी लाग्छ ।

कृत्रिमता वा आयातीत नभई आफ्नै शुद्ध भाषाको प्रयोग हुनु राम्रो पक्ष हो । यसले बलियो भाषाको पुष्टि हुन्छ । हिन्दी भाषाको एउटा विशिष्टता यस भाषामा अङ्ग्रेजीका सबैजसो शब्दको हिन्दी विकल्प पाइन्छ, अर्थात् भनौं अङ्ग्रेजी भाषाले बुझाउने कुरा हिन्दी भाषाबाटै बुझ्ने, बुझाउने र आवश्यक पर्दा हिन्दी भाषाकै प्रयोग गर्ने गरिएको पाइन्छ ।

यस सन्दर्भमा, भाषा पहिचान हो र यसलाई जीवन्त राख्नुपर्छ, जोगाउनुपर्छ, आफ्नो भाषालाई बलियो बनाउनुपर्छ, समृद्ध बनाउनुपर्छ भन्ने भारतीय भाषाविद्हरूको सोच गर्व र प्रशंसा गर्नलायक छ । यहाँनेर आफ्नो भाषामा कुनै कुरालाई अभिव्यक्त नगरी अर्काको भाषालाई जस्ताको तस्तै प्रयोग गर्ने हाम्रो प्रवृत्तिमाथि दया लागेर आउँछ । यो हाम्रो कमजोरी हो र हामीले यस विषयमा गम्भीर ढङ्गले सोच्नुपर्छ भन्ने महसुस हुन्छ ।

यस विश्वविद्यालय परिसर भित्रै घन्टौं बिताउन सकिन्छ तर छोटो समयमा धेरैतिर पुग्नुपर्ने हामीसँग त्यति लामो समय छैन । तसर्थ, अब हामी सन्ध्या आरतीसमेत अवलोकन गर्ने उद्देश्यका साथ लाग्छौ गङ्गा किनारतर्फ । ■■

-पोखराथोक, माडी, पाल्पा ।

२०८३ सालको बडादसैँ, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसरमा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

चन्द्रप्रसाद पौडेल
(प्रिन्सिपल)
गोकर्णेश्वर महादेव मा.वि.
गोकर्ण, काठमाडौं, फोनः ०१-४८०१११२

राजु श्रेष्ठ
(प्रिन्सिपल)
सरस्वती मा.वि.
बेसीगाउँ, फोनः ०१-४९१०५६१

बालकविता

विज्ञानको घोडा



✍ **बाबुराम न्यौपाने 'उत्स'**

एउटा सिङ्गो सहर बोकी रेलगाडी गुड्छ
आकाशमा हवाईजहाज चरासरि उड्छ ।

समुद्रमा पानीजहाज पौडी खेल्छ सुन
रकेटले उड्दैउड्दै ताक्छ तारा जून ।

इन्टरनेट मोबाइलमा संसार अटाउँछ
मानिसलाई ज्ञानगुनका कुरा रटाउँछ ।

मेहनतको रूखमै फल्छ प्रगतिको फल
आलस्यमा डुब्ने जति खस्छन् तलतल ।

पढिलेखी ज्ञान सिकी असल मान्छे बनौं
विज्ञानको घोडा चढी नयाँ मार्ग खनौं ।

आलस्यले उन्नतिको मार्ग रोक्छ साथी
विज्ञानको घोडा चढी उडौं माथिमाथि ।

गीत



✍ **एन. बी. दाहाल 'नवीन'**

कुनै दिन रमाएर
हिंडेका यादहरू ।
कुनै रात सर्माएर
गरेका ती बातहरू ॥

ती सबै हुन्
रमाइलो पलहरू ।
नआओस कहिले
नराम्रा ती छलहरू ॥

अझै नि बाँकी छन्
तिम्रा मेरा कुराहरू ।
हामी दुई अघि
नआउन कुनै भुराहरू ॥

आफ्नो आफ्नै हो
पराइको छैन नाम ।
हो नाम चलाउने
हुनु छैन बदनाम ॥

- कमल गाउँपालिका २, तोपगाछी, झापा ।

'कल्पतरु' द्वैमासिकमा आ.व. २०८३/८४ (२०८३ साउनदेखि २०८४ असारसम्म) भित्र छापिएका मध्येबाट एउटा उत्कृष्ट सिर्जनालाई पुरस्कृत गरिने व्यहोरा सूचित गर्दछौं ।

कल्पतरु परिवार

२०८३ सालको बडादसैँ, तिहार, नेपाल संवत् ११४७ र छठपर्वको अवसरमा स्वदेश एवं परदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सुमित्रा धिमाल
(प्रिन्सिपल)
शुभकामना स्कुल
गोकर्ण, काठमाडौँ, फोन:०१-४८००५४८

प्रेमलाल श्रेष्ठ
(प्रिन्सिपल)
उत्तरवाहिनी बोर्डिङ स्कुल
गोकर्ण, किसीगाल, फोन:०१-४८०१०२०

सुवर्णप्रकाश पुलामी
(प्रिन्सिपल)
अप्सिलोन नेसनल स्कुल
नयाँ बस्ती, फोन:०१-४९१३०४५

नेत्रप्रसाद दाहाल
(प्रिन्सिपल)
भेनस पब्लिक स्कुल
बेसीगाउँ, फोन:०१-४९१२८००

रमा पोखरेल
(प्रिन्सिपल)
जिनियस इङलिस मिडियम स्कुल
सुन्दरीजल, फोनः ०१-४८००१४७

अमृता सापकोटा
(प्रिन्सिपल)
पर्ल्स इङ्लिस एकेडेमी
जोरपाटी, नयाँ बस्ती, फोन:०१-४९१२५५३

महेन्द्र भट्टराई
(प्रिन्सिपल)
सेलिब्रेसन को-एड
गोठाटार, काठमाडौँ, फोन:०१-५१४६०७७

सुदर्शन थापा
(प्रिन्सिपल)
नवसुन्ताखान एकेडेमी
गोकर्णेश्वर-३, फोन:०१-४८००९५५

मणिराम वाग्ले
(प्रिन्सिपल)
मिनिल्याण्ड स्कुल
थली, काठमाडौँ, फोन:९८४००५०१९७

पुण्यप्रसाद खतिवडा
(प्रिन्सिपल)
स्वर्णशिक्षा स्कुल
गोकर्ण, फोनः ०१-४८००३०६

लेख

बिउ, चेतना र तृष्णाको अनन्त फेरो



✍ कन्चन पुडासैनी

हाम्रो संसारका मान्छेहरूको मगज बडा विचित्रको छ । पसलमा सामान किन्दा हरहिसाब दुरुस्त मिलाउने आँखाहरू, जिन्दगीको हिसाब-किताबमा भने सधैँ अँध्यारामै रुमल्लिरहन्छन् । पुनर्जन्म हुन्छ कि हुँदैन ?, म मरेपछि कहाँ जान्छु होला ? भनेर पण्डितका घर धाउने मान्छेहरूलाई तथागत भगवान् बुद्धले अढाई हजार वर्षअघि नै साह्रै सरल र व्यावहारिक सत्य बुझाइसक्नुभएको थियो तर मान्छेको बानी न हो, सिधा बाटो छोडेर बाङ्गो गल्ली छिर्ने रुचाउँछ !

तथागत भगवान् बुद्धको देशना (उपदेश) अनुसार पुनर्जन्म भनेको कुनै 'आत्मा'ले पुरानो चोला फेरेर नयाँ लुगा लगाएझैँ सर्लक्कै अर्को शरीरमा पस्ने नाटक होइन । तथागत भगवान् बुद्धले त स्पष्ट भन्नुभएको छ– आत्मा भन्ने कुनै स्थायी चिज नै छैन (अनात्म) अनि मान्छे सोध्छ, "जब आत्मा नै छैन भने फेरि जन्म कसको हुन्छ त ?" यहाँनिर मान्छेहरू अज्ञानताको बिउ समातेर अलमलिन्छन् ।

यसलाई सिधा र व्यावहारिक ढङ्गले बुझौँ । एउटा सल्किरहेको मैनबत्तीबाट अर्को नयाँ मैनबत्ती बाल्दा पहिलो मैनबत्तीको ज्वाला दोस्रोमा सर्छ । त्यहाँ पहिलो मैनबत्ती आफैँ उडेर दोस्रोमा गएको त होइन ! केवल ताप र प्रकाशको प्रवाह सरेको हो । ठ्याक्कै त्यसै गरी, मान्छेको यो जन्मको तृष्णा (चाहना), राग, द्वेष र कर्मको ऊर्जा नै अर्को जन्मको कारण बन्छ । जबसम्म मनभित्र तृष्णा र अज्ञानताको इन्धन बाँकी रहन्छ, तबसम्म चेतनाको यो ज्वाला एउटा शरीरबाट अर्को शरीरमा सल्किइरहन्छ । यही अनन्त फेरोलाई तथागत भगवान् बुद्धले 'भवचक्र' वा 'संसार' भन्नुभएको छ ।

तथागत भगवान् बुद्धले दिनुभएको बिउको प्रतीक पनि साह्रै घतलाग्दो छ । बिउभित्र रुख बन्ने सम्भावना छ, तर त्यो बिउ स्वतः रुख बन्दैन । बिउलाई माटो, पानी, घाम र हावाको अनुकूल अवस्था (कारण र प्रत्यय) चाहिन्छ । हाम्रो मनभित्र पनि बुद्धत्व (पूर्ण चेतना) को बिउ लुकेको छ तर हामी भने जीवनभरि इर्ष्या, घमन्ड, लोभ, मोह र 'मेरो-मेरो' भन्ने अहङ्कारको खाडलमा बिउलाई थुनेर राख्छौँ । बिउले आफ्नो पुरानो कडा खोल फुटाउन मानेन र माटोको अँध्यारो सहनै चाहेन भने त्यसभित्रको रुख कहिल्यै अङ्कुराउँदैन ।

हामी प्रायः आफ्नो दुःखी हुनाको दोष अरूलाई वा भाग्यलाई दिन्छौँ तर तथागत भगवान् बुद्धको 'प्रतीत्यसमुत्पाद' (कारण र कार्यको नियम) ले भन्छ, "बिना कारण केही पनि हुँदैन । आज तपाईंले जे भोगिरहनुभएको छ, त्यो हिजोका कर्महरूको फल हो, र आज जे गरिरहनुभएको छ, त्यसैले भोलिको भविष्य निर्माण गर्दै छ । त्यसैले अर्को

जन्मको चिन्ता गरेर आजको दिन खराब गर्नुभन्दा ठूलो अज्ञानता अरू केही छैन ।"

कतिपय मान्छेहरू 'ईश्वर वा गुरूले सबै पार लगाइदिनुहुन्छ' भन्दै हात बाँधेर बस्छन् तर तथागत भगवान् बुद्धले प्रस्ट शब्दमा भन्नुभएको छ, "अत्त ही अत्तनो नाथो" अर्थात् आफ्नो मालिक आफैँ हो । तथागत भगवान् बुद्ध त केवल मार्गदाता हुनुहुन्छ, बाटो देखाउने गुरु हुनुहुन्छ। यात्रा त आफैँले तय गर्नुपर्छ । नदी तर्नका लागि डुङ्गा तथागत भगवान् बुद्धले देखाइदिनुहोला, तर बन्चरो चलाएर नदी पार गर्ने काम स्वयम् आफ्नै हो ।

जब मान्छेले आफ्नो मनभित्रको तृष्णा, राग र अज्ञानताको इन्धनलाई 'विपश्यना' (आत्म-निरीक्षण) र ध्यानको आगाले जलाएर भस्म पार्छ, तब चेतनाको त्यो ज्वाला सल्किन छाड्छ । बिउ रूख बनेर फल दिइसकेपछि फेरि बिउ बनिरहनुपर्ने बाध्यता सकिएझैँ, तृष्णा समाप्त भएपछि जन्म र मृत्युको फेरो स्वतः रोकिन्छ । त्यसै अवस्थालाई तथागत भगवान् बुद्धले 'निर्वाण' वा मोक्ष भन्नुभएको छ ।

त्यसैले, 'भोलिको पुनर्जन्म' को काल्पनिक बहस छोडौँ । आजको यो क्षणमा आफूभित्र जाग्ने लोभ, रिस र अहङ्कारलाई हेर्न सुरु गरौँ । यदि यही जीवनमा सचेत भएर करुणा, प्रज्ञा र शान्तिको बाटो समात्न सकियो भने, अर्को जन्मको फारम भरिरहनै पर्दैन ।

बिउ भएर सुरक्षित दराजमा कुहिनुभन्दा, अहङ्कारको खोल फुटाएर बुद्धत्वको विशाल रूख बन्नु नै जीवनको वास्तविक र अन्तिम सत्य हो । ■■

लघुकथा

गर्भिणी धर्ती



✍ **युवराज मैनाली**

मेघाच्छादित आकाश रक्तरञ्जित हुँदै गइरहेको थियो ।

सामुद्रिक लहरमा विशाल नगरहरू विस्थापित हुने क्रम जारी थियो ।

खेलको मैदानमा कुनै निष्कपट शिशु लडीबुडी गर्दै अघ्घोर क्रीडा जारी गरिरहेको थियो ।

ग्रिनबिचसित जोडिएको बुद्धमागीहरूको स्तम्भ थियो त्यहाँ ।

देश देशावरबाट फर्किरहेका भिक्षुहरूको एउटै सामूहिक प्रश्न गर्जिरहेको थियो ।


'आमा ! धर्तीलाई के भइरहेको, छ हँऽऽ ?'

यौन क्रीडामा क्रियारत अम्बरचाहिँ मौन थियो ।

पिताम्बर मौन थियो । ■■

साहित्यिक गतिविधि, कृतिविमोचन तथा तनहुँ भ्रमणका झलक

















चाडपर्व मनाऔँ : सामाजिक सद्भाव कायम गरौँ

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔँ,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔँ,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौँ,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौँ,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौँ,
- मितव्ययी, सुरक्षित र सभ्य ढङ्गले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔँ ।

चाडपर्वको खुसी बाँडौँ, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔँ ।

नेपाल सरकार

विज्ञापन बोर्ड

साधारण आजीवन सदस्यहरू:

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौँ
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उद्धव देवकोटा, रुपन्देही
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, गोकर्णेश्वर
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौँ
ओम आचार्य, काठमाडौँ
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, काठमाडौँ
कुमारराज सुवेदी, काठमाडौँ
कृष्णप्रसाद नेपाल, गोकर्णेश्वर
केशव शर्मा, अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमल प्र. लामिछाने, काठमाडौँ
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बुढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौँ
गुप्तवहादुर श्रेष्ठ, काठमाडौँ
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौँ
चिरञ्जीवी दाहाल, चितवन
चेवन वस्नेत, जडिबुटी
जीवन कश्यप, विराटनगर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरि
दिलीप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बुढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिखाटार
धुर्व नारायण जोन्छे, भक्तपुर
ध्रुव नेपाल, बानेश्वर
नवप्रज्ञापन, बारा
नरराज आचार्य, काठमाडौँ
नवराज रिजाल, काठमाडौँ
नवराज रिमाल, काठमाडौँ
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निरप्रसाद दाहाल, मोरङ
निरु बिन्दु, दार्जिलिङ
निशा के.सी., काठमाडौँ
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौँ
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
पूर्ण श्रेष्ठ,
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौँ
प्रदीपरत्न शाक्य, बौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र इ. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौँ
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौँ
भगवान पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भेषराज बन्जाडे,
भोजराज रेग्मी, पेप्सीकोला
मणिराज सिंह
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौ
मीरा पुडासैनी, काठमाडौँ
मित्रलाल पंज्ञानी,कपन
मुरारि सिग्देल, गोकर्ण
मैना विष्ट, साँखु
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, बेलायत
राजु शर्मा, काठमाडौँ
डा. राजेन्द्र पौडेल, कपन
राजेशराज गड्तौला, काँडाघारी-काठ.
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौँ
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौँ
रामेश्वर श्रेष्ठ, साँखु
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, वझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, बेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
वासु पोखरेल,उदयपुर
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोर्क
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विश्व कुइकेल, डाँछी
विष्णु प्र.श.पराजुली, बु.न.पा-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शंशेर व. न्हुछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार शाह, काठमाडौँ
श्रीराम अर्याल, बानेश्वर
सीताराम नेपाल, कलंकी
सीता शर्मा, पर्वत
सीता शर्मा पन्धी, वीरगन्ज
हरिप्रसाद घिमिरे, काठमाडौँ
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौँ
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

दिवंगत आ.सदस्य

राजदाश श्रेष्ठ, साँखु
अर्जुन विलास पन्त, भक्तपुर
झषनाथ दाहाल, मोरङ
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल

महाकवि देवकोटा–कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

सि.नं.	नाम	सहयोग रु.
१)	वसन्त रिजाल	११८८५०.
२)	ईश्वरीप्रसाद तिवारी	१०००००
३)	दिपक भण्डारी	५०१००.
४)	कृष्ण अधिकारी	५००००.
५)	विमल अर्याल	५००००.
६)	शिवहरि पोखरेल	२५०००.
७)	नवराज पुडासैनी	२५०००.
८)	धिरकुमार श्रेष्ठ	१९९४०.
९)	विष्णुवहादुर सिंह	१८३६४.
१०)	मिना रिजाल	१५०००.
११)	अच्युतराम चालिसे	१५०००.
१२)	रामप्रसाद ज्ञवाली	१२५००.
१३)	उषा ज्ञवाली	१२५००.
१४)	कोमल लामिछाने	१२१५४.
१५)	शिवानी घिमिरे	१२१५४.
१६)	ईश्वरीप्रसाद लामिछाने	१२१५३.
१७)	वाजुराम पौडेल	११८२०.
१८)	तेमिका तिमिल्सिना	११११११.
१९)	राजन पुडासैनी	११११११.
२०)	बालमुकन्द कार्की	१०९९९.
२१)	राम वहादुर पहाडी	१०५००.
२२)	चन्द्रमणि अधिकारी	१०१४४.
२३)	आलोक चालिसे	१००००.
२४)	गोपालप्रसाद बराल	१००००.
२५)	गंगा कर्माचार्य	१००००.
२६)	गोविन्द घिमिरे	१००००.
२७)	दुर्गा घिमिरे	१००००.
२८)	पवन आलोक	१००००.
२९)	मेनका पोखरेल	१००००.

सि.नं.	नाम	सहयोग रु.
३०)	युवराज मैनाली	१००००.
३१)	राधाकृष्ण रिजाल	१००००.
३२)	रत्न वज्र लामा	१००००.
३३)	कृष्णप्रसाद चापागाईं	१००००.
३४)	मधुप्रसाद पुडासैनी	१००००.
३५)	देविप्रसाद घिमिरे	१००००.
३६)	महेन्द्र चालिसे	१००००.
३७)	प्रमोद प्याकुरेल	१००००.
३८)	रमेशप्रसाद खनाल	१००००.
३९)	ईश्वरप्रसाद सापकोटा	१००००.
४०)	कृष्ण सुवेदी	७३१५.
४१)	पाठशाला नेपाल	६०००.
४२)	रामचन्द्र खतिवडा	५५००.
४३)	विवेक शर्मा गौतम	५०५५.
४४)	अच्यूत घिमिरे	५०००.
४५)	नगेन्द्र भट्टराई	५०००.
४६)	निमा दोर्जे तामाङ्ग	५०००.
४७)	सीता भट्टराई	५०००.
४८)	पुरुषोत्तम उपाध्याय	५०००.
४९)	ठाकुर शर्मा	५०००.
५०)	देविप्रसाद चापागाईं	५०००.
५१)	अर्जुन नेपाल	५०००.
५२)	राजेन्द्र पौडेल	५०००.
५३)	मनिता घिमिरे	४११२.
५४)	शंकर खड्का	३०००.
५५)	रामकुमार पण्डित	३०००.
५६)	अन्य नाम खुलाउन अनिच्छुक	१८२३०८.
	जम्मा	१०४५६९०.